# संविधानसभा
## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति



# प्रतिवेदन
## २०७२


**संविधान सभा**

**संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति सचिवालय**

फोन नं : ४२००३४४, ४२००१३४ फ्याक्स : ४२०००५३,

URL : http//www.can.gov.np, E-mail: sac2070@gmail.com,

Facebook:- http://facebook.com/ccpd.committee.ca

## संविधानसभा
## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

**सभापति**

मा० डा० बाबुराम भट्टराई

| क्र.सं. | नाम, थर | क्र.सं. | नाम, थर |
|---|---|---|---|
| १ | मा० श्री अर्जुननरसिं के.सी. | ३६ | मा० श्री बालकृष्ण खाँण |
| २ | मा० श्री अतहर कमाल मुसलमान | ३७ | मा० श्री बिश्वेन्द्र पासवान |
| ३ | मा० डा० अमरेशकुमार सिंह | ३८ | मा० श्री भीष्मराज आङदेम्बे |
| ४ | मा० श्री अशोककुमार राई | ३९ | मा० श्री महिन्द्रराय यादव |
| ५ | मा० श्री आनन्दप्रसाद ढुँगाना | ४० | मा० श्री महिन लिम्बु |
| ६ | मा० श्री उपेन्द्र यादव | ४१ | मा० श्री महेश आचार्य |
| ७ | मा० श्री एकनाथ ढकाल | ४२ | मा० श्री माधव कुमार नेपाल |
| ८ | मा० श्री कमल थापा | ४३ | मा० श्री मेघराज नेपाली (निषाद) |
| ९ | मा० श्री कुमार खड्का | ४४ | मा० श्री मोहन वहादुर वस्नेत |
| १० | मा० श्री के.पी. शर्मा ओली | ४५ | मा० श्री मोहनसिह राठौर |
| ११ | मा० श्री केशव प्रसाद बडाल | ४६ | मा० श्री मंजुकुमारी चौधरी |
| १२ | मा० श्री कृष्णबहादुर महरा | ४७ | मा० श्री योगेन्द्र तामाङ घिसिङ |
| १३ | मा० श्री गणेशमान गुरुङ्ग | ४८ | मा० श्री रामकुमार राई |
| १४ | मा० श्री गोकर्णराज विष्ट | ४९ | मा० श्री रामचन्द्र पौडेल |
| १५ | मा० श्री गोकुल प्रसाद घर्ती | ५० | मा० श्री रुकमिणी चौधरी |
| १६ | मा० श्री गोपाल दहित | ५१ | मा० श्री रेखा शर्मा |
| १७ | मा० श्री चन्देश्वर झा | ५२ | मा० श्री लक्ष्मण राजवंशी |
| १८ | मा० श्री चन्द्रकान्त भण्डारी | ५३ | मा० श्री लक्ष्मणलाल कर्ण |
| १९ | मा० श्री चन्द्रप्रकाश (सीपी) मैनाली | ५४ | मा० श्री लोकमणी ढकाल |
| २० | मा० श्री चित्र बहादुर के.सी. | ५५ | मा० श्री विजय कुमार गच्छदार |
| २१ | मा० श्री चित्रलेखा यादब | ५६ | मा० श्री विद्यादेवी भण्डारी |
| २२ | मा० श्री जयदेव जोशी | ५७ | मा० श्री विमलेन्द्र निधि |
| २३ | मा० श्री जीतबहादुर (दर्जी) गौतम | ५८ | मा० श्री शक्ति बहादुर बस्नेत |
| २४ | मा० श्री झलनाथ खनाल | ५९ | मा० श्री शशांक कोइराला |
| २५ | मा० डा० डिम्पल कुमारी झा | ६० | मा० श्री शत्रुधन महतो |
| २६ | मा० श्री दिपक बोहरा | ६१ | मा० श्री शिवकुमार मण्डल केवट |
| २७ | मा० श्री दिलनाथ गिरी | ६२ | मा० श्री शिवलाल थापा |
| २८ | मा० श्री धर्मनाथ प्रसाद साह | ६३ | मा० श्री सुशील कोइराला |
| २९ | मा० श्री नारायण मान बिजुक्छे | ६४ | मा० श्री शेरबहादुर देउबा |
| ३० | मा० श्री निर्जला राउत | ६५ | मा० श्री सरिताकुमारी यादव |
| ३१ | मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड) | ६६ | मा० श्री सर्वेन्द्रनाथ शुक्ला |
| ३२ | मा० श्री पूर्ण बहादुर खड्का | ६७ | मा० श्री सुजाता कोइराला |
| ३३ | मा० श्री प्रकाशमान सिंह | ६८ | मा० श्री सुरेन्द्रप्रसाद पाण्डे |
| ३४ | मा० श्री प्रेमबहादुर सिंह | ६९ | मा० श्री हरिचरण शाह |
| ३५ | मा० श्री बामदेव गौतम | ७० | मा० श्री ज्ञानेन्द्र बहादुर कार्की |

**सचिव**

श्री मुकुन्द शर्मा

समिति गठन मिति : २०७०।१२।१४ समिति हेरफेर मिति : २०७१।२।१३, २०७१।५।२६, २०७२।२।२६

**नियम ७१ (२) बमोजिम समितिका बैठकमा उपस्थित माननीय सदस्यहरु**

| | |
|---|---|
| १. मा० श्री कृष्णप्रसाद सिटौला | २. मा० श्री रामनारायण विडारी |
| ३. मा० श्री अग्निप्रसाद खरेल | ४. मा० श्री रामजनम चौधरी |
| ५. मा० श्री नरहरि आचार्य | ६. मा० श्री रमेश लेखक |
| ७. मा० श्री श्याम श्रेष्ठ | ८. मा० श्री प्रेम सुवाल |
| ९. मा० श्री यशोदा कुमारी लामा | १०. मा० श्री योगेन्द्र चौधरी |
| ११. मा० श्री गंगा चौधरी (सत्गौवा) | १२. मा० श्री प्रमिला राणा |
| १३. मा० श्री सीमाकुमारी वि.के. | १४. मा० श्री रामेश्वर फुयाल |
| १५. मा० श्री बृजेशकुमार गुप्ता | १६. मा० श्री धर्मेन्द्र साह तेली |
| १७. मा० श्री गगनकुमार थापा | १८. मा० श्री चिनकाजी श्रेष्ठ |
| १९. मा० श्री संजयकुमार गौतम | २०. मा० श्री गिरीराज मणि पोखरेल |
| २१. मा० डा० राजन भट्टराई | २२. मा० श्री रविन्द्र अधिकारी |

# संविधानसभा
# संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

### सभापति
### मा० डा० बाबुराम भट्टराई

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | महासचिव, संविधानसभा | श्री मनोहरप्रसाद भट्टराई |

### समिति सचिवालय

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | सचिव | श्री मुकुन्द शर्मा |
| २. | सहसचिव (कानून) | श्री टेकप्रसाद ढुंगाना |
| ३. | उपसचिव | श्री केशवप्रसाद आचार्य |
| ४. | उपसचिव (कानून) | श्री मानबहादुर अर्याल |
| ५. | उपसचिव (कानून) | श्री अवनी मैनाली भट्टराई |
| ६. | शाखा अधिकृत | श्री लक्ष्मण अर्याल |
| ७. | क.अ. | श्री सुशीलकुमार खड्का |
| ८. | ना.सु. | श्री सृजना तण्डुकार |
| ९. | का.स. | श्री राजबहादुर बस्नेत |
| १०. | का.स. | श्री नारायण कार्की |
| ११. | का.स. | श्री सविता चौलागाई |
| १२. | सवारी चालक | श्री कुमार खवास |

### मुद्रणतर्फ

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | मुद्रण अधिकृत | श्री जगदिश्वरलाल श्रेष्ठ |
| २. | सिनियर प्रेस टेक्निसीयन | श्री गम्भिरमान सिंह |
| ३. | सिनियर प्रेस टेक्निसीयन | श्री राजेन्द्रप्रसाद लामिछाने |
| ४. | सिनियर प्रेस टेक्निसीयन | श्री प्रेमबहादुर चन्द |
| ५. | सिनियर प्रेस टेक्निसीयन | श्री रोवन प्रजापति |
| ६. | प्रेस टेक्निसीयन | श्री कृष्णकला पौडेल |
| ७. | प्रेस टेक्निसीयन | श्री माधव पौडेल |
| ८. | कार्यालय सहयोगी | श्री मदन गिरी |

### फोटोकपीतर्फ

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | मुद्रण अधिकृत | श्री बाबुराजा महर्जन |
| २. | मुद्रण अधिकृत | श्री सागर कुमार तुलाधर |
| ३. | सिनियर प्रेस टेक्निसीयन | श्री हरिश्चन्द्र भण्डारी |

## मन्तव्य

आफ्नो संविधान आफैले निर्वाचित गरेका जनप्रतिनिधिहरु मार्फत बनाउने वर्षौं अघि देखिको सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न आम नेपाली जनताको उत्कट चाहना र अभिलाषाले चाँडै नै मूर्त रुप पाउनेछ भन्ने कुरामा विश्वस्त हुँदै एक युगमा एक पटक आउने यस्तो ऐतिहासिक क्षणको महसुस गर्न हामी सबै प्रतीक्षारत रहेको कुरा यस सार्वभौम सभामा स्मरण गराउन चाहन्छु । नेपालको इतिहासमा भएको सशस्त्र तथा शान्तिपूर्ण संघर्ष, बाह्र बुँदे समझदारी, जनआन्दोलनको प्रतिफलस्वरुप प्राप्त उपलब्धी र विस्तृत शान्ति सम्झौताको भावना र मर्म अनुरुप संविधानसभाले निर्माण गरेको संविधान राष्ट्रिय सहमतिको साझा दस्तावेज तथा नेपाली समाज रुपान्तरणको आधारशीला एवं दीगो शान्ति, विकास र आर्थिक समृद्धिको संवाहक बनी चीरकालपर्यन्त रहोस् भन्ने हामी सबैको धारणा रहेको छ ।

नेपाली जनताले विभिन्न आन्दोलनहरुबाट प्राप्त गरेका उपलब्धिहरुलाई संस्थागत गरी समाज परिवर्तन र राष्ट्र निर्माणको अग्रगामी कार्यदिशामा अघि बढ्न राजनीतिक दलहरुबीच पटक पटक घनीभूत रुपमा गरिएका औपचारिक तथा अनौपचारिक वार्ता एवं छलफल पश्चात् दलहरु सोह्र बुँदे सहमतिमार्फत संविधान निर्माणको कार्यलाई निष्कर्षमा पुऱ्याउन सहमत भएको कुरालाई म यहाँ उद्धृत गर्न चाहन्छु । जसरी केही समय अघि आएको महाभूकम्पले निम्त्याएको विनाशको सामनार्थ हामी सम्पूर्ण राजनीतिक दलहरु एकताबद्ध भई पुनर्निर्माणका निम्ति एकै ठाउँमा आइपुगेका छौं, त्यसरी नै दलहरुबीचको यो एकता र सहकार्यलाई थप मजबुत बनाई नयाँ नेपाल निर्माणको महान् कार्यदिशामा अगाडि बढ्न सबैले आ-आफ्नो तह र तप्काबाट अग्रसरता लिऊँ भन्ने मेरो धारणा रहेको छ ।

संविधानसभा नियमावली, २०७० को नियम ६५ मा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिलाई राजनीतिक दलहरुबीच मतभिन्नता रहेका संविधानका अन्तरवस्तुहरुमा सहमति कायम गरी सो सम्वन्धी प्रतिवेदन सभामा पेश गर्ने, छलफलको क्रममा देखिएका नयाँ विषयको प्रस्ताव सभामा पेश गर्ने, संविधानसभा भित्र रहेका राजनीतिक दल, सदस्य र बाहिर रहेका बिभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग वार्ता गरी संविधान निर्माणको कार्यमा सबैको सहयोग जुटाउने, नेपाल सरकारले विभिन्न समयमा विभिन्न पक्षहरुसँग वार्ता गरी सम्झौता गरेका संविधान निर्माणसँग सम्वन्धित विषयहरु अध्ययन गर्ने, सरोकारवालाहरुसँग आवश्यकता अनुसार गोष्ठी, सभा, सम्मेलन र वार्ता गर्ने, संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समितिले सभामा पेश गरेको सभावाट छलफल गरी टुंगो लगाउने भनी निर्देशन प्राप्त भएका विषयमा निर्धारित समयभित्र सहमतिका आधारमा टुंगो लगाउने, टुंगो लाग्न नसकी बाँकी रहेका विषयमा पुनः निर्णयार्थ संविधानसभामा प्रतिवेदन पेश गर्ने, संविधानका अन्तरवस्तुमा दलहरुबीच मत भिन्नता रहेका विषयमा सहमति कायम हुन नसकेमा त्यस्ता विषयहरुको सूची तयार गरी संविधानसभामा पेश गर्ने लगायतका जिम्मेवारी र उत्तरदायित्व निर्धारण गरिएको छ । समितिलाई प्राप्त उक्त जिम्मेवारी र उत्तरदायित्व निर्वाह गर्ने क्रममा समितिका हालसम्म ६६ वटा बैठक सम्पन्न भएका छन् । यसबाहेक विभिन्न दलका नेताहरुसँग विभिन्न समयमा भएका अनौपचारिक छलफलका अतिरिक्त विभिन्न विषयका उपसमितिहरु गठन गरी तिनीहरुमार्फत विभिन्न कार्य सम्पादन भएका छन् ।

समितिमा यस अघि टुंगो नलागेका संविधानका मुख्य अर्न्तवस्तुहरु **राज्यको पुर्नसंरचना र राज्य शक्तिको बांडफांड, राज्यको शासकीय स्वरुप, न्याय प्रणाली, निर्वाचन प्रणाली** तथा टुंगो लाग्न बाँकी रहेका तत्कालीन व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समिति, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, संवैधानिक समिति र संवैधानिक निकायको संरचना निर्धारण समितिका प्रतिवेदनमा उल्लिखित केही प्रावधानहरु सहित समितिको बैठकमा छलफलबाट पहिचान गरिएका नयाँ विषय समेतमा बैठकमा छलफल गरी विवादित विषयहरुलाई टुंगोमा पुऱ्याउन समिति सफल भएको छ । यसबाट आफ्नो भविष्यका बारेमा निर्णय लिन नेपाली जनता आफै सक्षम भएको मात्र हैन कि राष्ट्रलाई खाँचो परेको बेला सबै नेपालीहरु

एकजुट भई दृढ संकल्पका साथ समस्याको समाधान गर्छन् भन्ने कुरालाई विश्वसामु चरितार्थ समेत गरिदिएको छ ।

समितिको कार्य सम्पादनको क्रममा समितिका माननीय सदस्यहरुको सक्रियता सहित मलाई प्राप्त सहयोगको म उच्च प्रशंसा गर्दछु । यसक्रममा संविधानसभाका सम्माननीय अध्यक्षबाट प्राप्त राय सुझावका लागि आभार प्रकट गर्दछु । यसरी नै संविधान निर्माणको क्रममा मलाई र समितिलाई सल्लाह सुझाव दिने संविधानसभा बाहिर रहेका दल, सरोकारवाला समूह, व्यक्ति, विज्ञ सहित सञ्चारकर्मी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा, समितिको कार्य सम्पादनमा आवश्यकतानुसार नियमानुसारको राय सुझाव दिने, अभिलेख उपलब्ध गराउने, प्रतिवेदन तयार गर्ने लगायत समिति सम्बद्ध कार्यमा अथक र कुशल मेहनतका साथ संलग्न रही कार्य सम्पादन गर्ने समिति सचिव लगायत समिति सचिवालय र सचिवालयका सम्बद्ध सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**

(डा० बाबुराम भट्टराई)
**सभापति**

*२८ जेठ २०७२*

## संविधानसभा

## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिलाई संविधानसभा नियमावली, २०७० को प्रावधान अनुरुपको उत्तरदायित्व र जिम्मेवारी वहन गर्ने सिलसिलामा संविधानका विवादित अर्न्तवस्तु र छलफलमा उठेका नयाँ विषयबस्तु समेतमा छलफल गरी असहमतिका विषयहरुमा पुनः सहमति गर्नु पर्ने प्रावधान रहेको छ । यसै अनुरुप संविधानसभा नियमावली, २०७० को नियम ६५ (११) र ८४ (३) बमोजिम सहमति भई नसकिएको भनी प्राप्त हुन आएको विषयहरु माथि पुनः छलफल गरी सहमति सहितको प्रतिवेदन पेश गर्न संविधानसभाको मिति २०७२ जेठ २६ गतेको बसेको बैठकबाट सर्वसम्मतीले पारित प्रस्ताव सहितको निर्देशन समितिलाई प्राप्त भएको थियो ।

संविधानसभाको उक्त निर्देशन अनुरुप मिति २०७२ जेठ २७ गते बसेको समितिको बैठकबाट संविधानका अर्न्तवस्तुमा रहेका असहमतिका विषयहरुमा सहमति कायम गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न मा० श्री पूर्णबहादुर खड्काको संयोजकत्वमा मा० श्री गोकर्णराज विष्ट, मा० श्री कृष्ण बहादुर महरा, मा० श्री दिलनाथ गिरी, मा० श्री गोपाल दहित र मा० श्री प्रेमबहादुर सिंह सदस्य रहनु भएको उपसमितिबाट निर्धारित कार्य सम्पन्न गरी २०७२ जेठ २८ गते समितिमा प्रस्तुत प्रतिवेदनमा भएको छलफल अनुरुप उक्त प्रतिवेदनमा देहाय बमोजिम गर्ने गरी बैठकले टुङ्गो लगाएकोले सोही व्यहोरा सहितको सहमतिको प्रतिवेदन संविधानसभामा निर्णयानुसार पेश गरिएको छ ।

### १. व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समिति :-

| क्र.सं. | विषयवस्तु | असहमतिका विषय | टुङ्गो लागेको विषय | कै. |
|---|---|---|---|---|
| १. | **३. प्रतिनिधिसभाको गठनः** | (१) प्रतिनिधि सभामा दुइसय पैत्तिस सदस्य (२३५) रहनेछन् । जसमध्ये प्रत्यक्ष निर्वाचनबाट ११८ (एकसय अठार) जना र समानुपातिक निर्वाचनबाट ११७ (एकसय सत्र) जना सदस्यको पूर्ति हुनेछ । प्रतिनिधि सभाको निर्वाचन बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा गरिनेछ ।<br>(२) प्रतिनिधि सभाका सदस्यहरुको निर्वाचनको लागि एकसय अठार (११८) निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाको दरले निर्वाचित हुनेछन् ।<br>(३) प्रतिनिधि सभाको समानुपातिक निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, खस आर्य, मधेसी, थारु, दलित, आदिवासी, जनजाति, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट प्रादेशिक बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानूनद्वारा निर्धारण गरिनेछ ।<br>**<u>स्पष्टीकरण</u> : "खस आर्य" भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी (दशनामी) लगायत अन्य समुदायलाई सम्झनु पर्दछ ।**<br>(४) उपधारा (२) र (३) बमोजिम निर्वाचित हुने प्रतिनिधि सभाका जम्मा सदस्य संख्याको कम्तिमा पनि एक तिहाई सदस्यहरुको प्रतिनिधित्व महिलाबाट हुने.........गरी कानूनद्वारा व्यवस्था गरिने छ । | (१) संघीय संसद प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक हुनेछ ।<br>(२) प्रतिनिधिसभाको निर्वाचन मिश्रित निर्वाचन प्रणालीबाट गरिनेछ । प्रतिनिधिसभामा कूल दुई सय पचहत्तर सदस्य रहनेछन् । भूगोल र जनसंख्याको आधारमा कूल एक सय पैसठ्ठी संसदीय निर्वाचन क्षेत्र हुनेछन् । यी निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत बहुमत प्राप्त गर्ने एक सय पैसठ्ठी जना प्रतिनिधिसभा सदस्य निर्वाचित हुनेछन् । एक सय दश जना सदस्य समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचित हुनेछन् ।<br>(३) प्रतिनिधि सभाको समानुपातिक निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्या, भौगोलिक र प्रादेशिक सन्तुलनको आधारमा महिला, खस आर्य, मधेसी, थारु, दलित, आदिवासी, जनजाति, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानूनद्वारा निर्धारण गरिनेछ ।<br>**<u>स्पष्टीकरण</u> : "खस आर्य" भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी (दशनामी) लगायतका समुदायलाई सम्झनु पर्दछ ।**<br>(४) उपधारा (२) र (३) बमोजिम हुने निर्वाचितमा प्रतिनिधि सभाका जम्मा सदस्य संख्याको कम्तिमा पनि एक तिहाई उम्मेदवार महिलाबाट हुने गरी कानूनद्वारा व्यवस्था गरिने छ । | |
| २. | **४. राष्ट्रिय सभाको गठन र** | *(१) राष्ट्रिय सभामा देहाय बमोजिमका ...* | (१) राष्ट्रिय सभाको सदस्य संख्या कूल पैतालीस कायम हुनेछ । यस मध्ये प्रत्येक प्रदेशबाट | |

| सि.नं. | विषयवस्तु | असहमतिका विषय | टुङ्गो लागेको विषय | कै. |
|---|---|---|---|---|
| | सदस्यहरुको पदावधिः | ... *सदस्यहरु रहनेछन् ।*<br>*(क) प्रत्येक प्रदेशबाट (बराबरी संख्यामा) कानूनमा व्यवस्था भए अनुसार निर्वाचित हुने ........ सदस्यहरु,*<br>***(राज्य पुर्नसंरचनामा एकिकृत रुपमा छलफल गरी टुङ्गो लगाउने)*** | समान संख्याका आधारमा चालीस सदस्य निर्वाचन हुनेछन् र बाँकी पाँच सदस्य संघीय मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मनोनयन हुनेछन् ।<br>(२) उपधारा (१) बमोजिम हुने राष्ट्रिय सभाको निर्वाचन समावेशी सिद्धान्तलाई ध्यानदिई राष्ट्रिय सभाको कुल सदस्य संख्याको कम्तिमा एकतिहाई उम्मेदवार महिलाबाट हुने गरी कानूनद्धारा व्यवस्था गरिनेछ ।<br>(३) प्रत्येक प्रदेशबाट निर्वाचित हुने राष्ट्रिय सभाको सदस्यको लागि सम्बन्धित प्रदेश सभाका सदस्यहरु र स्थानीय निकायका प्रमुखहरु रहेको निर्वाचक मण्डलबाट एकल संक्रमणीय मत विधिबाट निर्वाचित हुनेछन् । प्रदेश सभाका सदस्यहरु र स्थानीय निकायका प्रमुखहरुको मतको भार फरक हुने गरी निर्वाचनको प्रकृया कानूनद्धारा निर्धारण भए बमोजिम हुनेछ । | |
| ३. | **विश्वासको मत :** | (१) प्रधानमन्त्रीले कुनै पनि बखत आफूमाथि व्यवस्थापिका-संसदको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतको लागि व्यवस्थापिका-संसद समक्ष प्रस्ताव राख्न सक्नेछ ।<br>(२) उपधारा (१) बमोजिमको प्रस्तावको निर्णय व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सदस्य संख्याको बहुमतबाट हुनेछ ।<br>(३) व्यवस्थापिका-संसदका सम्पूर्ण सदस्य संख्याको कम्तीमा एक चौथाई सदस्यले प्रधानमन्त्री उपर व्यवस्थापिका-संसदको विश्वास छैन भनी राखेको अविश्वासको प्रस्ताव सदनको कूल सदस्य संख्याको वहुमतले पारित भएमा प्रधानमन्त्री पदमुक्त भएको मानिनेछ ।<br>(४) यस्तो अविश्वासको प्रस्ताव प्रधानमन्त्री नियुक्त भएपछि पहिलो एकवर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको अर्को एकवर्षभित्र राख्न पाईने छैन ।<br>(५) उपधारा (३) बमोजिम राखिएको अविश्वासको प्रस्ताव पारित भएमा गठन हुने मन्त्रिपरिषद्को अध्यक्षता गर्ने प्रधानमन्त्रीको नाम समेत प्रस्तावित हुनु पर्नेछ । | कार्यपालिका सम्वन्धी भागमा सम्वोधन गरिएको । | |
| ४. | **४४. प्रदेश सभाको गठन :** | (१) प्रदेश सभामा ............ सदस्य रहनेछन् । जसमध्ये प्रत्यक्ष निर्वाचनबाट ............. जना र समानुपातिक निर्वाचनबाट ........ जना सदस्यको पूर्ति हुनेछ । प्रदेश सभाको निर्वाचन वालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा गरिनेछ । ***(राज्य पुर्नसंरचनामा एकिकृत रुपमा छलफल गरी टुङ्गो लगाउने)***<br>(२) प्रदेश सभामा प्रत्यक्ष तथा | (१) प्रदेश सभामा न्यूनतम एक्काईस देखि अधिकतम पैतालीस सदस्य सम्म रहनेछन् । संघीय आयोगको सिफारिसमा प्रदेशको सिमाङ्कन निर्धारण भएपछि जनसंख्या र भूगोलको आधारमा प्रत्येक प्रदेशसभामा रहने सदस्य संख्या कानूनद्धारा निर्धारण गरिनेछ ।<br>(२) प्रदेश सभाको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार वालिग | |

| सि.नं | विषयवस्तु | असहमतिका विषय | टुङ्गो लागेको विषय | कै. |
|---|---|---|---|---|
| | | समानुपातिक निर्वाचनवाट निर्वाचित हुने जम्मा सदस्य संख्याको कम्तिमा पनि एक तिहाई सदस्यहरुको प्रतिनिधित्व महिलाबाट हुने अवस्था नभएमा समानुपातिक निर्वाचन अन्तर्गतको व्यवस्थाबाट हुनेगरी कानूनद्वारा व्यवस्था गरिने छ । प्रदेश सभाका सदस्यहरुको निर्वाचन क्षेत्र तथा संख्या निर्धारणका आधारहरु कानूनद्वारा व्यवस्था गरिनेछ ।<br>(३) प्रदेश सभाको समानुपातिक निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, खस आर्य, मधेसी, थारु, दलित, आदिवासी, जनजाति, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट प्रादेशिक बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानूनद्वारा निर्धारण गरिनेछ ।<br>**<u>स्पष्टीकरण</u> : "खस आर्य" भन्नाले क्षत्री, ब्राम्हण, ठकुरी, सन्यासी (दशनामी) लगायत अन्य समुदायलाई सम्झनु पर्दछ ।**<br>(४) यस संविधान बमोजिम **(अगावै विघटन भएमा बाहेक)** प्रदेश सभाको कार्यकाल पाँच वर्ष हुनेछ । तर देशमा संकटकालीन स्थितिको घोषणा लागू भएको अवस्थामा एक वर्षमा नबढने गरी ऐनद्वारा प्रदेश सभाको कार्यकाल बढाउन सकिने छ । तर यसरी थप गरिएको प्रदेश सभाको कार्यकाल संकटकालीन स्थितिको घोषणा खारेज भएको मितिले छ महिना पुगेपछि स्वतः समाप्त हुनेछ । | मताधिकारको आधारमा गोप्य मतदानद्वारा गरिनेछ । निर्वाचनको अन्य प्रकृया कानूनद्वारा निर्धारण हुनेछ ।<br>(३) यस संविधान बमोजिम (अगावै विघटन भएमा बाहेक) प्रदेश सभाको कार्यकाल पाँच वर्ष हुनेछ । तर संकटकालीन स्थितिको घोषणा लागू भएको अवस्थामा एक वर्षमा नबढने गरी ऐनद्वारा प्रदेश सभाको कार्यकाल बढाउन सकिने छ । तर यसरी थप गरिएको प्रदेश सभाको कार्यकाल संकटकालीन स्थितिको घोषणा खारेज भएको मितिले छ महिना पुगेपछि स्वतः समाप्त हुनेछ । | |
| ५. | **५६. विश्वासको मत** | (१) मुख्य मन्त्रीले कुनै पनि बखत आफूमाथि प्रदेशसभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतको लागि प्रदेशसभा समक्ष प्रस्ताव राख्न सक्नेछ ।<br>(२) उपधारा (१) बमोजिमको प्रस्तावको निर्णय प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संख्याको बहुमतबाट हुनेछ ।<br>(३) प्रदेश सभाका सम्पूर्ण सदस्य संख्याको कम्तीमा एक चौथाई सदस्यले मुख्य मन्त्री उपर प्रदेश सभाको विश्वास छैन भनी राखेको अविश्वासको प्रस्ताव सदनको कूल सदस्य संख्याको वहुमतले पारित भएमा मुख्य मन्त्री पदमुक्त भएको मानिनेछ ।<br>(४) यस्तो अविश्वासको प्रस्ताव मुख्य मन्त्री नियुक्त भएपछि पहिलो एकवर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको अर्को एकवर्षभित्र राख्न पाईने छैन । | (१) मुख्य मन्त्रीले कुनै पनि बखत आफूमाथि प्रदेशसभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतको लागि प्रदेशसभा समक्ष प्रस्ताव राख्न सक्नेछ ।<br>(२) मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा मुख्यमन्त्रीले विश्वास गुमाएको ठोस आधार सहित प्रदेशसभामा प्रश्न उठेमा तीस दिन भित्र मुख्यमन्त्रीले विश्वासको मतको लागि प्रदेशसभा समक्ष प्रस्ताव राख्नु पर्नेछ ।<br>(३) उपधारा (१) र (२) बमोजिमको प्रस्तावको निर्णय प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संख्याको बहुमतबाट हुनेछ ।<br>(४) प्रदेश सभाका सम्पूर्ण सदस्य संख्याको कम्तीमा एक चौथाई सदस्यले मुख्य मन्त्री उपर प्रदेश सभाको विश्वास छैन भनी राखेको अविश्वासको प्रस्ताव सदनको कूल सदस्य संख्याको वहुमतले पारित भएमा मुख्य मन्त्री पदमुक्त भएको मानिनेछ । | |

| सि.नं | विषयवस्तु | असहमतिका विषय | छुट्टो लागेको विषय | कै. |
|---|---|---|---|---|
| | | (५) उपधारा (३) बमोजिम राखिएको अविश्वासको प्रस्ताव पारित भएमा गठन हुने मन्त्रिपरिषद्को अध्यक्षता गर्ने मुख्य मन्त्रीको नाम समेत प्रस्तावित हुनु पर्नेछ । | (५) यस्तो अविश्वासको प्रस्ताव मुख्य मन्त्री नियुक्त भएपछि पहिलो दुई वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको अर्को एक वर्षभित्र राख्न पाईने छैन ।<br>(६) उपधारा (४) बमोजिम राखिएको अविश्वासको प्रस्ताव पारित भएमा गठन हुने मन्त्रिपरिषद्को अध्यक्षता गर्ने मुख्य मन्त्रीको नाम समेत प्रस्तावित हुनु पर्नेछ । | |

## २. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति :-

| सि.नं | विषयवस्तु | विषय | छुट्टो लागेको विषय | कै. |
|---|---|---|---|---|
| १. | २८. सामाजिक न्यायको हक | (१२) आदिवासी र स्थानीय समुदायलाई भूमि र प्राकृतिक सम्पदामाथि अग्राधिकारको हक हुनेछ । | यो विषय हटाउने | |
| २. | बंशजको आधारमा नागरिकता | (१) (ख) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत नीजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्ति, | (क) आमा र बाबु नेपाली नागरिक भएका हकमा निज बालिग भएपछि आमा वा बाबुको नामबाट बंशजको नाताले नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ ।<br>(ख) कुनै नेपाली पुरुषले विदेशी महिला र नेपाली महिलाले विदेशी पुरुष संग विवाह गरेमा विवाह गरेको समयमा निजहरुले कुन देशको नागरिकता रोज्ने हो र कुन देशमा स्थायी बसोबास गर्नेहो सो सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम स्पष्ट गर्नु पर्ने छ । यसरी स्पष्ट गर्दा विदेशी पुरुषसंग विवाह गरेकी महिलाले अन्य देशको नागरिकता नलिने र नेपालमै स्थायी बसोबास गर्ने एवं विदेशी महिलासँग विवाह गर्ने पुरुषले अन्य देशको नागरिकता नलिने र स्थायी बसोबास नेपालमै गर्ने व्यहोरा स्पष्ट गरेको रहेछ भने त्यस्तो अवस्थामा कुनै व्यक्तिको जन्म हुदाँका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति,<br>तर, त्यस्तो व्यक्तिले बालिग भएको एक बर्ष भित्र नागरिकताको लागि आवेदन दिई सक्नु पर्नेछ ।<br>(ग) नागरिकताको प्राप्ती र समाप्ती सम्बन्धी अन्य व्यवस्था तथा प्रत्येक नेपाली नागरिकको परिचय खुल्ने गरी अभिलेख व्यवस्थित गर्ने व्यवस्था कानून बमोजिम हुनेछ । | |

३. संबैधानिक समिति :-

| सि.नं | विषयवस्तु | विषय | [illegible] लागेको विषय | कै. |
|---|---|---|---|---|
| १. | **प्रस्तावना** | लोकतन्त्र, शान्ति, मानवअधिकार र अग्रगामी परिवर्तनका लागि गरिएका ऐतिहासिक सशस्त्र संघर्ष, शान्तिपूर्ण जनआन्दोलन र मधेश आन्दोलन तथा नेपाली जनताको त्याग, बलिदान र शहिदहरुलाई सम्मान गर्दै;<br><br>जनताको प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक समानुपातिक समावेशी शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, **स्वतन्त्र र उत्तरदायी न्यायपालिका** तथा कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतालाई अवलम्वन गरी समाजवादको आधार निर्माण गर्न प्रतिवद्ध रहदै;<br><br>राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राखी जनताको आत्मनिर्णयको अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै; | राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन र शसस्त्र संघर्ष र त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं सहिदहरु तथा वेपत्ता र पीडित नागरिकहरुलाई सम्मान गर्दै,<br><br>जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक, समानुपातिक समावेशी शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतालाई अवलम्वन गरी समाजवादको आधार निर्माण गर्न प्रतिवद्ध रहदै;<br><br>राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै; | "यो अनुच्छेदमा रहेको "ऐतिहासिक जनआन्दोलन र सशस्त्र सङ्घर्ष" भन्नाले वि.सं. १९९७ साल, २००७ साल, २०१८ साल, २०२८ साल, २०३५।०३६ साल, २०४२ साल, २०४६ सालमा भएका सङ्घर्ष एव आन्दोलनहरू र वि.सं. २०६२।६३ सालमा भएको ऐतिहासिक जनआन्दोलन, माओवादी जनयुद्ध, मधेस आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलन, महिला, दलित, मजदुर किसान, युवा, विद्यार्थी, मुस्लिम समुदाय लगायत समाजका विभिन्न तह र तप्काका जनताले गरेका सम्पूर्ण ऐतिहासिक आन्दोलन र सशस्त्र सङ्घर्षलाई जनाउँछ ।" |
| २. | **७. राष्ट्रिय गान र निशाना छाप** | ***ध्यानाकर्षण*** : राष्ट्रिय निसाना छापको गरिमा र सम्मान एवं भावनामा प्रतिकूल नहुने गरी प्रदेशले आफ्नो निशाना छाप बनाउन सक्ने व्यवस्था राख्न उपयुक्त हुने | प्रदेशको छुट्टै निसाना छापको व्यवस्था नगर्ने । | |
| ३. | **८. संविधान संशोधन :** | (१) नेपालको स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन ।<br><br>(२) उपधारा (१) मा उल्लिखित विषयबाहेक यस संविधानको प्रस्तावनामा उल्लिखित आधारभूत विषयलाई प्रभावित पार्ने गरी संशोधन गर्नु पर्दा व्यवस्थापिका-संसद्मा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले पारित प्रस्ताव जनमतसंग्रहबाट अनुमोदन हुनु पर्नेछ । | (१) नेपालको स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन ।<br><br>(२) उपधारा (१) मा उल्लिखित विषयबाहेक यस संविधानको प्रस्तावनामा उल्लिखित आधारभूत विषयलाई प्रभावित पार्ने गरी संशोधन गर्नु पर्दा संघीय संसदमा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले पारित प्रस्ताव जनमतसंग्रहबाट अनुमोदन हुनु पर्नेछ । | |

## ४. संवैधानिक निकायको संरचना निर्धारण समिति :-

| सि.नं | विषयवस्तु | असहमतिका विषय | टुंगो लागेको विषय | कै. |
|---|---|---|---|---|
| विविध भागमा थप गर्ने | नियुक्ति सम्बन्धी व्यवस्था | **समानुपातिक समावेशी सिद्धान्तको आधारमा नभइ योग्यता र क्षमताको आधारमा हुनु पर्ने भन्ने मा. श्री अतहर कमाल मुसलमानको असहमति रहेको ।** | हटाइएको | |
| १ | १. अख्तियार दुरूपयोग अनुसन्धान आयोग | (२) राष्ट्रपतिले संवैधानिक परिपद्को सिफारिसमा प्रमुख आयुक्त र अन्य आयुक्तहरुको नियुक्ति गर्नेछ ।<br>***(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।*** | (२) संवैधानिक परिपद्को सिफारिसमा संसदीय सुनुवाई पश्चात राष्ट्रपतिबाट प्रमुख आयुक्त र अन्य आयुक्तहरुको नियुक्ति हुनेछ । | |
| २. | १.२ प्रादेशिक व्यवस्था | प्रादेशिक क्षेत्रमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहनेछ । | हटाइएको | |
| ३ | २. लेखा परीक्षण आयोग | (२) राष्ट्रपतिले संवैधानिक परिपद्को सिफारिसमा लेखापरीक्षण आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।<br>**(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)** | (२) संवैधानिक परिपद्को सिफारिसमा संसदीय सुनुवाई पश्चात राष्ट्रपतिबाट लेखापरीक्षण आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति हुनेछ । | |
| ४ | प्रादेशिक व्यवस्था | **प्रादेशिक व्यवस्था** : प्रादेशिक क्षेत्रमा लेखापरीक्षण आयोग रहनेछ । | हटाइएको | |
| ५ | ३. लोक सेवा आयोग | (२) राष्ट्रपतिले संवैधानिक परिपद्को सिफारिसमा लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।<br>**(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)** | (२) संवैधानिक परिपद्को सिफारिसमा संसदीय सुनुवाई पश्चात राष्ट्रपतिबाट लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति हुनेछ । | |
| ६ | ४. निर्वाचन आयोग | (२) राष्ट्रपतिले संवैधानिक परिपद्को सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको नियुक्ति गर्नेछ ।<br>**(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)** | (२) संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाई पश्चात राष्ट्रपतिबाट प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको नियुक्ति हुनेछ । | |
| ७ | ४.१ निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार | राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्ने जिम्मेवारी निर्वाचन आयोगको हुने वा नहुने ? | राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्ने जिम्मेवारी निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारमा राख्ने । | |
| ८ | ४.२ प्रादेशिक व्यवस्था | निर्वाचन आयोगको प्रत्येक प्रान्त/राज्यमा एक शाखा रहन सक्नेछ । | हटाइएको | |
| ९ | ५. मानव अधिकार आयोग | (२) राष्ट्रपतिले संवैधानिक परिपद्को सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।<br>**(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)** | (२) संवैधानिक परिपद्को सिफारिसमा संसदीय सुनुवाई पश्चात राष्ट्रपतिबाट राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति हुनेछ । | |
| १० | ५.२ प्रादेशिक व्यवस्था | प्रादेशिक क्षेत्रमा मानव अधिकार आयोग रहनेछ । | हटाइएको | |
| ११ | ६. महिला आयोग | (२) राष्ट्रपतिले संवैधानिक परिपद्को सिफारिशमा संघीय महिला आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति गर्नेछन् ।<br>**(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका** | (२) संवैधानिक परिपद्को सिफारिसमा संसदीय सुनुवाई पश्चात राष्ट्रपतिबाट संघीय महिला आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति हुनेछ । | |

| क्र.सं. | विषयवस्तु | असहमतिका विषय | टुङ्गो लागेको विषय | कै. |
|---|---|---|---|---|
| | | सभाले अनुमोदन गर्नुपर्नेछ ।) | | |
| १४ | ६.३ प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | |
| १६ | ७. दलित आयोग | (२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिशमा संघीय दलित आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति गर्नेछन् ।<br>**(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)** | (२) संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाई पश्चात राष्ट्रपतिबाट संघीय दलित आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति हुनेछ । | |
| १९ | ७.३ प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | |
| २१ | राष्ट्रिय वित्तीय आयोग | (राष्ट्रिय वित्तीय आयोग र राष्ट्रिय प्राकृतिक स्रोत आयोग प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बांडफांड समितिको प्रतिवेदनको आधारमा संविधानको मस्यौदाका लागि मस्यौदा समितिमा पठाई सकिएको भए तापनि दुबैलाई मिलाई एउटै संवैधानिक आयोगको रुपमा राख्ने गरी उपसमितिले टुङ्गो लगाएको) | हाल प्रस्तावित राष्ट्रिय वित्तीय आयोग र राष्ट्रिय प्राकृतिक स्रोत आयोगको काम कर्तव्य र अधिकार मिलान गरी राष्ट्रिय वित्तीय तथा प्राकृतिक श्रोत आयोग राख्ने । उक्त आयोगमा प्राकृतिक श्रोत, अर्थ शास्त्र, जलश्रोत, लेखा, प्रशासन र कानून विज्ञ लगायत एक जना अध्यक्ष र चार जना सदस्य रहने व्यवस्था गर्ने । | |
| २२ | | आदिवासी जनजाती आयोग, खस आर्य आयोग, अपागंता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोग, मधेशी आयोग, मुस्लिम आयोगका अतिरिक्त जेष्ठ नागरिकको हक हित संरक्षण सम्बन्धी आयोग, भाषा सम्बन्धी आयोग, मजदूर किसान (श्रमिक) आयोग, कर्णाली आयोग र थारु आयोग लगायतका आयोगहरु संवैधानिक वा कानूनी कुन रुपमा राख्ने राज्यको पुर्नसंरचना सम्बन्धी विषयमा निर्णयमा पुग्दा सो सम्बन्धी विषयलाई टुंगो लगाउने गरी उपसमितिले टुंगो लगाएको । | खस आर्य, आदिवासी जनजाती, थारु, अपागंता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली क्षेत्र, मधेशी, मुस्लिम पिछडावर्ग, जेष्ठ नागरिक, मजदूर किसान र श्रमिक तथा विपन्न वर्ग लगायतका समुदायहरुको हक अधिकारको संरक्षणको लागि एक समावेशी आयोगको संवैधानिक व्यवस्था गर्ने । उक्त आयोगमा अध्यक्ष सहित बढिमा नौं जना सदस्य रहने व्यवस्था गर्ने । | |

## ५. न्याय प्रणाली सम्बन्धी समिति :-

| क्र.स. | विषयवस्तु | असहमतिका विषय | टुङ्गो लागेको विषय | कै. |
|---|---|---|---|---|
| १ | ५. संघीय सर्वोच्च अदालत: | (४) राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनैतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएका विषयमा बाहेक संविधान र संघीय कानूनको व्याख्या गर्ने अधिकार संघीय सर्वोच्च अदालतलाई हुनेछ ।<br>**स्पष्टीकरण:** यस उपधाराको प्रयोजनको लागि राष्ट्रिय महत्वको पद भन्नाले राष्ट्राध्यक्ष वा कार्यकारीप्रमुख वा व्यवस्थापिकाद्वारा निर्वाचित पद भन्ने बुझिन्छ । | १) स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुरुप नेपालमा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको व्यवस्था गरिनेछ ।<br>२) सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । संविधानको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतको हुनेछ ।<br>३) केन्द्र र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह एवम् स्थानीय तहका बीचमा अधिकार क्षेत्रबारे तथा प्रनितिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभाको निर्वाचन सम्बन्धी विवादमा न्याय निरुपण गर्न एक संवैधानिक अदालत गठन गरिने छ । यी विषयमा संवैधानिक अदालतको निर्णय अन्तिम हुनेछ । यो अदालत सर्वोच्च अदालतका प्रधान न्यायाधीशको | |

| | | | | |
|---|---|---|---|---|
| | | | अध्यक्षता र २ जना अन्य वरिष्ठतम् न्यायाधीश तथा २ जना सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका कानून क्षेत्रका विज्ञको सहभागितामा गठन हुनेछ । संवैधानिक अदालतको कार्यावधि नयाँ संविधान प्रारम्भ भएको मितिले १० वर्ष सम्म हुनेछ ।<br>४) न्याय परिषद् गठन सम्बन्धी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को व्यवस्था बमोजिम हुनेछ । | |
| २ | ६. संघीय सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता: | (१) राष्ट्राध्यक्षले संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी संघीय व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीशमा नियुक्ति गर्नेछ ।<br>(२) प्रधान न्यायाधीशको पदावधि धारा ८ को उपधारा (१) को खण्ड (ख) को अधीनमा रही नियुक्ति भएको मितिबाट चार वर्षको हुनेछ । तर, संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले प्रधान न्यायाधीशको नियुक्तिको लागि सिफारिस गर्दा निजको पदावधि कम्तीमा दुई वर्ष कायम हुनेगरी सिफारिस गर्नेछ । | " " | |
| ३ | १०. संघीय सर्वोच्च अदालतको अधिकार क्षेत्र: | (२) यस संविधानमा अन्यथा उल्लेख भएकोमा बाहेक संघीय सर्वोच्च अदालतको देहाय बमोजिमको शुरू क्षेत्राधिकार हुनेछ ।<br>(क) संघ र राज्यबीचको विवाद,<br>(ख) राज्य र राज्यबीचको विवाद,<br>(ग) संघीय संवैधानिक अंगहरूबीचको विवाद,<br>(घ) राष्ट्रिय सुरक्षा, मुद्रा र वैदेशिक मामिला सम्बन्धी विवाद । | " " | |
| ४ | १६. राज्य/ प्रदेश सर्वोच्च/ उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता: | (१) राज्यप्रमुखले राज्यव्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी राज्यव्यवस्थापिकाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशमा नियुक्ति गर्नेछ ।<br>(२) मुख्य न्यायाधीशको पदावधि धारा १८ को उपधारा (१) को खण्ड (ख) को अधीनमा रही नियुक्ति भएको मितिबाट चार वर्षको हुनेछ । तर, राज्यव्यवस्थापिकाको विशेष न्यायिक समितिले मुख्य न्यायाधीशको नियुक्तिको लागि सिफारिस गर्दा निजको पदावधि कम्तीमा दुई वर्ष कायम हुने गरी सिफारिस गर्नेछ । | " " | |

| | | | | |
|---|---|---|---|---|
| ५ | १९. मुख्य न्यायाधीश तथा न्यायाधीशलाई अन्य कुनै काममा लगाउन नहुने: | राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य कुनै पदमा काममा लगाइने वा काजमा खटाइने छैन ।<br><br>तर नेपाल सरकारले राज्यव्यवस्थापिका विशेष न्यायिक समितिसँग परामर्श लिई राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशलाई न्यायिक स्वतन्त्रतामा आँच नआउने गरी न्यायिक जाँचबुझको काममा वा केही खास अवधिको लागि कानून वा न्याय सम्बन्धी अनुसन्धान वा अन्वेषणको अन्य कुनै काममा खटाउन सक्नेछ । | ,, ,, | |
| ६ | २६. जिल्ला/स्थानीय अदालतको न्यायाधीशको नियुक्ति, योग्यता तथा पारिश्रमिक र सेवाका अन्य शर्तहरू: | (१) जिल्ला/स्थानीय प्रतिनिधिसभा प्रमुखले जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिले सिफारिस गरी जिल्ला/स्थानीय प्रतिनिधिसभाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई जिल्ला/स्थानीय अदालतको न्यायाधीशमा नियुक्ति गर्नेछ । | ,, ,, | |
| ७ | २७. जिल्ला/स्थानीय न्यायाधीशलाई अन्य कुनै काममा लगाउन नहुने: | जिल्ला/स्थानीय न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य कुनै पदमा सरुवा गरिने, काम लगाइने वा काजमा खटाइने छैन ।<br><br>तर नेपाल सरकारले स्थानीय प्रतिनिसभा विशेष न्यायिक समितिसँग परामर्श लिई जिल्ला/स्थानीय न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा वा केही खास अवधिको लागि कानून वा न्याय सम्बन्धी अनुसन्धान, अन्वेषण वा निर्वाचन जस्ता काममा खटाउन सक्नेछ । | ,, ,, | |
| ८ | २९. संघीय व्यवस्थापिका विशेष न्यायिक समिति/राज्य/प्रदेश व्यवस्थापिका विशेष न्यायिक समिति/ जिल्ला/ स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति | (१) संघीय व्यवस्थापिका विशेष न्यायिक समिति: यस संविधान बमोजिम संघीय सर्वोच्च अदालतका प्रधान न्यायाधीश एवं न्यायाधीशहरूको नियुक्ति र अनुशासन सम्वन्धी कार्वाही, सेवाबाट हटाउने वा बर्खास्त गर्ने र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूमा सिफारिस वा परामर्श दिन संघीय व्यवस्थापिकामा देहाय बमोजिमको संघीय व्यवस्थापिका विशेष न्यायिक समिति रहनेछ ।<br>(क) संघीय व्यवस्थापिकाका उपाध्यक्ष - अध्यक्ष<br>(ख) संघीय कानून तथा न्याय मन्त्री-सदस्य<br>(ग) संघीय व्यवस्थापिकामा रहेको संख्याको आधारमा समानुपातिक र समावेशी | ,, ,, | |

रूपले प्रतिनिधित्व हुने गरी संघीय व्यवस्थापिकाबाट निर्वाचित बढीमा ९ जना सदस्य -सदस्य

(२) संघीय व्यवस्थापिका विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकारः संघीय व्यवस्थापिका विशेष न्यायिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस संविधानको अधीनमा रही राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनैतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानून बाझिएका विषयमा संविधान र संघीय कानूनको व्याख्या गर्ने अधिकार संघीय व्यवस्थापिका विशेष न्यायिक समितिलाई हुनेछ।

**स्पष्टीकरणः** यस उपधाराको प्रयोजनको लागि राष्ट्रिय महत्वको पद भन्नाले राष्ट्राध्यक्ष वा कार्यकारीप्रमुख वा व्यवस्थापिकाद्वारा निर्वाचित पद भन्ने बुझिन्छ।

(ख) समानुपातिक र समावेशी सिद्धान्तका आधारमा संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश र न्यायाधीशको नियुक्तिको लागि आवश्यक संख्याको सूची तयार गरी अनुमोदनका लागि संघीय व्यवस्थापिकामा पेश गर्ने छ। यसरी पेश भएको सूचीबाट संघीय व्यवस्थापिकाबाट अनुमोदन भएको व्यक्तिलाई राष्ट्राध्यक्षबाट प्रधान न्यायाधीश र न्यायाधीशमा नियुक्ति गरिनेछ।

(ग) संघीय सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीशको कार्य क्षमताको अभाव, खराब आचरण (आधार सहितको उल्लंघन समेत) को कसूरमा उजुरी पर्न आएमा वा सार्वजनिक सूचना वा काम कारबाही वा व्यवहारबाट देखिएका अवस्थामा अनुसन्धान गरी नोकरिबाट हटाउने वा बर्खास्त गर्ने समेतका लागि राष्ट्राध्यक्षसमक्ष सिफारिस गरिनेछ। यसरी गरिएको सिफारिस राष्ट्राध्यक्षबाट स्वीकृत हुनेछ।

तर भ्रष्टाचारको कसूरमा सेवाबाट बर्खास्त गर्दा संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले गठन गरेको विशेष अदालतमा मुद्दा दायर गरी सो अदालतबाट ठहऱ्याए बमोजिम हुनेछ। यस्तो विशेष अदालत सम्बन्धी व्यवस्था संघीय कानूनद्वारा निर्धारित हुनेछ।

(घ) संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले आवश्यकतानुसार उपसमितिहरू

गठन गर्न सक्नेछ। संघीय व्यवस्थापिका विशेष न्यायिक समिति तथा उप समितिहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ।

(ङ) संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले गरेको काम कारबाही एवं निर्णयहरू र खण्ड (ग) बमोजिम गठित विशेष अदालतद्वारा गरिएका फैसलाहरू अन्तिम हुनेछ। यसउपर कुनै अदालतमा उजुरी, पुनरावेदन एवं रिट निवेदन लाग्ने छैन।

(४) संघीय व्यवस्थापिका विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार संघीय कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ।

(५) राज्यव्यवस्थापिका विशेष न्यायिक समिति: यस संविधान बमोजिम राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतका मुख्य न्यायाधीश एवं न्यायाधीशहरूको नियुक्ति र अनुशासन सम्बन्धी कार्वाही, सेवाबाट हटाउने वा बर्खास्त गर्ने र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूमा सिफारिस वा परामर्श दिन राज्यव्यवस्थापिकामा देहाय बमोजिमको राज्यव्यवस्थापिका विशेष न्यायिक समिति रहनेछ।

(क) राज्यव्यवस्थापिकाका उपाध्यक्ष -अध्यक्ष

(ख) राज्यकानून तथा न्याय मन्त्री -सदस्य

(ग) राज्यव्यवस्थापिकामा रहेको संख्याको आधारमा समानुपातिक र समावेशी रूपले प्रतिनिधित्व हुने गरी संघीय व्यवस्थापिकाबाट निर्वाचित बढीमा ९ जना सदस्य -सदस्य

(६) राज्यव्यवस्थापिका विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार: राज्यव्यवस्थापिका विशेष न्यायिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशको नियुक्तिको लागि आवश्यक संख्याको सूची तयार गरी अनुमोदनका लागि राज्यव्यवस्थापिकामा पेश गर्ने छ। यसरी पेश भएको सूचीबाट राज्यव्यवस्थापिकाबाट अनुमोदन भएको व्यक्तिलाई राज्यप्रमुखबाट मुख्य न्यायाधीश र न्यायाधीशमा नियुक्ति गरिनेछ।

(ख) राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशको कार्य

| | | | | |
|---|---|---|---|---|
| | | क्षमताको अभाव, खराब आचरण (आधार सहितको उल्लंघन समेत) को कसूरमा उजुरी पर्न आएमा वा सार्वजनिक सूचना वा काम कारवाही वा व्यवहारबाट देखिएका अवस्थामा अनुसन्धान गरी नोकरिबाट हटाउने वा बर्खास्त गर्ने समेतका लागि राज्यप्रमुखसमक्ष सिफारिस गरिनेछ। यसरी गरिएको सिफारिस राज्यप्रमुखबाट स्वीकृत हुनेछ।<br>तर भ्रष्टाचारको कसूरमा सेवाबाट बर्खास्त गर्दा राज्यव्यवस्थापिका विशेष न्यायिक समितिले गठन गरेको विशेष अदालतमा मुद्दा दायर गरी सो अदालतबाट ठहऱ्याए बमोजिम हुनेछ। यस्तो विशेष अदालत सम्बन्धी व्यवस्था राज्यकानूनद्वारा निर्धारित हुनेछ।<br>(ग) राज्यव्यवस्थापिका विशेष न्यायिक समितिले आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ। राज्यव्यवस्थापिका विशेष न्यायिक समिति तथा उप समितिहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ।<br>(घ) राज्यव्यवस्थापिका विशेष न्यायिक समितिले गरेको काम कारबाही एवं निर्णयहरू र खण्ड (ख) बमोजिम गठित विशेष अदालतद्वारा गरिएका फैसलाहरू अन्तिम हुनेछ। यसउपर कुनै अदालतमा उजुरी, पुनरावेदन एवं रिट निवेदन लाग्ने छैन।<br>(७) राज्यव्यवस्थापिका विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार राज्यकानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ।<br>(८) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिः यस संविधान बमोजिम जिल्ला/स्थानीय अदालतका न्यायाधीशहरूको नियुक्ति र अनुशासन सम्बन्धी कार्वाही, सेवाबाट हटाउने वा बर्खास्त गर्ने र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूमा सिफारिस वा परामर्श दिन जिल्ला/स्थानीय प्रतिनिधिसभामा देहाय बमोजिमको जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति रहनेछ।<br>(क) जिल्ला/स्थानीय प्रतिनिधिसभा उपाध्यक्ष - अध्यक्ष<br>(ख) जिल्ला/स्थानीय प्रतिनिधिसभामा रहेको संख्याको आधारमा समानुपातिक र समावेशी रूपले प्रतिनिधित्व हुने गरी जिल्ला/स्थानीय प्रतिनिधिसभाबाट निर्वाचित बढीमा ८ जना सदस्य-सदस्य | | |

(९) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकारः जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समानुपातिक र समावेशी सिद्धान्तका आधारमा जिल्ला/ स्थानीय अदालतको न्यायाधीशको नियुक्तिको लागि आवश्यक संख्याको सूची तयार गरी अनुमोदनका लागि जिल्ला/ स्थानीय प्रतिनिधिसभामा पेश गर्नेछ। यसरी पेश भएको सूचीबाट जिल्ला/स्थानीय प्रतिनिधिसभाबाट अनुमोदन भएको व्यक्तिलाई जिल्ला/स्थानीय प्रतिनिधिसभाको प्रमुखबाट न्यायाधीशमा नियुक्ति गरिनेछ।

(ख) जिल्ला/स्थानीय अदालतको न्यायाधीशको कार्य क्षमताको अभाव, खराब आचरण ( आधार सहितको उल्लंघन समेत) को कसूरमा उजुरी पर्न आएमा वा सार्वजनिक सूचना वा काम कारवाही वा व्यवहारबाट देखिएका अवस्थामा अनुसन्धान गरी नोकरिबाट हटाउने वा बर्खास्त गर्ने समेतका लागि जिल्ला/स्थानीय प्रतिनिधिसभाको प्रमुखसमक्ष सिफारिस गरिनेछ। यसरी गरिएको सिफारिस जिल्ला/स्थानीय प्रतिनिधिसभाको प्रमुखबाट स्वीकृत हुनेछ।

(ग) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिले आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ। जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समिति तथा उप समितिहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि राज्यकानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ।

(घ) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिले गरेको काम कारबाही एवं निर्णयहरू अन्तिम हुनेछ। यसउपर कुनै अदालतमा उजुरी, पुनरावेदन एवं रिट निवेदन लाग्ने छैन।

(१०) जिल्ला/स्थानीय प्रतिनिधिसभा विशेष न्यायिक समितिको अन्य काम, कर्तव्य र अधिकार राज्यकानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ।

(११) उपधारा (१) (५) र (८) बमोजिमका विशेष न्यायिक समिति गठन गर्दा जातीय, लिंगीय, वर्गीय र क्षेत्रीय आधारमा राज्य/प्रादेशिक/ प्रान्तीय एवं दलीय समानुपातिक प्रतिनिधित्व हुने गरी गरिनेछ।

| | | | | |
|---|---|---|---|---|
| ९ | ३२. संक्रमणकालीन व्यवस्था | (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको सर्वोच्च अदालत यो संविधान प्रारम्भ भएपछि संघीय सर्वोच्च अदालत हुनेछ र सर्वोच्च अदालतका सम्पूर्ण मुद्दाहरू संघीय सर्वोच्च अदालतमा सर्नेछन् । संघीय सर्वोच्च अदालतले ती मुद्दाहरू तत्काल प्रचलित कानून बमोजिम किनारा गर्नेछ ।<br>(२) धारा १५ बमोजिम राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको व्यवस्था नभएसम्म नेपालको अन्तरिम संविधान, २०६३ अन्तर्गत गठित पुनरावेदन अदालतहरू यथावत कायम रहनेछन् र यस संविधानबमोजिमको राज्य/प्रदेश सर्वोच्च/उच्च अदालत गठन भएपछि पुनरावेदन अदालतबाट फछ्र्यौट हुन बाँकी मुद्दाहरू क्षेत्राधिकार मिल्ने राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतमा सर्नेछन् । राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतले ती मुद्दाहरू तत्काल प्रचलित कानून बमोजिम किनारा गर्नेछ ।<br>(३) धारा २५ बमोजिमको जिल्ला/स्थानीय अदालतको व्यवस्था नभएसम्म यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका जिल्ला अदालतहरू यथावत कायम रहनेछन् । यस संविधानबमोजिमको जिल्ला/स्थानीय अदालत गठन भएपछि जिल्ला अदालतबाट फछ्र्यौट हुन बाँकी मुद्दाहरू क्षेत्राधिकार मिल्ने जिल्ला/स्थानीय अदालतमा सर्नेछन् । जिल्ला/स्थानीय अदालतले ती मुद्दाहरू तत्काल प्रचलित कानून बमोजिम किनारा गर्नेछ ।<br>(४) यो संविधानबमोजिम व्यवस्था गरिएको सैनिक विशेष अदालत गठन नभएसम्म प्रचलित कानूनबमोजिम गठित सैनिक विशेष अदालत कायम रहनेछ र यस संविधानबमोजिमको सैनिक विशेष अदालत गठन भएपछि सो अदालतबाट फछ्र्यौट हुन बाँकी रहेका मुद्दाहरू यस अदालतमा सर्नेछन् । सो अदालतले ती मुद्दाहरू तत्काल प्रचलित कानून बमोजिम किनारा गर्नेछ ।<br>(५) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीशहरू यो संविधान प्रारम्भ भएपछि तीन महिनाभित्र पुनर्नियुक्त भएमा बाहेक आफ्नो पदमा बहाल रहने छैनन् ।<br>(६) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका पुनरावेदन अदालत र जिल्ला अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीशहरू यो संविधान प्रारम्भ भएपछि राज्य/प्रदेश तहका संयन्त्रहरू गठन भएको मितिले तीन महिनाभित्र पुनर्नियुक्त भएमा बाहेक आफ्नो पदमा बहाल रहने छैनन् । | " " | |

६. **राज्यको शासकीय स्वरुप निर्धारण समिति :-**

| सि.नं. | विषय | असहमतिका विषय | टुंगो लागेको विषय | कैफियत |
|---|---|---|---|---|
| २०. | शासकीय स्वरुप | | शासकीय स्वरुप : देशको शासकीय स्वरुप बहुलबादमा आधारित बहुदलिय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीमा आधारित हुनेछ । | |
| २१. | धारा १<br>राष्ट्रपति | (१) नेपालमा एकजना राष्ट्रपति रहनेछ ।<br>(२) राष्ट्रपति मुलुकको राष्ट्राध्यक्ष हुनेछ र सोही हैसियतमा यस संविधान र प्रचलित कानून बमोजिम निजले आफ्नो कार्य सम्पादन गर्नेछ ।<br>(३) राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुनेछ ।<br>(४) राष्ट्रपति नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीकको रूपमा रहनेछ । नेपाल र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको संरक्षण र पालना गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ । | (१) नेपालमा एकजना राष्ट्रपति रहनेछ ।<br>(२) राष्ट्रपति मुलुकको राष्ट्राध्यक्ष हुनेछ र सोही हैसियतमा यस संविधान र प्रचलित कानून बमोजिम निजले आफ्नो कार्य सम्पादन गर्नेछ ।<br>(३) राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुनेछ ।<br>(४) राष्ट्रपति नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताको प्रतीकको रूपमा रहनेछ । नेपाल र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको लागि संविधानको संरक्षण र पालना गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ । | |
| २२. | धारा २<br>राष्ट्रपतिको निर्वाचन | (१) राष्ट्रपतिको निर्वाचन संघीय व्यवस्थापिकाका दुवै सदनका सदस्यहरू तथा प्रादेशिक व्यवस्थापिकाका सम्पूर्ण सदस्यहरू मतदाता रहेको निर्वाचक मण्डलबाट कानुनमा व्यवस्था भएबमोजिम एक व्यक्ति एक मतका आधारमा हुनेछ ।<br>(२) निर्वाचनका वखत तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको वहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति निर्वाचित हुनेछ ।<br>(३) उपधारा (२) बमोजिम कुनै उम्मेदवारले पूर्ण वहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू वीच दोश्रो चरणको मतदान हुनेछ ।<br>(४) दोश्रो चरणको मतदानमा कूल सदर मतको ५० प्रतिशत भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित भएको मानिनेछ ।<br>तर दोश्रो चरणको निर्वाचनमा दुई उम्मेदवारहरू वीच मत बरावर भएमा गोलाप्रथाद्वारा विजयी उम्मेदवारको घोषणा गरिनेछ ।<br>(५) राष्ट्रपतिको निर्वाचन सम्बन्धी अन्य कार्यविधि ऐनद्वारा निर्धारित हुनेछ । | (१) राष्ट्रपतिको निर्वाचन संघीय संसदका दुवै सदनका सदस्यहरू तथा प्रदेश सभाका सम्पूर्ण सदस्यहरू मतदाता रहेको निर्वाचक मण्डलबाट संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको मतको भार फरक हुने गरी कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।<br>(२) निर्वाचनका वखत निर्वाचक मण्डलमा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको वहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति निर्वाचित हुनेछ ।<br>(३) कुनै उम्मेदवारले उपधारा (२) बमोजिम वहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू वीच दोश्रो चरणको मतदान हुनेछ ।<br>(४) दोश्रो चरणको मतदानमा कूल सदर मतको पचास प्रतिशत भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित भएको मानिनेछ ।<br>तर दोश्रो चरणको निर्वाचनमा दुई उम्मेदवारहरू वीच मत बराबर भएमा गोलाप्रथाद्वारा विजयी उम्मेदवारको घोषणा गरिनेछ ।<br>(५) राष्ट्रपतिको निर्वाचन सम्बन्धी अन्य कार्यविधि ऐनद्वारा निर्धारित हुनेछ । | |
| २३. | धारा ३<br>राष्ट्रपतिको पदावधि | (१) राष्ट्रपतिको पदावधि ५ वर्षको हुनेछ ।<br>तर दुई कार्यकाल राष्ट्रपति भइसकेको व्यक्ति तेश्रो पटकको निर्वाचनमा उम्मेदवार हुनसक्ने छैन । | (१) राष्ट्रपतिको पदावधि पाँच वर्षको हुनेछ ।<br>तर दुई कार्यकाल राष्ट्रपति भइसकेको व्यक्ति तेश्रो पटकको निर्वाचनमा उम्मेदवार हुनसक्ने छैन । | |

| सि.नं. | विषय | असहमतिका विषय | सहमतिका विषय | कैफियत |
|---|---|---|---|---|
| | | (२) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि राजनैतिक पदमा बहाल रहेको कुनै व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ । | (२) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि राजनैतिक पदमा बहाल रहेको कुनै व्यक्ति राष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ । | |
| २४. | धारा ४ राष्ट्रपतिको योग्यता | राष्ट्रपति हुनको लागि कुनै पनि व्यक्तिले देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ :-<br>(क) संघीय व्यवस्थापिकाको सदस्य हुन योग्य भएको,<br>(ख) कम्तीमा पैंतीस वर्ष उमेर पूरा भएको । | राष्ट्रपति हुनको लागि कुनै पनि व्यक्तिले देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ :-<br>(क) संघीय संसदको सदस्य हुन योग्य भएको,<br>(ख) कम्तीमा पैंतीस वर्ष उमेर पूरा भएको । | |
| २५. | धारा ५ राष्ट्रपति पदमुक्त हुने अवस्था | देहायको अवस्थामा राष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :-<br>(क) निजले उपराष्ट्रपति समक्ष राजिनामा दिएमा,<br>(ख) निजले संविधानको गम्भीर उल्लंघन गरेको आरोपमा संघीय व्यवस्थापिकाको दुवै सदन र प्रादेशिक व्यवस्थापिकाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको कम्तीमा एक तिहाई सदस्यहरूले निजको विरूद्ध राखेको महाभियोगको प्रस्ताव दुई तिहाई बहुमतबाट पारित भएमा,<br>(ग) निजको मृत्यु भएमा, वा<br>(घ) निजको पदावधि समाप्त भएमा । | देहायको अवस्थामा राष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :-<br>(क) निजले उपराष्ट्रपति समक्ष राजिनामा दिएमा,<br>(ख) निजले संविधानको गम्भीर उल्लंघन गरेको आरोपमा संघीय संसदको दुवै सदनका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको कम्तीमा एक तिहाई सदस्यहरूले निजको विरूद्ध राखेको महाभियोगको प्रस्ताव संघीय संसदका दुवै सदनका तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा,<br>(ग) निजको मृत्यु भएमा, वा<br>(घ) निजको पदावधि समाप्त भएमा । | |
| २६. | धारा ६ राष्ट्रपतिको काम कर्तव्य र अधिकार | (१) राष्ट्रपतिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br>(क) संघीय व्यवस्थापिकाको अधिवेशन आह्वान र अन्त्य गर्ने,<br>(ख) संघीय व्यवस्थापिकाले पारित गरेका विधेयकमा स्वीकृति प्रदान गर्ने,<br>(ग) संविधान तथा कानुन बमोजिम विभिन्न पदाधिकारीहरूको नियुक्ति गर्ने,<br>(घ) विदेशी राजदुत तथा कुटनैतिक प्रतिनिधिहरूबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने,<br>(ङ) नेपालको तर्फबाट पुरस्कार, मानपदवी, अलंकार र पदकहरू प्रदान गर्ने ।<br>(च) नेपाल भरका सम्पूर्ण न्यायिक एवं अर्धन्यायिक एवं प्रशासनिक निकाय वा पदाधिकारीहरूबाट कानुन बमोजिम पाएको सजायलाई माफी, मुल्तवी र कम गर्ने । | (१) राष्ट्रपतिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br>(क) संघीय संसदका दुवै सदनको अधिवेशन आह्वान र अन्त्य गर्ने,<br>(ख) संघीय संसदले पारित गरेका विधेयकमा स्वीकृति प्रदान गर्ने,<br>(ग) संविधान तथा कानुन बमोजिम विभिन्न पदाधिकारीहरूको नियुक्ति गर्ने,<br>(घ) विदेशी राजदुत तथा कुटनैतिक प्रतिनिधिहरूबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्ने,<br>(ङ) नेपालको तर्फबाट पुरस्कार, मानपदवी, अलंकार र पदकहरू प्रदान गर्ने ।<br>(च) नेपाल भरका सम्पूर्ण न्यायिक एवं अर्धन्यायिक एवं प्रशासनिक निकाय वा पदाधिकारीहरूबाट कानुन बमोजिम पाएको सजायलाई माफी, मुल्तवी र कम गर्ने ।<br>(२) यस संविधान र प्रचलित कानुन बमोजिम | |

| सि.नं. | विषय | असहमतिका विषय | [illegible] विषय | कैफियत |
|---|---|---|---|---|
| | | (२) यस संविधान र प्रचलित कानुन बमोजिम राष्ट्रपतिले आफ्नो अधिकारको प्रयोग गर्दा सामान्यतया: मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट गर्नेछ । यस्तो सल्लाह र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ ।<br>(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो संविधान र अन्य कानुन बमोजिम अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने कार्यहरू गर्दा मन्त्रिपरिषदको सल्लाह र सम्मति आवश्यक पर्नेछैन ।<br>(४) उपधारा (१) बमोजिम राष्ट्रपतिको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणिकरण कानूनद्वारा व्यवस्था भएबमोजिम हुनेछ । | राष्ट्रपतिले आफ्नो अधिकारको प्रयोग गर्दा मन्त्रिपरिषदको सल्लाह र सम्मतिबाट गर्नेछ । यस्तो सल्लाह र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ ।<br>(३) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो संविधान र अन्य कानुन बमोजिम अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने कार्यहरू गर्दा मन्त्रिपरिषदको सल्लाह र सम्मति आवश्यक पर्नेछैन ।<br>(४) उपधारा (१) बमोजिम राष्ट्रपतिको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणिकरण कानूनद्वारा व्यवस्था भएबमोजिम हुनेछ । | |
| २७. | धारा ७<br>राष्ट्रपतिको शपथ | (१) राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची .... को ढाँचामा प्रधान न्यायाधीश समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।<br>(२) आफू निर्वाचित भएको ३० दिनभित्र पद तथा गोपनियताको शपथ नलिएमा राष्ट्रपतिको पद स्वत: निष्क्रियभएको मानिनेछ । | (१) राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची .... को ढाँचामा प्रधान न्यायाधीश समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।<br>(२) आफू निर्वाचित भएको तीस दिनभित्र पद तथा गोपनियताको शपथ नलिएमा राष्ट्रपतिको पद स्वत: रिक्त भएको मानिनेछ । | |
| २८. | धारा ८<br>उपराष्ट्रपति | (१) नेपालमा एकजना उपराष्ट्रपति रहनेछ ।<br>(२) राष्ट्रपतिको अनुपस्थितिमा वा पदावधि समाप्त भएकोमा वाहेक अन्य तरिकाबाट राष्ट्रपति पदमुक्त भएमा अर्को राष्ट्रपति निर्वाचित भई कार्यभार नसम्हालेसम्मका लागि राष्ट्रपतिबाट गरिने कार्यहरू उपराष्ट्रपतिबाट सम्पादन गरिनेछ ।<br>(३) राष्ट्रपति र उप राष्ट्रपति दुवै पदमा एकै लिङ्गको व्यक्ति निर्वाचित हुने गरी निर्वाचन गरिने छैन ।<br>(४) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि राजनैतिक पदमा बहाल रहेको कुनै व्यक्ति उपराष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वत: रिक्त हुनेछ । | (१) नेपालमा एकजना उपराष्ट्रपति रहनेछ ।<br>(२) राष्ट्रपतिको अनुपस्थितिमा वा पदावधि समाप्त भएकोमा वाहेक अन्य तरिकाबाट राष्ट्रपति पदमुक्त भएमा अर्को राष्ट्रपति निर्वाचित भई कार्यभार नसम्हालेसम्मका लागि राष्ट्रपतिबाट गरिने कार्यहरू उपराष्ट्रपतिबाट सम्पादन गरिनेछ ।<br>(३) निर्वाचन, मनोनयन वा नियुक्तिद्वारा पूर्ति हुने कुनै पनि राजनैतिक पदमा बहाल रहेको कुनै व्यक्ति उपराष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वत: रिक्त हुनेछ । | |
| २९. | धारा ९<br>उपराष्ट्रपति पदमुक्त हुने अवस्था | देहायको अवस्थामा उपराष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष राजिनामा दिएमा,<br>(ख) निजले संविधानको गम्भीर उल्लंघन गरेको आरोपमा व्यवस्थापिकाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको कम्तीमा दुई तिहाई | देहायको अवस्थामा उपराष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष राजिनामा दिएमा,<br>(ख) निजले संविधानको गम्भीर उल्लंघन गरेको आरोपमा संघीय संसदका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको कम्तीमा दुई तिहाई | |

| सि.नं. | विषय | असहमतिका विषय | [illegible] लागेको विषय | कै[illegible] |
|---|---|---|---|---|
| | | बहुमतबाट निजको विरूद्ध महाभियोगको प्रस्ताव पारित भएमा, वा<br>(ग) निजको मृत्यु भएमा । | बहुमतबाट निजको विरूद्ध महाभियोगको प्रस्ताव पारित भएमा, वा<br>(ग) निजको मृत्यु भएमा । | |
| ३०. | धारा १० उपराष्ट्रपति सम्वन्धी अन्य व्यवस्था | उपराष्ट्रपतिको योग्यता, निर्वाचन प्रक्रिया तथा पदावधिसम्बन्धी व्यवस्था राष्ट्रपतिको सरह हुनेछ । | उपराष्ट्रपतिको योग्यता, निर्वाचन प्रक्रिया तथा पदावधिसम्बन्धी व्यवस्था राष्ट्रपतिको सरह हुनेछ । | |
| ३१. | धारा ११ उपराष्ट्रपतिको शपथ | (१) उपराष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची .. को ढाँचामा राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।<br>(२) आफू निर्वाचित भएको ३० दिन भित्र पद तथा गोपनियताको शपथ नलिएमा उपराष्ट्रपतिको पद स्वतः निष्कृय भएको मानिनेछ । | (१) उपराष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची .. को ढाँचामा राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।<br>(२) आफू निर्वाचित भएको तीस दिन भित्र पद तथा गोपनियताको शपथ नलिएमा उपराष्ट्रपतिको पद स्वतः रिक्त भएको मानिनेछ । | |
| ३२. | धारा १२ राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा | राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा अन्य सुविधा ऐनद्वारा निर्धारण भए बमोजिम हुनेछ र त्यस्तो ऐन नबनेसम्म नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । | राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा अन्य सुविधा ऐनद्वारा निर्धारण भए बमोजिम हुनेछ र त्यस्तो ऐन नबनेसम्म नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । | |
| ३३. | धारा १३ राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय | (१) राष्ट्रपति र उपराष्ट्रपतिको कार्यलाई सहयोग पुऱ्याउनको लागि छुट्टाछुट्टै कार्यालय रहनेछ ।<br>(२) उपधारा (१) बमोजिमको कार्यालयको काम कारवाही सञ्चालन गर्न आवश्यक कर्मचारी तथा व्यवस्थापन सम्वन्धी अन्य कुराहरू नेपाल सरकारले व्यवस्था गर्नेछ । | (१) राष्ट्रपति र उपराष्ट्रपतिको कार्यलाई सहयोग पुऱ्याउनको लागि छुट्टाछुट्टै कार्यालय रहनेछ ।<br>(२) उपधारा (१) बमोजिमको कार्यालयको काम कारवाही सञ्चालन गर्न आवश्यक कर्मचारी तथा व्यवस्थापन सम्वन्धी अन्य कुराहरू नेपाल सरकारले व्यवस्था गर्नेछ । | |
| ३४. | धारा १४ कार्यकारिणी अधिकार | (१) नेपालको कार्यकारिणी अधिकार यो संविधान र अन्य कानून बमोजिम राष्ट्रपति र मन्त्रिपरिषद्मा निहित हुनेछ ।<br>(२) यो संविधान र अन्य कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्उपर हुनेछ ।<br>(३) राष्ट्रपतिको नाममा यो संविधान र अन्य कानुन बमोजिम हुनुपर्ने काम बाहेक अरू सबै संघीय कार्यकारिणी कामहरू नेपाल सरकारको नाममा हुनेछ ।<br>(४) नेपालको संघीय कार्यकारिणी अधिकार यस संविधानको अधीनमा रही अनुसूची ... मा उल्लिखित संघीय सूचि र साझा सूचिमा उल्लिखित विपयवस्तुमा सीमित रहनेछ ।<br>(५) उपधारा (३) बमोजिम नेपाल सरकारको | (१) नेपालको कार्यकारिणी अधिकार यो संविधान र अन्य कानून बमोजिम मन्त्रिपरिषद्मा निहित हुनेछ ।<br>(२) यो संविधान र अन्य कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा हुनेछ ।<br>(३) नेपालको संघीय कार्यकारिणी सम्बन्धी सम्पूर्ण कामहरू नेपाल सरकारको नाममा हुनेछ ।<br>(४) उपधारा (३) बमोजिम नेपाल सरकारको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण कानूनद्वारा व्यवस्था भएबमोजिम हुनेछ । | |

| सि.नं. | विषय | असहमतिका विषय | [illegible] लागेको विषय | कै. |
|---|---|---|---|---|
| | | नाममा हुने निर्णय वा आदेश र तत्सम्वन्धी अधिकारपत्रको प्रमाणीकरण कानूनद्वारा व्यवस्था भएवमोजिम हुनेछ । | | |
| ३५. | धारा १५<br>मन्त्रिपरिषद्को गठन | (१) राष्ट्रपतिले व्यवस्थापिकाको तल्लो सदनमा वहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री पदमा नियुक्त गरी निजकै अध्यक्षतामा मन्त्रिपरिषदको गठन गर्नेछ ।<br>(२) मन्त्रिपरिषद्मा प्रधानमन्त्रीका अतिरिक्त आवश्यकता अनुसार उप-प्रधानमन्त्री र अन्य मन्त्रिहरू रहने छन् ।<br>**स्पष्टीकरण** : यस धाराको प्रयोजनका लागि "मन्त्री" भन्नाले मन्त्रालयको छुट्टै कार्यभार सम्हाल्ने राज्य मन्त्रि समेतलाई जनाउनेछ ।<br>(३) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा व्यवस्थापिकाका सदस्यहरू मध्येबाट समानुपातिक समावेशी सिद्धान्त बमोजिम उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू नियुक्त गर्नेछ ।<br>(४) प्रधानमन्त्री र अन्य मन्त्रिहरू व्यवस्थापिका-संसदप्रति सामूहिकरूपमा उत्तरदायी हुनेछन् र मन्त्रिहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र व्यवस्थापिका-संसदप्रति उत्तरदायी हुनेछन् ।<br>(५) देहायका अवस्थामा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा, वा<br>(ख) धारा ... बमोजिम निजको विरूद्ध अविश्वासको प्रस्ताव पारित भएमा, वा<br>(ग) निज व्यवस्थापिकाको तल्लो सदनको सदस्य नरहेमा, वा<br>(घ) निजको मृत्यु भएमा ।<br>(६) उप-प्रधानमन्त्री वा अन्य मन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् :-<br>(क) निजले प्रधानमन्त्री समक्ष लिखित राजीनामा दिएमा, वा<br>(ख) प्रधानमन्त्रीले निजलाई पद मुक्त गरेमा, वा<br>(ग) उपधारा (५) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएमा, वा | (१) राष्ट्रपतिले प्रतिनिधिसभामा वहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री पदमा नियुक्त गरी निजकै अध्यक्षतामा मन्त्रिपरिषदको गठन गर्नेछ ।<br>(२) मन्त्रिपरिषद्मा प्रधानमन्त्रीका अतिरिक्त आवश्यकता मन्त्रीहरू रहने छन् ।<br>**स्पष्टीकरण** : यस भागको प्रयोजनका लागि "मन्त्री" भन्नाले उपप्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्री समेतलाई जनाउँछ ।<br>(३) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्यहरू मध्येबाट समावेशी सिद्धान्त बमोजिम मन्त्रीहरू नियुक्त गर्नेछ ।<br>(४) प्रधानमन्त्री र अन्य मन्त्रीहरू संघीय संसदप्रति सामूहिकरूपमा उत्तरदायी हुनेछन् र मन्त्रीहरू आफ्ना मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र संघीय संसदप्रति उत्तरदायी हुनेछन् ।<br>(५) देहायका अवस्थामा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा, वा<br>(ख) धारा ... बमोजिम निजको विरूद्ध अविश्वासको प्रस्ताव पारित भएमा, वा विश्वासको प्रस्ताव पारित हुन नसकेमा, वा<br>(ग) निज प्रतिनिधिसभाको सदस्य नरहेमा, वा<br>(घ) निजको मृत्यु भएमा ।<br>(६) मन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् :-<br>(क) निजले प्रधानमन्त्री समक्ष लिखित राजीनामा दिएमा, वा<br>(ख) प्रधानमन्त्रीले निजलाई पद मुक्त गरेमा, वा<br>(ग) उपधारा (५) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएमा, वा<br>(घ) निजको मृत्यु भएमा । | |

| सि.नं. | विषय | असहमतिका विषय | [illegible] लागेको विषय | [illegible] |
|---|---|---|---|---|
| | | (घ) निजको मृत्यु भएमा ।<br>(७) उपधारा (५) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएपनि अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्नेछ ।<br>तर प्रधानमन्त्रीको मृत्यु भएमा नयाँ प्रधानमन्त्रीको चयन नभएसम्मको लागि उप-प्रधानमन्त्री वा वरिष्ठतम मन्त्रिले प्रधानमन्त्रीको रूपमा कार्य सञ्चालन गर्नेछ । | (७) उपधारा (५) बमोजिम प्रधानमन्त्री आफ्नो पदबाट मुक्त भएपनि अर्को मन्त्रिपरिषद् गठन नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्नेछ ।<br>तर प्रधानमन्त्रीको मृत्यु भएमा नयाँ प्रधानमन्त्रीको चयन नभएसम्मको लागि उप-प्रधानमन्त्री वा वरिष्ठतम मन्त्रिले प्रधानमन्त्रीको रूपमा कार्य सञ्चालन गर्नेछ । | |
| ३६. | धारा १६<br>राज्यमन्त्री र सहायकमन्त्री | (१) प्रधानमन्त्रीले व्यवस्थापिकाको सदस्य मध्येबाट समानुपातिक समावेशी सिद्धान्त बमोजिम राज्यमन्त्री नियुक्त गर्न सक्नेछ ।<br>(२) प्रधानमन्त्रीले कुनै मन्त्रिलाई निजको कार्यभार सञ्चालनमा सहायता गर्न व्यवस्थापिकाको सदस्य मध्येबाट समानुपातिक समावेशी सिद्धान्तबमोजिम सहायकमन्त्री नियुक्त गर्न सक्नेछ ।<br>(३) उपधारा (१) र (२) बमोजिम राज्यमन्त्री र सहायकमन्त्रीहरू धारा १८ मा तोकिएको संख्यामा नबढ्ने गरी नियुक्त गरिनेछ । | (१) प्रधानमन्त्रीले संघीय संसदको सदस्य मध्येबाट समावेशी सिद्धान्त बमोजिम राज्यमन्त्री नियुक्त गर्न सक्नेछ ।<br>(२) प्रधानमन्त्रीले कुनै मन्त्रीलाई निजको कार्यभार सञ्चालनमा सहायता गर्न संघीय संसदको सदस्य मध्येबाट समावेशी सिद्धान्तबमोजिम सहायकमन्त्री नियुक्त गर्न सक्नेछ ।<br>(३) उपधारा (१) र (२) बमोजिम राज्यमन्त्री र सहायकमन्त्रीहरू धारा १८ मा तोकिएको संख्यामा नबढ्ने गरी नियुक्त गरिनेछ । | |
| ३७. | धारा १७<br>व्यवस्थापिकाको सदस्य नभएको व्यक्ति मन्त्री हुने | (१) धारा १५ र १६ मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापिकाको सदस्य नभएको कुनै व्यक्तिलाई प्रधानमन्त्रीले मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्रीमा नियुक्त गर्न सक्नेछ ।<br>तर यस्तो मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्रीले शपथग्रहण गरेको मितिले ६ महिना भित्र व्यवस्थापिकाको सदस्यता प्राप्त गर्नुपर्नेछ । यस अवधि भित्र सदस्यता प्राप्त गर्न नसकेमा व्यवस्थापिकाको तल्लो सदनको सो कार्यकाल भरी निज मन्त्री पदमा पुनः नियुक्तिका लागि योग्य मानिने छैन ।<br>(२) पछिल्लो पटक सम्पन्न संघीय व्यवस्थापिकाको आम निर्वाचनमा पराजित भएको व्यक्तिलाई उपधारा (१) बमोजिम मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्री पदमा नियुक्त गरिने छैन । | (१) धारा १५ र १६ मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय संसदको सदस्य नभएको कुनै व्यक्तिलाई प्रधानमन्त्रीले मन्त्रीमा नियुक्त गर्न सक्नेछ ।<br>तर यस्तो मन्त्रीले शपथ ग्रहण गरेको मितिले छ महिना भित्र संघीय संसदको सदस्यता प्राप्त गर्नुपर्नेछ । यस अवधि भित्र सदस्यता प्राप्त गर्न नसकेमा प्रतिनिधि सभाको सो कार्यकाल भरी निज मन्त्री पदमा पुनः नियुक्तिका लागि योग्य मानिने छैन ।<br>(२) पछिल्लो पटक सम्पन्न प्रतिनिधिसभाको आम निर्वाचनमा पराजित भएको व्यक्तिलाई उपधारा (१) बमोजिम मन्त्री पदमा नियुक्त गरिने छैन । | |
| ३८. | धारा १८<br>मन्त्रिपरिषदको अधिकतम संख्या | यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रिपरिषदमा प्रधानमन्त्रीले २५ जनामा नबढाई मन्त्रीहरूको नियुक्ति गर्नेछ । | यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रिपरिषदमा प्रधानमन्त्रीले पच्चीस जनामा नबढाई मन्त्रीहरूको नियुक्ति गर्नेछ । | |
| ३९. | धारा १९<br>पारिश्रमिक | प्रधानमन्त्री, उप-प्रधानमन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण हुनेछ । सो | प्रधानमन्त्री र मन्त्रीहरूको पारिश्रमिक र अन्य सुविधाहरू ऐनद्वारा निर्धारण हुनेछ । सो बमोजिम ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले | |

| सि.नं. | विषय | [illegible]सहमतिका विषय | [illegible] लागेको विषय | कै[illegible] |
|---|---|---|---|---|
| | तथा अन्य सुविधाहरू | बमोजिम ऐनद्वारा निर्धारण नभएसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ । | तोके बमोजिम हुनेछ । | |
| ४०. | धारा २०<br>शपथ | प्रधानमन्त्रीले राष्ट्रपति समक्ष र उप-प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीले प्रधानमन्त्री समक्ष आफ्नो पद र गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ । | प्रधानमन्त्रीले राष्ट्रपति समक्ष र मन्त्रीले प्रधानमन्त्री समक्ष आफ्नो पद र गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ । | |
| ४१. | धारा २१<br>नेपाल सरकारको कार्य सञ्चालन | (१) नेपाल सरकारबाट स्वीकृत नियमावली बमोजिम नेपाल सरकारको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।<br>(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भयो वा भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन सकिने छैन । | (१) नेपाल सरकारबाट स्वीकृत नियमावली बमोजिम नेपाल सरकारको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।<br>(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भयो वा भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन सकिने छैन । | |
| ४२. | धारा २२<br>विश्वासको मत र अविस्वासको प्रस्ताव सम्बन्धी व्यवस्था | (१) प्रधानमन्त्री माथि विश्वास छैन भनी संघीय व्यवस्थापिकाको तल्लो सदनका कूल सदस्यहरू मध्ये एक चौथाई सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी राखेको अविश्वासको प्रस्ताव सदनको कूल सदस्य संख्याको बहुमतले पारित भएमा प्रधानमन्त्री पदमुक्त भएको मानिनेछ ।<br>(२) यस्तो अविश्वासको प्रस्ताव प्रधानमन्त्री नियुक्त भएपछि पहिलो एक वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको अर्को एक वर्ष भित्र राख्न पाइने छैन ।<br>(३) यस धारा बमोजिम राखिएको अविश्वासको प्रस्तावमा प्रस्ताव पारित भएमा गठन हुने मन्त्रिपरिषदको अध्यक्षता गर्ने प्रधानमन्त्रीको नाम समेत प्रस्तावित हुनुपर्नेछ । | (१) प्रधानमन्त्रीले कुनै पनि बखत आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतको लागि प्रतिनिधिसभा समक्ष प्रस्ताव राख्न सक्नेछ ।<br>(२) प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा प्रधानमन्त्रीले विश्वास गुमाएको ठोस आधार सहित प्रतिनिधि सभामा प्रश्न उठेमा तीस दिन भित्र प्रधानमन्त्रीले विश्वासको मतको लागि प्रतिनिधिसभा समक्ष प्रस्ताव राख्नु पर्नेछ ।<br>(३) उपधारा (१) र (२) बमोजिम पेश भएको प्रस्तावमाथि छलफल हुँदा प्रतिनिधिसभामा तत्काल कायम सम्पूर्ण सदस्य संख्याको बहुमतले पारित हुन नसकेमा प्रधानमन्त्री आफ्नो पदबाट स्वतः मुक्त हुनेछ ।<br>(४) प्रधानमन्त्री माथि विश्वास छैन भनी प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरू मध्ये एक चौथाई सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी राखेको अविश्वासको प्रस्ताव प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतले पारित भएमा प्रधानमन्त्री पदमुक्त भएको मानिनेछ ।<br>(५) यस्तो अविश्वासको प्रस्ताव प्रधानमन्त्री नियुक्त भएपछि पहिलो दुई वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको अर्को एक वर्ष भित्र राख्न पाइने छैन ।<br>(६) यस धारा बमोजिम राखिएको अविश्वासको प्रस्ताव पारित भएमा ततपश्चात् हुने निर्वाचनमा उम्मेदवार हुने प्रधानमन्त्रीको नाम समेत प्रस्तावित हुनुपर्नेछ । | |
| ४३. | धारा २३<br>प्रधानमन्त्रीको नियुक्ति | (१) संघीय व्यवस्थापिकाको तल्लो सदनमा कुनै दलले स्पष्ट वहुमत प्राप्त गर्न नसकेको अवस्थामा राष्ट्रपतिले दुई वा | (१) प्रतिनिधि सभामा कुनै दलले स्पष्ट वहुमत प्राप्त गर्न नसकेको अवस्थामा राष्ट्रपतिले दुई वा दुईभन्दा बढी दलहरूको समर्थनबाट | |

| क्र.सि.नं. | विषय | असहमतिका विषय | टुंगो लागेको विषय | कैफियत |
|---|---|---|---|---|
| | सम्बन्धी विशेष व्यवस्था | दुईभन्दा बढी दलहरूको समर्थनबाट संघीय व्यवस्थापिकाको तल्लो सदनका सदस्यहरूको वहुमतको विश्वास प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्त गर्नेछ ।<br>(२) उपधारा (१) बमोजिम कुनै सदस्यले संघीय व्यवस्थापिकाको तल्लो सदनका सदस्यहरूको वहुमत प्राप्त गर्न नसक्ने अवस्था भएमा राष्ट्रपतिले सो सदनमा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधानमन्त्रीको पदमा नियुक्त गर्नेछ ।<br>(३) उपधारा (१) वा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले आफू नियुक्त भएको ३० दिनभित्र संघीय व्यवस्थापिकाको तल्लो सदनबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ ।<br>(४) उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (३) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले संघीय व्यवस्थापिकाको तल्लो सदनलाई भंग गरी ६ महिना भित्र अर्को निर्वाचन हुने मिति तोक्नेछ । | प्रतिनिधि सभाका सदस्यहरूको वहुमतको विश्वास प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमन्त्री पदमा नियुक्त गर्नेछ ।<br>(२) उपधारा (१) बमोजिम कुनै प्रतिनिधिसभाका सदस्यहरूको वहुमत प्राप्त गर्न नसक्ने अवस्था भएमा राष्ट्रपतिले सो सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई प्रधानमन्त्रीको पदमा नियुक्त गर्नेछ ।<br>(३) उपधारा (१) वा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले आफू नियुक्त भएको तीस दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ ।<br>(४) उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (३) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभालाई विघटन गरी छ महिना भित्र अर्को निर्वाचन हुने मिति तोक्नेछ । | |
| ४४. | धारा २४ राष्ट्रपतिलाई सूचना दिने र राष्ट्रपतिले सुझाव दिन सक्ने | (१) देहायका विषयहरूमा प्रधानमन्त्रीले राष्ट्रपतिलाई जानकारी गराउनेछ :-<br>(क) नेपालको शासन व्यवस्था सम्बन्धी मन्त्रिपरिषदका निर्णयहरू,<br>(ख) व्यवस्थापिकामा पेश गरिने विधेयकहरू,<br>(ग) खण्ड (क) र (ख) मा उल्लेखित विषयहरूसँग सम्बन्धित राष्ट्रपतिले जानकारी मागेका अन्य कुराहरू र<br>(घ) देशको समसामयिक परिस्थिति र शान्ति सुरक्षा, राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक र वैदेशिक सम्बन्धका कुराहरू ।<br>(२) राष्ट्रपतिले राष्ट्रिय महत्वका विषयहरूमा मन्त्रिपरिषदलाई सुझाव वा प्रोत्साहन दिन सक्नेछ । | (१) देहायका विषयहरूमा प्रधानमन्त्रीले राष्ट्रपतिलाई जानकारी गराउनेछ :-<br>(क) नेपालको शासन व्यवस्था सम्वन्धी मन्त्रिपरिषदका निर्णयहरू,<br>(ख) संघीय संसदमा पेश गरिने विधेयकहरू,<br>(ग) खण्ड (क) र (ख) मा उल्लेखित विषयहरूसँग सम्बन्धित राष्ट्रपतिले जानकारी मागेका अन्य कुराहरू र<br>(घ) देशको समसामयिक परिस्थिति र शान्ति सुरक्षा, राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक र वैदेशिक सम्बन्धका कुराहरू ।<br>(२) राष्ट्रपतिले राष्ट्रिय महत्वका विषयहरूमा मन्त्रिपरिषदलाई सुझाव वा प्रोत्साहन दिन सक्नेछ । | |
| ४५ | थप हुनु पर्ने | | संक्रमणकालिन व्यवस्था सम्वन्धी भागमा समावेश गर्ने :-<br>१) नयाँ संविधान घोषणा पश्चात राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुखको निर्वाचन रुपान्तरित व्यवस्थापिका-संसदबाट नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम हुने गरी | |

| सि.नं. | विषय | असहमतिका विषय | टुङ्गो लागेको विषय | कैफियत |
|---|---|---|---|---|
| | | | व्यवस्था गरिनेछ ।<br>२) नयाँ संविधानको व्यवस्था बमोजिम प्रतिनिधिसभाको अर्को निर्वाचन सम्पन्न नभए सम्म रुपान्तरित व्यवस्थापिका-संसदबाट प्रधानमन्त्रीको निर्वाचन, विश्वासको मत, अविश्वासको प्रस्ताव तथा मन्त्रिपरिषद्को गठन सम्बन्धी सबै कार्य नेपालको अन्तिरिम संविधान, २०६३ को व्यवस्था बमोजिम हुने गरी व्यवस्था गरिनेछ । राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख विरुद्ध महाअभियोग व्यवस्था पनि अन्तिरिम संविधान, २०६३ बमोजिम नै हुने गरी व्यवस्था गरिनेछ । | |

## ७. राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समिति :-

**१६ बुँदे राजनीतिक सहमतिमा उल्लिखित सहमतिका बुँदाहरु :-**

१) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा पहिचानका ५ र सामर्थ्यका ४ आधारमा आठ (८) प्रदेश निर्माण गरिनेछ ।

२) प्रदेशको नामाकरण प्रदेश सभाको दुई तिहाइ बहुमतको निर्णयबाट गरिनेछ ।

३) प्रदेशको सीमाङ्कन सम्वन्धी सिफारिस गर्न नेपाल सरकारले एक संघीय आयोग गठन गर्नेछ । आयोगको कार्यावधि ६ महिना हुनेछ । संघीय आयोगको सुझाव-प्रतिवेदन प्राप्त भएपछि प्रदेशको सीमाङ्कनको अन्तिम निर्णय व्यवस्थापिका संसदको दुई तिहाइ बहुमतले गर्नेछ ।

| क.स. | विषयवस्तु | असहमतिका विषय | टुङ्गो लागेको विषय | कैफियत |
|---|---|---|---|---|
| १. | **राज्यको पुनसंरचना र राज्यशक्तिको स्वरुपः**<br>**धारा ३** | (१) नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाले यस संविधानमा उल्लेख गरिए बमोजिम गर्नेछन् ।<br>(३) प्रदेश, स्थानीय तह र विशेष संरचना अन्तर्गतका स्वायत्त क्षेत्रमा बसोबास गर्ने आदिवासी, आदिवासी जनजातिको पहिचान, स्वशासन र स्वायत्तताको प्रत्याभुति हुनेछ । | १६ बुँदे राजनीतिक सहमतिमा उल्लिखित उपयुर्क्त विषयहरुको आधारमा संविधान मस्यौदा समितिबाट मिलाई मस्यौदा गर्ने । | |
| २. | **संघीय नेपालको तहगत संरचना**<br>**धारा ४** | (३) उपधारा (१) बमोजिमको स्थानीय तहमा संविधानको अनुसूची ६ मा उल्लेखित अधिकार प्रयोग गर्ने गरी प्रादेशिक कानून अन्तर्गत विधायिकी, कार्यकारिणी र न्यायिक अधिकार रहेको एक निर्वाचित परिषद रहने छ ।<br>(४) उपधारा (१) बमोजिमको मूल संरचनाको अतिरिक्त विशेष संरचनाको रुपमा संविधानको धारा ८ मा व्यवस्था भए बमोजिम प्रदेश अन्तर्गत स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र रहन सक्नेछन् ।<br>(५) उपधारा (४) बमोजिम स्थापना हुने स्वायत्त क्षेत्रमा संविधानको अनुसूची ७ मा उल्लेखित अधिकार प्रयोग गर्ने गरी प्रादेशिक कानून अन्तर्गत विधायिकी, कार्यकारिणी र न्यायिक | " " | |

| | | | | |
|---|---|---|---|---|
| | | अधिकार रहेको एक निर्वाचित परिषद रहने छ । | | |
| ३. | **प्रदेशको निर्माण धारा ५** | (१) नेपालको एकात्मक राज्यको स्वरुपलाई पुनर्संरचना गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई चौध स्वायत्त प्रदेशमा विभाजन गरिएको छ ।<br>(२) उपधारा (१) बमोजिम निर्माण गरिएका प्रदेशको नाम र क्षेत्र अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>(३) उपधारा (२) बमोजिम विभाजित प्रदेशको नाम हेरफेर गर्नु परेमा सम्बन्धित प्रदेशको प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई बहुमतको निर्णय भई प्रादेशिक सरकारको सिफारिसमा संघीय व्यवस्थापिकाको दुई तिहाई वहुमतले अनुमोदन गर्नु पर्नेछ ।<br>(४) उपधारा (३) बमोजिम प्रदेशको नाम हेरफेर गर्ने विषयमा संघीय व्यवस्थापिकाको दुई तिहाई वहुमत कायम हुन नसकेमा सम्बन्धित प्रदेशको व्यवस्थापिकाले आवश्यक ठानेमा जनमत संग्रह गर्न सक्ने छ ।<br>(५) यस संविधान बमोजिमका प्रदेशहरु एक आपसमा गाभिन तथा थप नयाँ प्रदेशको रुपमा निर्माण गर्न परेमा वा प्रादेशिक सिमानालाई एक आपसमा मिलाई हेरफेर गर्न परेमा सम्वन्धित प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई वहुमतको निर्णय भई प्रादेशिक सरकारको सिफारिसलाई संघीय व्यवस्थापिकाको दुई तिहाई वहुमतले अनुमोदन गर्नु पर्नेछ ।<br>(६) उपधारा (५) बमोजिमको प्रक्रिया अवलम्बन गर्दा संघीय व्यवस्थापिकामा दुई तिहाई बहुमत नपुगी अनुमोदन गर्न नसकेमा सम्वन्धित प्रदेशहरुमा जनमत संग्रह गर्न सकिने छ ।<br>(७) उपधारा (४) र उपधारा (६) बमोजिम भएको जनमत संग्रहको निर्णय अनुसार संघीय व्यवस्थापिकाले संविधान संशोधन गर्ने छ ।<br>(८) उपधारा (३), उपधारा (४) र उपधारा (५) बमोजिम संघीय व्यवस्थापिकाको दुई तिहाई वहुमतले अनुमोदन गर्ने र उपधारा (४) र उपधारा (६) बमोजिम जनमत संग्रह गर्ने लगायत अन्य व्यवस्था संघीय व्यवस्थापिकाले कानूनद्वारा निर्धारण गरे बमोजिम हुने छ ।<br>(९) प्रदेशको राजधानी अनुसूची १ मा उल्लेख भए बमोजिम हुने छ । प्रादेशिक राजधानी हेरफेर गर्नु परेमा प्रादेशिक व्यवस्थापिकाले निर्धारण गरेको स्थानमा रहने छ । प्रादेशिक राजधानीको स्थान हेरफेर गर्ने कार्यविधि र प्रक्रिया प्रादेशिक व्यवस्थापिकाले निर्धारण गरे बमोजिम हुनेछ । | ,, ,, | |

| | | | | |
|---|---|---|---|---|
| ४. | **संघको राजधानी**<br>**धारा ६** | (१) संघको राजधानी संघीय सरकारले तोकेको स्थानमा रहनेछ ।<br>(२) उपधारा (१) बमोजिम तोकिएको स्थानलाई संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतले हेरफेर गर्न सक्नेछ । | " " | |
| ५. | **स्थानीय तहको निर्माण र क्षेत्र निर्धारण**<br>**धारा ७** | (१) यस संविधान बमोजिम निर्माण भएका प्रदेश अन्तर्गत स्थानीय तहको रुपमा गाउँपालिका र नगरपालिका रहनेछन् ।<br>(२) उपधारा (१) बमोजिम रहने स्थानीय तहको संख्या र क्षेत्र निर्धारण गर्नको लागि प्रादेशिक सरकारलाई संघीय सरकारले निश्चित मापदण्ड तोक्न सक्ने छ । यसरी मापदण्ड तोक्दा संघीय सरकारले सापेक्षिक रुपमा समान जनसंख्या, भौगोलिक तथा प्रशासनिक अनुकूलता, जनसंख्याको घनत्व, यातायातको सुविधा, प्राकृतिक स्रोत र साधनको अवस्थिति र सम्बन्धित क्षेत्रका बासिन्दाको सांस्कृतिक तथा सामुदायिक पक्षलाई ध्यान दिनु पर्ने छ ।<br>(३) उपधारा (२) बमोजिम संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित प्रादेशिक सरकारले स्थानीय तहको नाम, संख्या र क्षेत्र निर्धारण गर्न उच्च स्तरीय आयोग गठन गर्ने छ । सो आयोगले स्थानीय स्वायत्त शासन संचालन गर्न अनुकूल हुने गरी स्थानीय तहको गठनमा सकभर एकरुपता कायम गर्ने छ ।<br>(४) उपधारा (१) बमोजिम गठन हुने स्थानीय तहको संख्या, सिमा र क्षेत्र यो संविधान बमोजिम प्रादेशिक सरकार गठन भएको मितिले एक वर्ष भित्र निर्धारण गरी सक्नु पर्नेछ ।<br>(६) स्थानीय तहको गठन र संरचना सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनद्वारा निर्धारण गरे बमोजिम हुने छ । | " " | |
| ६. | **विशेष संरचना सम्वन्धी व्यवस्था**<br>**धारा ८** | (१) संविधानको धारा ४ बमोजिमको मूल संरचनाको अतिरिक्त कुनै प्रदेश भित्र एक जाति/सुमदाय वा भाषिक समुदायको बाहुल्य भएको वा सघन उपस्थिति रहेको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ ।<br>(२) उपधारा (१) को अतिरिक्त अति अल्पसंख्यकरुपमा रहेका जाति/समुदाय, सांस्कृतिक क्षेत्र, लोपोन्मुख र सिमान्तकृत जातिहरुको संरक्षण र सम्वर्द्धन गर्न कुनै क्षेत्रलाई संरक्षित क्षेत्र कायम गर्न सकिनेछ ।<br>(३) उपधारा (१) र (२) बमोजिमको क्षेत्रले नसमेटेका सम्वन्धित प्रदेश भित्र पिछडिएका तथा आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्र वा विषयगत क्षेत्रको विकास गर्न कुनै खास भौगोलिक क्षेत्रलाई विशेष क्षेत्र कायम गर्न | " " | |

| | | | | |
|---|---|---|---|---|
| | | सकिनेछ । (४) उपधारा (१) बमोजिम प्रदेश अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रहरु अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछन् । अनुसूचीमा उल्लेखित स्वायत्त क्षेत्रहरुको अतिरिक्त थप नयाँ निर्माणको लागि सिफारिस गर्न प्रादेशिक सरकारले एक अधिकार सम्पन्न आयोग गठन गर्नेछ । स्वायत्त क्षेत्रको निर्माण पहिलोपटक प्रादेशिक सरकार गठन भएको एक वर्ष भित्र गरिसक्नु पर्नेछ । (५) उपधारा (४) बमोजिमका स्वायत्त क्षेत्रहरुको नाम हेरफेर, थपघट र परिवर्तन गर्नु परेमा सम्बन्धित प्रादेशिक व्यवस्थापिकाको सिफारिसलाई संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट अनुमोदन गर्नु पर्नेछ । (६) उपधारा (२) र (३) बमोजिम संरक्षित क्षेत्र र विशेष क्षेत्र निर्माण गर्नु परेमा सम्बन्धित प्रादेशिक व्यवस्थापिकाको बहुमतको निर्णयबाट गर्न सकिनेछ । (७) स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | |
| ७. | **संघ, प्रदेश, स्थानीय तह रविशेष संरचनाको अधिकारको बाँडफाँड धारा ९** | (५) स्थानीय तहको अधिकार संविधानको अनुसूची ६ मा उल्लेख भए बमोजिम हुने छ । अनुसूची ६ मा उल्लेखित विषयमा स्थानीय तहले आवश्यक कानून बनाउन सक्नेछ । यसरी बनाएको कानून प्रादेशिक कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ । (६) उपधारा (५) को विधायिकी अधिकार सहित स्थानीय तहमा व्यवस्था भएको निर्वाचित परिषदलाई कार्यकारिणी र न्यायिक अधिकार हुनेछ । (७) विशेष संरचना अन्तर्गतको स्वायत्त क्षेत्रको अधिकार संविधानको अनुसूची ७ मा उल्लेख भए बमोजिम हुनेछ । अनुसूची ७ मा उल्लेखित विषयमा स्वायत्त क्षेत्रले आफ्नो क्षेत्र भित्र लागु हुने गरी कानून बनाउन सक्नेछ । यसरी बनाएको कानून प्रादेशिक कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ । (८) उपधारा (७) को विधायिकी अधिकार सहित स्वायत्त क्षेत्रमा व्यवस्था भएको निर्वाचित परिषदलाई कार्यकारिणी र न्यायिक अधिकार रहनेछ । (९) यस संविधान बमोजिम स्थापना गरिने विशेष संरचना अन्तर्गतका विशेष क्षेत्र र संरक्षित क्षेत्रको अधिकार प्रादेशिक कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । (१०) उपधारा (५) र (७) मा उल्लेखित कुराले | " " | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रादेशिक सरकारलाई आफ्नो सूचीमा परेको विषयमा कानूनद्वारा स्थानीय तह र विशेष संरचनालाई थप अधिकार प्रदान गर्न बाधा पुऱ्याएको मानिने छैन ।<br>(११) संघ, प्रदेश, स्थानीय तह तथा विशेष संरचना अन्तर्गतको स्वायत्त क्षेत्रको अधिकारको सुचीमा वा साझा सुचीमा उल्लेख नभएको कुनै विषयमा तथा यो संविधान तथा संविधान अन्तरगतका कानूनमा नतोकिएको विषयमा कानून वनाउने अधिकार संघीय व्यवस्थापिकामा निहित हुनेछ । | | |
| ८. | **संघीय एकाइहरु वीच उत्पन्न हुने विवाद समाधान सम्बन्धी व्यवस्था धारा ११** | (१) संघ र प्रदेश वीच र प्रदेश प्रदेश वीच विवाद उत्पन्न हुन नदिन र उत्पन्न भएका विवादको समाधान गर्न वा समाधान नभएका विषय संघीय व्यवस्थापिकामा सिफारिस गर्न एक अन्तर प्रादेशिक परिषद रहने छ । जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहने छन् ।<br>क) कार्यकारी प्रमुख – अध्यक्ष<br>ख) संघीय गृहमन्त्री – सदस्य<br>ग) संघीय अर्थमन्त्री – सदस्य<br>घ) प्रदेशका प्रमूखहरु – सदस्य<br><br>(११) संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह, प्रदेश र विशेष संरचना र स्थानीय तह र विशेष संरचनाका क्षेत्रहरु वीच संविधानद्वारा सूचीकृत अधिकारको विषयमा वा संवैधानिक व्याख्याको विषयमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादको शुरु कारबाही र किनारा गर्ने अधिकार संवैधानिक अदालतलाई हुनेछ ।<br>(१२) संवैधानिक अदालतमा एक जना अध्यक्ष सहित पाँच जना सदस्यहरु रहने छन् ।<br>(१३) संवैधानिक अदालतका अध्यक्ष र सदस्यहरुको नियुक्ति प्रक्रिया र योग्यता क्रमशः संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश र अन्य न्यायाधीश सरह हुने छ ।<br>(१४) संवैधानिक अदालतका अध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक, सेवाको शर्त र अन्य सुविधा क्रमशः संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश र न्यायाधीश सरह हुनेछ ।<br>(१५) संवैधानिक अदालतले विवाद निरुपण गर्ने कार्यविधि र प्रक्रिया कानूनद्वारा निर्धारण गरे बमोजिम हुने छ ।<br>(१६) उपधारा (११) मा व्यवस्था भए बमोजिमका विषयमा संवैधानिक अदालतले गरेको निर्णय अन्तिम हुनेछ । | " " | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | **आत्मनिर्णयको अधिकार धारा १२** | (१) आदिवासी, आदिवासी जनजाती, मधेशीलाई आन्तरिक र स्थानीय रुपमा राजनीति, संस्कृति, धर्म, भाषा, शिक्षा, सूचना, संचार, स्वास्थ्य, बसोबास, रोजगार, सामाजिक सुरक्षा, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि, स्रोतसाधनको परिचालन तथा वातावरण सम्बन्धी अधिकारका रुपमा आत्मनिर्णयको अधिकार रहने छ । यी विषयहरुमा कानून बनाई निश्चित गरिने छ ।<br>(२) उपधारा (१) बमोजिम आत्मनिर्णयको अधिकारको प्रयोग गर्दा देशको सार्वभौमसत्ता, स्वतन्त्रता, एकता र क्षेत्रीय अखण्डतामा खलल नपर्ने गरी गरिने छ । | " | " | |
| १०. | **राजनैतिक अग्राधिकार सम्बन्धी व्यवस्था धारा १३** | (१) मूल संरचना अन्तर्गत जातीय/समुदायका आधारमा निर्माण हुने प्रदेशहरुको हकमा राजनैतिक दलहरुले निर्वाचनको समयमा र प्रादेशिक सरकार निर्माणको क्रममा सम्बन्धित प्रदेशमा बाहुल्य रहेको जाति/समुदायको सदस्यलाई मूख्य नेतृत्व तहमा प्राथमिकता दिनु पर्नेछ । तर यस्तो राजनैतिक अग्राधिकारको व्यवस्था दुई कार्यकाल पछि स्वतः निष्क्रिय हुनेछ ।<br>(२) विशेष संरचना अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रमा बाहूल्य रहेको जाति/समुदायको त्यस्तो स्वायत्त क्षेत्रको प्रमूख नेतृत्व तहमा राजनैतिक अग्राधिकार हुनेछ । तर यस्तो राजनैतिक अग्राधिकारको व्यवस्था दुई कार्यकाल पछि स्वतः निष्क्रिय हुनेछ । | " | " | |
| ११. | **अनुसूची १** | प्रदेशको संख्या सीमाना र क्षेत्र | " | " | |
| १२. | **अनुसूची २** | स्वायत्त क्षेत्रको सूची | " | " | |
| १३.. | **अनुसूची ३** | संघको अधिकारको सूची | " | " | |
| १४. | **अनुसूची ४** | प्रदेशको अधिकारको सूची | " | " | |

**८. समितिले पहिचान गरेका नयाँ विषयहरु :-**

**(क) नवीनतम् प्रावधानहरु :**

| | नयाँ विषय | टुङ्गो लागेको विषय |
|---|---|---|
| १. | राष्ट्रिय मान्यता प्राप्त दलहरु र तिनको नेतृत्वको योग्यता, पारदर्शिता तथा जवाफदेहिता सम्बन्धी व्यवस्था गरिनु पर्ने, | तत्कालिन संवैधानिक समितिको प्रतिवेदनमा राजनीतिक दल सम्बन्धी व्यवस्थामा सहमति देखिएकाले केही गर्न नपर्ने । |

| नयाँ विषय | | छुट्न लागेको विषय |
|---|---|---|
| २. | कुनै पनि संरचनाहरुका पदाधिकारीहरुको पदावधि समाप्त हुनु पूर्व नै संस्थागत अभिलेख रहन सक्ने गरी पदपूर्ति सहितको संस्थाप्रति उत्तरदायी र जवाफदेही सम्बन्धी व्यवस्था, | सुनुवाई सम्बन्धी व्यवस्था भइसकेकोले केहि गर्न नपर्ने । |
| ३. | राज्य पुर्नसंरचनाको आधार पहिचान र सामर्थतामा पहुँचको सहजता सम्बन्धी आधार समेत थप्नु पर्ने, | संघीय आयोग गठन गर्ने व्यवस्था भएकोले सोही आयोगबाट सम्वोधन हुने । |
| ४. | १६ देखि २२ वर्ष उमेर सम्मका युवायुवती सम्बन्धी कर्तव्य, अधिकार र दायित्व लगायतका प्रावधान समेटिएको संवैधानिक प्रावधान थप्नु पर्ने, | नागरिकको कर्तव्यमा यो विषय समावेश भैसकेको । |
| ५.<br>६. | आम निर्वाचन, प्रादेशिक तथा स्थानीय निर्वाचन सम्बन्धी मिति र समय संविधानमा उल्लेख हुनु पर्ने,<br>Elected body लाई कसैले पनि विघटन गर्न नसक्ने र election को date fix गर्ने अधिकार निर्वाचन आयोगलाई दिनु पर्ने, | निर्वाचन प्रणाली सम्बन्धी विषयमा सहमति भई सकेको । |
| ७. | सुकुम्वासीहरुलाई राज्यले उपलब्ध गराएको/गराईने घर, जग्गा लगायतका प्रावधानहरु निजहरुले उपभोग मात्र गर्न पाउने, बिक्री वितरण गर्न नपाउने व्यवस्था उल्लेख हुनु पर्ने, | कानून बनाई व्यवस्थित गर्ने विषय भएकोले केहि गर्न नपर्ने । |
| ८. | मजदूर र मालिकको हक हित सहित भेदभावको अन्त्य, सामाजिक सुरक्षा, राज्यका सबै अंगमा समानुपातिक सहभागिता सम्बन्धी कार्य गर्ने गरी संवैधानिक अंगका रुपमा राष्ट्रिय मजदुर आयोग/राष्ट्रिय श्रम आयोग गठन हुनु पर्ने, | समावेशी आयोगको गठन गर्ने व्यवस्था भएको र मजदुर किसानको सरोकार समेत सोही आयोगले सम्वोधन गर्ने । |
| ९. | कुनै पनि राजनीतिक दलले निर्वाचन क्षेत्र भन्दा मातहतका कमिटीहरु निर्माण गर्न नपाउने, गाविसको चुनाव दलीय आधारमा नहुने प्रत्याभूति भएको निर्वाचन प्रणाली अवलम्बन गर्नु पर्ने, | राजनीतिक दलको विधानबाट व्यवस्थित हुने विषय भएकोले केहि गर्न नपर्ने । |
| १०. | अन्तराष्ट्रिय मापदण्ड अनुसारको सेवा, सुरक्षा, छुट सहितको जीवनयापन सम्बन्धी जेष्ठ नागरिक अधिकार सुनिश्चित गर्नु पर्ने, | जेष्ठ नागरिकहरुको हक सम्बन्धी व्यवस्था मौलिक हकमा समावेश भई सकेको । जेष्ठ नागरिकको सरोकारलाई समावेशी आयोगले सम्वोधन गर्ने । |
| ११. | विभिन्न मुलुकमा बसोबास गर्ने नेपालीको चासो र एन.आर.एनहरुको सांस्कृतिक र आर्थिक लगायतका सम्वन्धहरु मातृभूमिसंग अन्यौंन्याश्रित रुपमा रहिरहने र भावनात्मक सम्बन्धहरु प्रगाढ रहने भएकाले एन.आर.एन.लगायत त्यस्ता समूदाय वीचको सम्बन्धलाई जीवन्त, सक्रिय तुल्याउने प्रावधान संविधानमा उल्लेख हुनु पर्ने, | नागरिकता सम्बन्धी विषयमा समेटिएको । |
| १२. | बर्गीय आधारमा गरीब, अपहेलित र उत्पीडित वर्गसम्म पुग्ने गरी आरक्षणको व्यवस्था हुनु पर्ने, | मौलिक अधिकार सम्वन्धी प्रावधानमा सम्वोधन गरिएको र कानून निर्माण गर्दा विशेष ध्यान दिनुपर्ने विषय । |
| १३. | विभिन्न सेवा समूहबाट सेवा निवृत्त राष्ट्र सेवकहरुको एउटै छाता संगठनको व्यवस्था सहित निजहरुको ज्ञान, सिप र दक्षताको भरपूर उपभोग गर्ने संयन्त्र निर्माण हुनु पर्ने, | आवश्यकताअनुसार यस विषयमा कानून बनाई व्यवस्था गर्ने । |
| १४. | दलहरुको Election खर्च सरकारले व्यहोर्ने व्यवस्था हुनु पर्ने, | कानूनमा व्यवस्थित हुने विषय |
| १५. | जग्गा, जमीन तथा हावा राज्यको हुनु पर्ने, | मौलिक अधिकारको सम्पत्ति सम्बन्धी अधिकारमा सम्वोधन भएको । |

| नयाँ विषय | | टुङ्गो लागेको विषय |
|---|---|---|
| १६. | निर्वाचन प्रणाली Rotation बाट दलित र महिलाको निर्वाचन क्षेत्र सम्बन्धी आरक्षणको व्यवस्था हुनु पर्ने, | निर्वाचन प्रणालीमा सहमति भई सकेको । |
| १७. | घोषणापत्रमा व्यक्त गरिएका प्रतिवद्धता पूरा नगरेमा दल खारेज हुने व्यवस्था हुनु पर्ने, | घोषणापत्रमा व्यक्त गरिएको प्रतिवद्धतलाई पुरा नगर्ने दललाई जनताले अविस्वास गर्ने हुदाँ केहि गर्न नपर्ने । |
| १८. | प्रदेशको सीमा नेताले होइन विज्ञले निर्धारण गर्नु पर्ने, | संघीय आयोगको गठन गर्ने व्यवस्था भई सकेको । |
| १९. | राज्यको नीतिमा नैतिकवान समाजको निर्माण सम्बन्धी प्रावधान राख्ने, | राज्यको नीति निर्देशक सिद्धान्त सम्बन्धी भागमा सहमति भई सकेको ले केहि गर्न नपर्ने । |
| २०. | राष्ट्रमा अन्तधार्मिक, अन्तरजातीय तथा क्षेत्रीय सद्भाव अभिवृद्धि गर्ने | राज्यको नीति निर्देशक सिद्धान्त सम्बन्धी भागमा सहमति भई सकेको ले केहि गर्न नपर्ने । |
| २१. | सुरक्षा निकायका सबै प्रमुखहरु रहने गरी राष्ट्रिय सुरक्षा परिषद् गठन गर्ने, | तत्कालीन राष्ट्रिय हितको संरक्षण समितिको प्रतिवेदनमा सहमति भै मस्यौदा समितिमा मस्यौदाका लागि गई सकेको विषयमा थप छलफलको आवश्यक नभएको |
| २२. | समलिंगी विवाहलाई प्रतिवन्ध लगाउने, | कानूनद्धारा व्यवस्थित गरिने विषय भएकोले केहि गर्न नपर्ने । |
| २३. | शैक्षिक संस्थाका प्रमुख र उपप्रमुख नियुक्ति गर्दा कुनै एक पदमा महिलालाई प्राथमिकता दिने, | कानूनद्धारा व्यवस्थित गरिने विषय भएकोले केहि गर्न नपर्ने । |
| २४. | २४ वर्ष उमेर भन्दा कम उमेरका युवा युवतीलाई न्यूनत्तम ३ महिना स्वयंसेवामा संलग्न रहने व्यवस्था अंगिकार गर्ने, | कानूनद्धारा व्यवस्थित गरिने विषय भएकोले केहि गर्न नपर्ने । |
| २५. | दलित र मुस्लिम लगायतका समुदायलाई राज्य होईन अवसर र अधिकार दिने व्यवस्था हुनु पर्ने, | मौलिक अधिकारमा संवोधन भैसकेको अन्य सरोकार दलित आयोग र समावेशी आयोगबाट सम्बोधन हुने । |
| २६. | राष्ट्रिय मानवअधिकार आयोगमा बाल अधिकार आयुक्त, राजनीतिक दलमा बालबालिकाको प्रयोग तथा दुरुपयोग सम्वन्धी व्यवस्था, बालबालिकाको सर्वोत्तम हितको लागि बालसहभागिता र बाल अधिकार सम्वन्धी स्पष्ट व्यवस्था हुनु पर्ने, | राज्यले बालकालिकासँग सम्बन्धीत सबै विषय तथा क्रियाकलापहरुमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने नीति अवलम्बन गर्ने छ भन्ने व्यवस्था राज्यको निर्देशक सिद्धान्त र नीतिहरुमा समावेश गर्ने । |
| २७. | राष्ट्रप्रमुख वा राज्यका महत्वपूर्ण पदहरु ग्रहण गर्नको लागि पाँच पुस्ता देखि बंशजको आधारमा नेपाली नागरिक हुनु पर्ने, | नागरिकता सम्बन्धी विषयमा संवोधन भैसकेकोले केहि गर्न नपर्ने । |
| २८. | विभिन्न आन्दोलनको नाममा कसैले पनि चक्काजाम र बन्द गर्न नपाइने तथा अत्यावश्यक सेवाको क्षेत्रमा हड्ताल समेत गर्न नपाईने विषय संविधानमा उल्लेख हुनु पर्ने, | संवैधानिक विषय नभएको र राजनीतिक दल सम्बन्धी कानून र दलहरुले लिने नीतिबाट सम्बोधन गर्न सकिने भएकोले केहि गर्न नपर्ने । |

**(ख) संविधानमा गहन छलफल गर्नु पर्ने बुंदा :**

| नयाँ विषय | | टुङ्गो लागेको विषय |
|---|---|---|
| १. | नेपालमा बोलिने विभिन्न मातृभाषालाई संघीय एंव प्रादेशिक भाषाको रुपमा मान्यता सहित सार्वजनिक महत्वका विषयमा जानकारी माग्ने र प्राप्त गर्ने नागरिक अधिकार सुनिश्चित गर्दै आफ्नो मातृभाषामा जानकारी पाउने हक सुरक्षित हुनु पर्ने, | भाषा सम्वन्धी विषयमा र सूचनाको हक सम्वन्धी विषयमा सहमति भई सकेकोले केहि गर्न नपर्ने । |
| २. | नयाँ बन्ने संविधानमा मुस्लिम लगायत अन्य समुदायको प्रथाजन्य संस्कृतिलाई संविधानबाट संरक्षित तुल्याउनु पर्ने, | मौलिक अधिकारमा संवोधन भैसकेको अन्य सरोकार समावेशी आयोगवाट सम्वोधन हुने । |
| ३. | नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लेख भएको अपमानजनक | व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समिति अन्तर्गत |

| | नयाँ विषय | टुङ्गो लागेको विषय |
|---|---|---|
| | "अन्य वर्ग" बाट खस क्षत्री, ब्राम्हण, दशनामी लगायतलाई हटाई नेपालको मूल जातिमा सूचीकृत गर्दै आदिवासी र जनजाति पृथक अर्थ राख्ने दुई अलग शब्द र विषय भएकोले त्यसलाई परिभाषित र अलग अलग व्याख्या गरी खस क्षेत्री, ब्राम्हण, दशनामी लगायतलाई आदिवासीमा सूचीकृत गर्ने, | यस विषयमा सहमति भई सकेको । |
| ४. | दलित समुदायको प्रतिनिधित्वको सवालमा केन्द्रिय प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनाहरुमा समानुपातिकका अतिरिक्त क्षतिपूर्ति वापत १० प्रतिशत थप प्रतिनिधित्वको सुनिश्तिता गरिनु पर्ने, | निर्वाचन प्रणालीमा सहमति भई सकेको । |
| ५. | प्रतिनिधिसभा पूर्ण समानुपातिक समावेशी हुनु पर्ने, | निर्वाचन प्रणालीमा सहमति भई सकेको । |
| ६. | मन्त्रिमण्डल र राजनीतिक नियुक्तिमा दलित र महिलाको अनिवार्यताको संबैधानिक सुनिश्चितता हुनु पर्ने, | कार्यपालिका, व्यवस्थापिका र संवैधानिक आयोग सम्बन्धी भागमा सम्वोधन भई सकेको । |
| ७. | दलित राष्ट्रिय विकास परिषद्को संवैधानिक व्यवस्था हुनु पर्ने, | दलित आयोगको व्यवस्था भैसकेकोले केहि गर्न नपर्ने । |
| ८. | गरिबीको रेखामुनि रहेका दलित व्यक्ति र परिवारलाई सुविधा कार्डको व्यवस्था गरी यातायात, शिक्षा तथा खाद्यान्नका क्षेत्रमा विशेष छुटको व्यवस्था हुनु पर्ने, | कानूनद्धारा व्यवस्था गर्नु पर्ने विषय भएकोले केहि गर्न नपर्ने । |
| ९. | बादी समुदायलाई प्राथमिक अधिकार दिई सबै क्षेत्रमा पहुंच र सहभागिता हुनु पर्ने, | कानूनद्धारा व्यवस्था गर्नु पर्ने विषय भएकोले केहि गर्न नपर्ने । |
| १०. | मिथिला र गोरखा प्रदेश नामाकरण हुनु पर्ने, | संघीय आयोग गठन गर्ने सहमति भएकोले उक्त आयोगले सिमाङ्कन गर्ने प्रदेशको नामाङ्कन प्रदेश सभाले गर्ने सहमति भएकोले केहि गर्न नपर्ने । |
| ११. | पुर्नसंरचना गर्दा जिल्ला र गाउंलाई विभाजन नगर्ने, | संघीय आयोग गठन गर्ने सहमति भएकोले उक्त आयोगले सम्वोधन गर्ने । |
| १२. | धार्मिक स्वतन्त्रता कायम गर्ने, | मौलिक हक सम्वन्धी भागमा धार्मिक स्वतन्त्रताको हक उल्लेख भई सकेको । |
| १३. | नागरिकताको सम्बन्धमा आमा वा बुवा भन्ने शब्द कायम हुनु पर्ने, | नागरिकता सम्बन्धी विषयमा सहमति भएकोले सम्वोधन गरि सकिएको । |
| १४. | वच्चाको जन्म हुदाँ आमा वा बुवा मध्ये एक नेपाली नागरिक भएको प्रमाणित भएमा जसको नामबाट पनि नागरिकता प्राप्त हुनु पर्ने, | नागरिकता सम्वन्धी विषयमा सहमति भएकोले सम्वोधन गरि सकिएको । |
| १५. | अंगीकृत नागरिकतामा पुरुष र महिलाको लागि समान व्यवस्था हुनु पर्ने, | नागरिकता सम्बन्धी विषयमा सहमति भएकोले सम्वोधन गरि सकिएको । |
| १६. | निर्वाचन प्रणाली पूर्ण समानुपातिक हुनु पर्ने यदि MMPR र Closed list बाट हुनु पर्ने भएमा ६० प्रतिशत समानुपातिक र ४० प्रतिशत प्रत्यक्षको व्यवस्था हुनु पर्ने, | निर्वाचन प्रणालीमा सहमति भई सकेको । |
| १७. | आलोपालो प्रतिनिधित्व हुने गरी दलित र महिलाको लागि छुटै निर्वाचन क्षेत्र तोकिनु पर्ने, | निर्वाचन प्रणालीमा सहमति भई सकेको । |
| १८. | विदेशमा रहेका नेपाली नागरिकहरुको हित, सुरक्षा र मतदानको अधिकार हुनु पर्ने, | निर्वाचन कानूनद्धारा व्यवस्था गर्ने विषय भएकोले केहि गर्न नपर्ने । |
| १९. | सरकारी स्वामित्वका जग्गामा रहेका उद्योग व्यवसायहरु निजीकरण गरिए तापनि जग्गा विक्री वितरण गर्न नपाउने सरकारकै | कानूनद्धारा व्यवस्था गर्ने विषय भएकोले केहि गर्न नपर्ने । |

| नयाँ विषय | छुट्टै लागेको विषय |
|---|---|
| स्वामित्वमा रहने व्यवस्था सहित लिजमा दिन सक्ने व्यवस्था भने राख्ने, | |
| २०. राज्यको पुर्नसंरचना भन्ने शव्दावली नै गलत छ, राज्यको आन्तरिक पुर्नसंरचना भनिनु पर्ने । | अन्तरिम संविधानमै उल्लेख भएको शव्दावली भएकोले केहि गर्न नपर्ने । |
| २१. राज्यको पुर्नसंरचना गर्दा तराईको झापा देखि कञ्चनपुर सम्मको भागमा यादव, कोईरी, कुर्मि, सुरी, तेली, कानु, कलवार, बनिया, रौनीयार, सन्थाल आदि विभिन्न वैश्य समूदायको बाहुल्यता भएकोले छुट्टै वैश्य प्रदेश निर्माण बारे छलफल गर्नु पर्ने, | संघीय आयोग गठन गर्ने सहमति भएकोले उक्त आयोगले सम्बोधन गर्ने । |
| २२. सबै तहको निर्वाचनमा समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था अन्तर्गत हालको समावेशी समूहहरुको अतिरिक्त उत्पीडित वर्ग (मजदुर, किसान, श्रमजीवी)को प्रतिनिधित्वको लागि गरिविको रेखामुनी रहेको जनसंख्यालाई पनि सोही अनुपातमा समानुपातिक समावेशीकरण अन्तर्गत एउटा समूहको रुपमा अनिवार्य प्रतिनिधित्व गराउनु पर्ने, | निर्वाचन प्रणालीमा सहमति भई सकेकोले केहि गर्न नपर्ने । |
| २३. संघीय व्यवस्था प्रादेशिक सभाका निर्वाचित प्रतिनिधिहरुलाई जनताले दिएको जनादेश र आफ्नो प्रतिवद्धताअनुसार जनप्रतिनिधित्वको रुपमा भूमिका नखेलेको अवस्थामा सम्बन्धित प्रतिनिधिलाई निर्वाचित गर्ने मतदाताले निश्चित विधिअनुसार प्रत्याहवान गर्न सकिने व्यवस्था गर्नु पर्ने । | निर्वाचन प्रणालीमा सहमति भई सकेकोले केहि गर्न नपर्ने । |
| २४. गरिब र विपन्नहरु सहित सबैमा न्यायको पहुच पुऱ्याउन राज्यको खर्चमा हरेक नागरिकका लागि दक्ष वकिल तथा कानूनी सेवा उपलब्ध गराउनु पर्ने, | निशुल्क कानूनी सहायता सम्बन्धी कानूनद्धारा व्यवस्थित भई सकेकोले केहि गर्न नपर्ने । |
| २५. भूमिसुधार :<br>• बैज्ञानिक वा क्रान्तिकारी भूमिसुधारको लागि संवैधानिक आधार सुनिश्चित गर्नु पर्ने,<br>• जमिनको स्वामित्व मूलत : राज्यको हुन्छ भन्ने मान्यतालाई स्थापित गर्दै राज्यले वास्तविक जोताहा र भूमिहिनलाई लीजमा जमिनको वितरण वा पुनर्वितरण गर्न सक्ने संवैधानिक व्यवस्था हुनु पर्ने,<br>• हरवा, हलिया र कमैयाको रुपमा पुस्तौदेखि जोती आएका किसानहरुलाई मोहीको रुपमा स्विकार गरी त्यस्तो जग्गाको कम्तिमा आधा हिस्सामा उनीहरुको स्वतः स्वामित्व कायम हुने व्यवस्था गर्नुपर्ने, | मौलिक अधिकारको सम्पत्ति सम्वन्धी अधिकारमा सहमति भईसकेकोले केहि गर्न नपर्ने । |
| २६. विदेशसँगका सन्धी सम्झौताबारे :<br>• नयाँ संविधान जारी भएपछि विदेशसँग भएका सम्झौताहरुको आवश्यकताअनुसार पुनरावलोकन, संशोधन, परिमार्जन, अध्यावधिक, खारेज वा प्रतिस्थापन गर्ने,<br>• शान्ति तथा मैत्री सन्धी, हातहतियार एवं सामरिक सम्बन्ध, सीमाना र प्राकृतिक श्रोतको बाडँफाँड सम्बन्धी सन्धी सम्झौता संघीय व्यवस्थापिकाको २/३ बाट अनुमोदन गर्नुपर्ने,<br>• मुलुकलाई दीर्घकालिन रुपमा असर पार्ने अन्तराष्ट्रिय सन्धी सम्झौताहरु जनमत संग्रहमार्फत अनुमोदनको व्यवस्था गर्ने, | तत्कालीन राष्ट्रिय हित संरक्षण समितिको प्रतिवेदनमा समावेश भएको व्यहोरा नै उपयुक्त भएकाले केही गर्न नपर्ने |

| नयाँ विषय | टुङ्गो लागेको विषय |
|---|---|
| २७. सेनाको कुनै जवान वा पदाधिकारीले फौजदारी "अपराध" गरेमा वा मानव अधिकारको हनन गरेमा नागरिक अदालतमा मुद्दा चल्ने व्यवस्था गर्नु पर्ने, | सैनिक ऐनले सम्बोधन गर्ने विषय भएकोले केहि गर्न नपर्ने । |
| २८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सेनामा भएको अख्तियार दुरुपयोग सम्बन्धी विषय हेर्न सक्ने व्यवस्था गर्नु पर्ने, | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अधिकार क्षेत्रमा सहमति भई सकेकोले केहि गर्न नपर्ने । |
| २९. अपाङ्गता भएका व्यक्तिको पहिचान र विकासका लागि संवैधानिक राष्ट्रिय अपाङ्ग आयोग बनाउनु पर्दछ, | समावेशीकरण आयोग गठन गर्ने र अपाङ्गता भएको व्यक्तिको सरोकार सोही आयोगले सम्बोधन गर्ने । |
| ३०. चलचित्रलाई अभिव्यक्तिको माध्यमका रुपमा परिभाषित गरी यसलाई मौलिक हक भित्र समावेश गरिनु पर्ने । | कानूनद्धारा व्यवस्थित गर्ने विषय भएकोले केही गर्न नपर्ने । |

**सुझाव तथा निश्कर्ष :-**

(१) संघीयता, शासकीय स्वरुप, निर्वाचन प्रणाली र स्वतन्त्र र एकिकृत न्याय प्रणालीको अवधारणा लगायतका विषयमा दलहरु विचमा भएको सोह्र बुँदे राजनीतिक सहमति एवं यस उपसमितिमा सहमति कायम भएका विषयहरुको आधारमा संविधानको मस्यौदा तयार गर्दा यसै अनुरुप एकरुपता कायम गर्न र तर्जुमाको दृष्टिकोणले मिलाउनु पर्ने विषयहरु देखिएमा र संविधानमा समावेश हुनु पर्ने तर छुट भएका अन्य आवश्यक देखिएका विषयहरु समेत थप एवं परिमार्जन गरी संविधानको मस्यौदा तयार गर्न संविधान मस्यौदा समितिलाई सुझाव र निर्देशन दिन उपयुक्त हुने भएकोले संविधानसभालाई अनुरोध गर्ने ।

(२) प्रस्तावना, संविधान संशोधन, सर्वोच्च अदालतका प्रधान न्यायाधीश, न्यायाधीश र संवैधानिक निकायका पदाधिकारीहरुले संविधान र कानून बमोजिम इमान्दारिता, कर्तव्यनिष्ठतापूर्वक कार्य सम्पादन गरे नगरेको सम्बन्धमा छानवीन र अनुगमन गर्न संसदीय समितिको गठन गर्ने, समावेशी र समानुपातिक सिद्धान्तलाई ध्यान दिने विषय संविधानको उपयुक्त स्थानमा समावेश गर्ने र संविधानमा रहने सक्रमणकालीन व्यवस्थालाई संविधान मस्यौदा समितिले छलफल गरी टुङ्गो लगाउने गरी मस्यौदा समितिमा पठाउन सहमति भएको ।

(मुकुन्द शर्मा)
सचिव

(डा० बाबुराम भट्टराई)
सभापति

२०७२ जेठ २८ गते ।

## अनुसूची

## विभिन्न राजनीतिक दलहरु र माननीय सदस्यज्यूहरुबाट पेश गरिएका फरक मतहरु

द. नं. ०१
२०७२/२/२६

# संविधान निर्माणका सम्बन्धमा संविधानसभाका चार प्रमुख दलहरुबीच भएको सहमति

संविधानसभाबाट संविधान जारी गर्ने सम्बन्धमा विगत लामो समयदेखि रहेको गतिरोधलाई अन्त्य गर्दै यथाशिघ्र संविधान निर्माण गरी घोषणा गर्ने निम्नलिखित सहमति गरेका छौं ।

संघीयता र प्रदेश रचना

१) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा पहिचानका ५ र सामर्थ्यका ४ आधारमा आठ (८) प्रदेश निर्माण गरिनेछ ।

२) प्रदेशको नामाकरण प्रदेश सभाको दुई तिहाइ बहुमतको निर्णयबाट गरिनेछ ।

३) प्रदेशको सीमाङ्कन सम्बन्धी सिफारिश गर्न नेपाल सरकारले एक संघीय आयोग गठन गर्नेछ । आयोगको कार्यावधि ६ महिना हुनेछ । संघीय आयोगको सुझाव-प्रतिवेदन प्राप्त भएपछि प्रदेशको सीमाङ्कनको अन्तिम निर्णय व्यवस्थापिका- संसदको दुई तिहाइ बहुमतले गर्नेछ ।

संसद र निर्वाचन प्रणाली

४) संघीय संसद प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक हुनेछ । प्रादेशिक सभा एक सदनात्मक हुनेछ ।

५) प्रतिनिधिसभाको निर्वाचन मिश्रित निर्वाचन प्रणालीबाट गरिनेछ । प्रतिनिधिसभामा कूल २ सय ७५ सदस्य रहनेछन् । भूगोल र जनसङ्ख्याको आधारमा देशमा कूल १ सय ६५ संसदीय निर्वाचन क्षेत्र हुनेछन् । ती निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचन प्रणाली अन्तरगत बहुमत प्राप्त गर्ने १ सय ६५ प्रतिनिधिसभा सदस्य निर्वाचित हुनेछन । बाँकी १ सय १० सदस्य समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचित हुनेछन ।

६) राष्ट्रिय सभाको सदस्य सख्या कूल ४५ कायम हुनेछ । यस मध्ये प्रत्येक प्रदेशबाट समान सङ्ख्याका आधारमा ४० सदस्य निर्वाचित हुनेछन । र बाँकी ५ सदस्य संघीय मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मनोनयन हुनेछन् ।

शासकीय स्वरुप

७) देशको शासन सञ्चालन गर्न बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली अवलम्बन गरिनेछ । प्रतिनिधिसभामा एकल बहुमत प्राप्त वा अन्य दलको समर्थनमा बहुमत प्राप्त दलका नेता कार्यकारी प्रमुखको हैसियतमा प्रधानमन्त्री हुनेछन ।

८) राष्ट्रमा एक संवैधानिक राष्ट्रपति हुनेछन् । राष्ट्रपतिको निर्वाचन संघीय संसद एवम् प्रादेशिक सभा सदस्य सम्मिलित निर्वाचक मण्डलबाट हुनेछ ।

*संघीय शासन प्रणाली र कार्यकारी राष्ट्रपतिका बारेमा एनेकपा माओवादीको भिन्न मत रहेको छ । भिन्न मत रहे पनि संविधान निर्माणको प्रकृया अघि बढाउने क्रममा भने सहमति रहेको छ ।*

९) नयाँ संविधान घोषणा पश्चात राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुखको निर्वाचन तत्कालीन व्यवस्थापिका संसदबाट नेपालको अन्तरिम संविधान २०६३ बमोजिम हुने गरी व्यवस्था गरिनेछ ।

१०) नयाँ संविधानको व्यवस्था बमोजिम प्रतिनिधिसभाको अर्को निर्वाचन सम्पन्न नभएसम्म व्यवस्थापिका-संसदबाट प्रधानमन्त्रीको निर्वाचन, विश्वासको मत, अविश्वासको प्रस्ताव तथा मन्त्रिपरिषद्को गठन सम्बन्धी सबै कार्य नेपालको अन्तरिम संविधान, २०६३ को व्यवस्था बमोजिम हुने गरी व्यवस्था गरिनेछ । राष्ट्रपति,उपराष्ट्रपति, सभामुख र उपसभामुख विरुद्ध महाभियोग व्यवस्था पनि अन्तरिम संविधान, २०६३ बमोजिम नै हुने गरी व्यवस्था गरिनेछ ।

न्याय प्रणाली

११) स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुरुप नेपालमा स्वतन्त्र,निष्पक्ष र सक्षम न्यायपालिकाको व्यवस्था गरिनेछ ।

१२) सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ । संविधानको अन्तिम व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतको हुनेछ ।

१३) केन्द्र र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह एवम् स्थानीय तहका बीचमा अधिकार क्षेत्रबारे तथा प्रतिनिधि सभा,राष्ट्रिय सभा र प्रदेश सभाको निर्वाचन सम्बन्धी विवादमा न्याय निरुपण गर्ने एक संवैधानिक अदालत गठन गरिनेछ । यी विषयमा संवैधानिक अदालतको निर्णय अन्तिम हुनेछ । यो अदालत सर्वोच्च अदालतका प्रधान न्यायाधीशको अध्यक्षता र २ जना अन्य वरिष्ठतम् न्यायाधीश तथा २ जना सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका कानून क्षेत्रका विज्ञको सहभागितामा गठन हुनेछ । संवैधानिक अदालतको कार्यावधि नयाँ संविधान प्रारम्भ भएको मितिले १० वर्षसम्म हुनेछ ।

१४) न्याय परिषद् गठन सबन्धी व्यवस्था नेपालको अन्तरिम संविधान,२०६३ को व्यवस्था बमोजिम हुनेछ ।

१५) संघीयता, शासकीय स्वरुप, निर्वाचन प्रणाली र न्याय प्रणालीका सम्बन्धमा भएको यो मूलभूत सहमतिको भावना अनुरुप संविधान निर्माणको प्रक्रिया अघि बढाइने छ ।

स्थानीय निकायको निर्वाचन

१६) जनताको प्रतिनिधित्व र सहभागितालाई सबल तुल्याउनको लागि यथासक्य चाँडो स्थानीय निकायको निर्वाचन गरिनेछ ।

सुशील कोइराला, प्रधानमन्त्री एवम् सभापति, नेपाली कांग्रेस

के.पी. शर्मा ओली, अध्यक्ष, नेकपा (एमाले)

पुष्पकमल दाहाल 'प्रचण्ड', अध्यक्ष, एनेकपा (माओवादी)

विजयकुमार गच्छदार, अध्यक्ष, मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)

मिति २०७२ ०२ २५,बालुवाटार, काठमाण्डौं

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


६-१-०२
२०७२/२/२६

च. नं.

मिति : ..............................

माननीय सभापतिज्यू,
संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति,
संविधानसभा, सिंहदरवार।

विषय:- फरक मत पेश गरेको।

उल्लिखित विषयमा समितिको मिति २०७२ जेठ २६ र २७ गतेको बैठकमा पेश भएको प्रतिवेदनलगायत संविधानको यस अघि सहमति भनिएको विषयमा समेत नेपाल मजदुर किसान पार्टीको तर्फबाट संविधानमा राख्नुपर्ने विषय देहायबमोजिम फरक मतको रुपमा पेश गर्दछु। माननीय सभापतिबाट उल्लिखित विषय संविधानमा समावेश गर्ने गरी बैठकबाट पारित गर्ने, गराउने अपेक्षा गरेको छु।

नारायणमान बिजुक्छें(रोहित)
सदस्य, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति
सदस्य, संविधानसभा
अध्यक्ष, नेपाल मजदुर किसान पार्टी

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net

च. नं.

मिति : ..........................

१) संविधानको प्रस्तावनामा उल्लेख गर्नुपर्ने विषय

१. नेपाली जनताको पटक-पटकको आन्दोलन र संघर्षमा शहादत् प्राप्त गर्ने शहीद र योगदान गर्ने योद्धाहरुको सम्मान गर्दै सामाजिक न्याय र आर्थिक समानताको लागि उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण गरी नेपालको उत्पादन बढाउने, सम्पत्तिको सीमा निर्धारण र बिदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गर्ने, नेपालको कूल क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर र सीमा संरक्षण गरी भूमण्डलीकरण, निजीकरण र नवउदारवादको नाममा भइरहेको साम्राज्यवादी आक्रमण एवं सांस्कृतिक, आर्थिक तथा राजनीतिक हस्तक्षेपको विरोध गर्दै समाजवादउन्मुख गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा नेपाल र नेपाली जनताको एकता, शान्ति, समृद्धि र विकासको आकांक्षा पूरा गर्न जनतामा निहित सार्वभौमसत्ता, विधिको शासन, जनताको हितमा न्यायपालिका, मौलिक अधिकार, आर्थिक समानतासहितको मानवअधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, स्थानीय निकायको स्वायत्तता र विकेन्द्रीकरण, संसदको सर्वोच्चता, निर्वाचनमा प्राप्त मतको आधारमा कुनै दलको मान्यतासम्बन्धी शर्त नराख्ने प्रावधानसहित संविधानसभामार्फत यो संविधान निर्माण गरी जारी भएको घोषणा गर्दछौं ।

२) संविधान संशोधन

१) जनतामा निहित सार्वभौमसत्ता, समाजवादउन्मुख गणतन्त्र, विधिको शासन, जनताको हितमा न्यायपालिका, मौलिक अधिकार, आर्थिक समानतासहितको मानवअधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, स्थानीय स्वायत्तता र विकेन्द्रीकरण, उत्पादनका मुख्य-मुख्य साधन र सेवाको सामाजिकीकरण, सम्पत्तिको सीमा निर्धारण, बिदेशमा सम्पत्ति राख्न नपाउने, संसदको सर्वोच्चता, निर्वाचनमा प्राप्त मतको आधारमा कुनै दलको मान्यतासम्बन्धी शर्त नराख्ने प्रावधानको प्रतिकूल हुने गरी संविधान संशोधन गर्न सकिने छैन ।

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


च. नं. मिति : ..............................

३. मौलिक हक

१. उच्च मा. वि. तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य गर्नेछ ।

२. विश्वविद्यालय शिक्षा निःशुल्क गर्नेछ ।

३. देशभरी अनिवार्य र निःशुल्क शिशु स्याहार केन्द्र र बालोद्यान व्यवस्था गर्नेछ ।

४. उच्च मा. वि. तहसम्म मातृभाषामा पढ्ने व्यवस्था गर्नेछ ।

५. विद्यालय र कलेजमा अनिवार्य खेलकूदको व्यवस्था गर्नेछ ।

६. सबै नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनेछ ।

७. जेष्ठ नागरिकलाई जीवनको सुनिश्चितता, निःशुल्क स्वास्थ्य उपचार र निःशुल्क आदर निकेतनको व्यवस्था गर्नेछ ।

८. टुहुरा-टुहुरी, अशक्त, विधवा, आफन्त नभएका र अशक्त बालबालिकाको सम्पूर्ण लालनपालनको व्यवस्था राज्यले गर्नेछ ।

९. रोजगारी नपाएसम्मको लागि बेरोजगारी भत्ताको बन्दोबस्त हुनेछ ।

१०. योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको सिद्धान्तअनुसार सबै नागरिकलाई रोजगारीको सुनिश्चितता हुनेछ ।

११. १८(अठार) वर्ष पुगेका नेपालीलाई अनिवार्य सैनिक तालिमको व्यवस्था गर्नेछ ।

४. व्यवस्थापिका

१. व्यवस्थापिका दुई सदनात्मक हुनेछ ।

२. माथिल्लो सदन जातजाति र भाषाभाषीको सभा अर्थात राष्ट्रिय सभा (House of Nationalities) हुनेछ ।

३. राष्ट्रियसभा प्रदेशहरुबाट चुनिएका तीन-तीन जना सदस्यहरुबाट गठन हुनेछ ।

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np

च. नं. मिति : ..............................

४. तल्लो सदन प्रतिनिधिसभा हुनेछ । यसको कूल सदस्य २४० जना हुनेछन् ।

५. प्रादेशिक विधानसभा एक सदनात्मक हुनेछ ।

६. प्रादेशिक विधानसभाले आ-आफ्नो प्रदेशको मुख्यमन्त्री चुन्नेछ ।

## ५. निर्वाचन प्रणाली

१. प्रजातान्त्रिक र समावेशी प्रतिनिधित्व गराउन मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्व (MMPR) को आधारमा प्रतिनिधिसभा र प्रादेशिकसभाको निर्वाचन हुनेछ ।

२. प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रादेशिकसभाका सदस्यहरुको प्रत्याह्वान गर्न सकिने छ ।

३. स्थानीय निकाय- जिविस, नगरपालिका र गाविसहरुमा दलगत आधारमा चुनाव हुनेछ ।

## ६. संवैधानिक निकाय

१. कामदार महिला आयोग

२. मजदुर आयोग

३. किसान आयोग

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोग

५. लोक सेवा आयोग

६. निर्वाचन आयोग

७. लेखा परीक्षक आयोग

८. मानव अधिकार आयोग

संवैधानिक निकायका प्रमुख र सदस्यहरुको नियुक्ति सम्बन्धित क्षेत्रबाट निर्वाचन गरिनेछ ।

नेपाल मजदुर किसान पार्टी
संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np

च. नं. मिति : ..............................

<u>७. न्याय प्रणाली</u>

१. सर्वोच्च अदालत, प्रादेशिक अदालत र जिल्ला अदालतका प्रधानन्यायाधीश, मुख्य न्यायाधीश र अन्य न्यायाधीशहरु सम्बन्धित क्षेत्रबाट चुनाव गरी नियुक्ति गर्नेछ । राष्ट्रपतिबाट निर्वाचित प्रधानन्यायाधीशको घोषणा हुनेछ ।

२. न्यायपालिकालाई व्यवस्थापिकाप्रति जवाफदेही बनाउनेछ ।

३. न्यायपालिकाभित्रको ढिलासुस्ती, अनियमितता र भ्रष्टाचारबारे व्यवस्थापिका संसदका सदस्यहरुले सदनमा बोल्न पाउने छन् ।

४. संसदको सर्वोच्चता कायम गरिनेछ ।

५. महान्यायाधिवक्ता सम्बन्धित क्षेत्रबाट चुनाव गरी नियुक्ति गरिनेछ ।

<u>८. शासकीय स्वरुप</u>

१. जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था गरिनेछ ।

२. देशको अखण्डतामा आँच आउने वा देशको एकतामा बाधा पर्ने कार्यलाई रोक्न राष्ट्रपतिले सम्बन्धित प्रादेशिक सरकार र प्रादेशिक विधानसभालाई समेत भंग गरी राष्ट्रपतीय शासन लागू गर्नेछ ।

३. राष्ट्रपति र उपराष्ट्रपति एउटै भाषा भाषी र जात जातीको हुने छैन ।

<u>९. राज्य पुन:संरचना</u>

१. प्राकृतिक श्रोत साधन र भूगोलको आधारमा प्रत्येक प्रदेशमा तराई, पहाड र हिमाल समावेश गरी संघीय संरचना बनाइनेछ ।

२. जनतालाई छिटो सेवा सुविधा पुऱ्याउन र देशको छिटो छरितो विकास गर्न प्रत्येक प्रदेशमा हिमाल, पहाड र तराई भू-भाग समावेश १४(चौध) प्रदेश बनाइनेछ ।



व्यवस्थापिका-संसद सचिवालय

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


च. नं. मिति : ..............................

३. चौध प्रदेशको नाम देहायबमोजिम हुनेछः
मेची, कोशी, सगरमाथा, जनकपुर, नारायणी, बागमती, लुम्बिनी, गण्डकी, अन्नपूर्ण, राप्ती, भेरी, कर्णाली, सेती, महाकाली,

४. देशको रक्षा, परराष्ट्र, राष्ट्रिय यातायात, संचार, मुद्रा, अन्तर्राष्ट्रिय व्यापार, विज्ञान तथा प्रविधि, खनिज र जलश्रोत, हुलाक, भंसार आदि केन्द्रीय सरकारमा निहित हुनेछ।

५. अवशिष्ट अधिकार केन्द्रमा निहित रहनेछ।

६. एउटा केन्द्रीय विश्वविद्यालय केन्द्रीय सरकारको मातहत हुनेछ।

७. कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, प्रादेशिक स्तरको खनिज, जलश्रोत, यातायात, घरेलु तथा कुटीर व्यवसाय, प्रादेशिक कर, भाषा र संस्कृति आदि प्रदेश सरकारको मातहत हुनेछ।

८. आत्मनिर्णयको अधिकारसहित जातजाति र भाषाभाषीको आधारमा प्रदेश गठन गरिने छैन।

९. प्रदेशमा जनमत संग्रहको व्यवस्था हुने छैन।

### १०. स्थानीय निकाय

१. संघीय प्रदेश बनाउने नाममा देशको जिल्ला, नगर र गाविसजस्ता पुराना संरचना लथालिङ्ग गरिने छैन।

२. स्थानीय निकायलाई स्वायत्तता र विकेन्द्रीकरणसहित अधिकार सम्पन्न गरिनेछ।

३. देशको आधा बजेट स्थानीय निकायमार्फत विकास निर्माणमा खर्च गरिनेछ।

४. पूर्वाधार तयार गरेर मात्र नगरपालिकाहरु घोषणा गरिनेछ।

५. देशको सन्तुलित विकास गर्न र ठूलठूला शहरको जटिलताबाट देशलाई जोगाउन स-साना शहरको विकास गरिनेछ।

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


च. नं.

मिति : ..............................

### ११. नागरिकता

१. १६ वर्ष उमेर पुगेका नेपाली नागरिकले नेपाली नागरिकता पाउने र निर्वाचनमा भाग लिने अधिकार पाउनेछ ।

२. आमा र बुबा दुबै नेपाली नागरिक भएका सन्तानले वंशजको नेपाली नागरिकता पाउनेछ ।

३. सरकारी सेवामा रहेका नेपाली कर्मचारीले बिदेशी नागरिकसंग विवाह गर्न नपाउने व्यवस्था गरिनेछ ।

४. नेपाली नागरिकले बिदेशीसंग विवाह गरेमा दुबैले अंगीकृत नेपाली नागरिकता पाउने व्यवस्था गरिनेछ ।

५. देशको सार्वभौमिकता रक्षा गर्न र देशलाई नवउपनिवेश बन्न रोक्नको लागि गैरआवासीय नेपालीले परिचयपत्र, विशेष नागरिकता वा अन्य सहुलियतको पत्र पाउने छैन ।

६. चिकित्सा विज्ञानबाट प्रमाणित भएअनुसार तेश्रो लिंगीय पहिचानको नेपाली नागरिकता दिइनेछ ।

### १२. प्राकृतिक श्रोत साधन

१. प्राकृतिक श्रोत साधनबारे बिदेशीसंगको सन्धि-सम्झौताहरु संयुक्त सदनको दुई तिहाई बहुमतबाट पारित गरिनेछ ।

### १३. महिलाको हितमा

१. राज्यको प्रत्येक संरचनामा कामदार महिलाको जनसंख्याको अनुपातमा प्रतिनिधित्व गराइनेछ ।

२. महिलालाई सुत्केरी अगाडि र पछाडि तलब-ज्यालासहितको बिदा र आवश्यक हुनेलाई अन्य सुविधाको व्यवस्था गरिनेछ ।

३. महिलालाई बिदेशमा लगी बेच्ने, गम्भिर हिंसा र बलात्कार गर्ने र म्यानपावर कम्पनीको नाममा ठगी गर्नेलाई क्षतिपूर्तिसहित मृत्युदण्डसमेतको सजायको व्यवस्था गरिनेछ ।

नेपाल मजदुर किसान पार्टी

संसदीय दलको कार्यालय

सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४

केन्द्रीय कार्यालय : ६६१०९७४

फ्याक्स : ६६१३२०७

इमेल : nwpp@ntc.net.np


च. नं.

मिति : ..............................

### १४. नागरिकको कर्तव्य

१. प्रत्येक नेपालीले देशको स्वतन्त्रता, स्वाधीनता र सार्वभौमिकतालाई आँखाको नानी झैं जोगाउन कर्तव्यनिष्ठ रहनु पर्नेछ ।

२. नेपालको हित विपरीत बिदेशीलाई गोप्य सूचना दिने र रक्षा मामिलाको सूचना दिने देशद्रोही र जनविद्रोहीबारे राज्यलाई सूचना दिने नेपाली नागरिकको कर्तव्य हुनेछ ।

३. देशको भू-अखण्डता र सीमाको सुरक्षाको निम्ति स्वयंसेवक हुन नेपाली नागरिक सदा तत्पर रहने कर्तव्य हुनेछ ।

४. टुहुरा-टुहुरी, अशक्त, बिरामी, विधवा, जेष्ठ नागरिक तथा असहाय नेपालीको सेवा गर्नु प्रत्येक नेपाली नागरिकको कर्तव्य हुनेछ ।

### १५. विविध

१. सरकारमा गएर निर्वाचन घोषणापत्र र जनतालाई दिएको वाचा पूरा नगर्ने पार्टीलाई अर्को चुनावमा अयोग्य घोषणा गरिनेछ ।

२. संसदको सर्वोच्चता कायम गरिनेछ ।

३. नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर हुनेछ ।

४. नेपाल-भारत खुला सीमा नियमित गरिनेछ ।

५. नेपालीले राख्न पाउने सम्पत्तिको सीमा निर्धारण गरिनेछ ।

६. नेपालीले बिदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गरिनेछ ।

७. भ्रष्टाचारी, काला बजारी, तस्करीलाई मृत्युदण्ड दिइनेछ ।

८. नेपाली सेनाको प्रधानसेनापति, नेपाल प्रहरीको महानिरीक्षक र सशस्त्र प्रहरी बल नेपालको महानिरीक्षक सम्बन्धित क्षेत्रबाट निर्वाचन गरी नियुक्ति गरिनेछ ।

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


च. नं.

मिति : ........................

९. विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष, रेक्टर जस्ता उच्च पदहरु सम्बन्धित क्षेत्रबाट निर्वाचन गरी नियुक्ति गरिनेछ ।

१०. बिदेशी विश्वविद्यालयको सम्बन्धनका कलेजहरु संचालनमा रोक लगाइनेछ ।

११. नक्कली शैक्षिक प्रमाणपत्र निर्माण गरी दिने र पेश गर्नेहरुलाई कडा कार्वाही गरिनेछ ।

१२. उच्च शिक्षा प्राप्त जनशक्तिलाई स्वदेशमै आवश्यक रोजगारीको व्यवस्था गरिनेछ ।

१३. देशलाई नवउपनिवेशबाट जोगाउन र साँस्कृतिक, आर्थिक तथा राजनीतिक हस्तक्षेप रोक्न बिदेशी राजदूतावासबाट विकास निर्माणमा सोझै दिइने रकम र अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुमार्फत आउने सहयोगलाई सरकारमार्फत आउने व्यवस्था गरिनेछ । सरकारी कोषबाट तलब र सुविधा पाउने कर्मचारीहरुको ट्रेड युनियनको व्यवस्था हुने छैन ।

१४. सामाजिक न्याय र आर्थिक समानताको लागि देश र जनताको दैनिक जीवनसंग गाँसिएका मुख्य मुख्य उत्पादन तथा सेवाका साधनहरु राष्ट्रियकरण गरिनेछ ।


१५. जमीन जोत्नेलाई वितरण गरी कृषि उत्पादन बढाइनेछ ।

१६. निर्वाचनमा प्राप्त गरेको मतको आधारमा राजनीतिक दलको मान्यतासम्बन्धी कुनै शर्त राख्न नपाइने व्यवस्था गरिनेछ ।

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फयाक्स : ६६१३२०७
इमेल nwpp@ntc.net.np

च. नं. मिति ..........



संविधानसभा/व्यवस्थापिका संसदीय दलको कार्यालय २०७०

# राष्ट्रिय प्रजातन्त्र पार्टी

## संविधान सभा दलको कार्यालय

सिंहदरबार, काठमाण्डौं

द.नं. ०३
२०७२/२/२८

संसदीय दलको नेता

मिति :– २०७२।२।२७

माननीय सभापति ज्यू,
संवैधानिक, राजनीतिक संम्वाद तथा सहमति समिति,
सिंहदरवार ।

विषय :– असहमति सम्बन्धमा ।

महोदय,

प्रस्तुत सम्बन्धमा नेपालमा सदियौं देखि स्थापित भएको सर्वधर्म, समभाव, धार्मिक स्वतन्त्रता सहितको हिन्दू राष्ट्रको मान्यतालाई हठात विस्थापित गरी धर्म निरपेक्ष राष्ट्र कायम गर्न खोजिएकोमा विगतको संविधान सभामा समेत हाम्रो असहमति रहेको स्मरण गराउदै संविधानको निर्माण गर्नु अघि धर्म निरपेक्ष बारे जनताको प्रत्यक्ष अभिमत प्राप्त गर्न जनमत संग्रह गरियोस् भन्ने रा.प्र.पा.को माँग रहेको कुरा जानकारी गराउँद छु ।

मा० दिपक बोहोरा
नेता
संसदीय दलको कार्यालय
सिंहदरवार ।

फोन नं.: ०१-४२०००५१

फ्याक्स नं. : ०१-४२११९७७

द. नं. ०४
२०७२।२।२८

माननीय सभापतिज्यु
संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति, संविधानसभा

विषय : **फरक मत पेश गरेको ।**

संविधानसभावाट संविधान जारी गर्ने सम्बन्धमा चार राजनीतिक दलको अध्यक्षहरुले मिति २०७२ जेष्ठ २५ गते गरेको सहमतिको आधारमा यस समितिमा दर्ता भएको प्रस्तावको विकल्पको रुपमा निम्न बमोजिमको फरक मत पेश गर्दछु:

संघीयता र **प्रदेश रचना**

१. प्रदेशको सिमांकन सम्वन्धमा एक संघिय आयोग गठन गरी त्यसको प्रतिवेदनको आधारमा व्यवस्थापिका संसदले दुई तिहाई बहुमतले अन्तिम निर्णय गर्ने कुरा संविधानसभा नियमावलीको विपरित रहेको छ । सो कुराको निर्णय यस संवाद समिति तथा यस समितिवाट हुन नसकेको खण्डमा संविधानसभावाट नै अन्तिम निर्णय गर्नुपर्छ । किनकि प्रदेशको सिमांकन आयोगले गर्ने भनेको छ, कस्तो आयोग बनाउने हो ? त्यसको प्रतिवेदन सबैलाई स्वीकार्य हुन्छ कि हुदैन ? भएन भने के गर्ने, फेरि आयोग गठन गर्ने कि संविधानसभामा मतदानमा जाने कुरामा अन्योल हुन्छ । त्यति वेला संविधानसभा नभएर व्यवस्थापिका संसद मात्रै रहेको अवस्था हुनेछ, जुन व्यवस्थापिका संसदले संविधानसभाको काम गर्न सक्दैन ।

सोह्र बूंदे सहमतिमा संघीयतासम्वन्धी प्रश्नलाई टुंग्याउनका लागि संघीय आयोग बनाउने र रुपान्तरित व्यवस्थापिकावाट अनुमोदन गर्ने जुन कुरा उल्लेख भएको छ , त्यसबाट नेपालको अन्तरिम संविधान र संविधान सभा नियमावलीको उल्लंघन हुनेछ । अन्तरिम संविधान २०६३ को धारा १३८ को उपधारा (१क) ले "मधेशी जनतालगायत आदिवासी जनजाति र पिछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । प्रदेशहरु स्वायत्त र अधिकारसम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरुको सीमा, संख्या, नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशको सूचीहरुको पूर्ण विवरण, साधन-स्रोत र अधिकारको बाँडफाँड संविधानसभावाट निर्धारण गरिनेछ " भन्ने कुरा उल्लेख गरेको छ । त्यस्तै उपधारा (३) ले "राज्यको पुनर्संरचना तथा संघीय शासन प्रणालीको स्वरुप सम्बन्धी विषयको अन्तिम टुंगो संविधान सभाले निर्धारण गरे बमोजिम हुनेछ, भन्ने प्रष्ट व्यवस्था गरेको छ " भने अन्तरिम संविधानको धारा ८२

ले "संविधान सभाको विघटन: संविधानसभाले पारित गरेको संविधान प्रारम्भ भएको दिनदेखि हुनेछ । तर संविधान सभाले पारित गरेको संविधान बमोजिमको व्यवस्थापिका-संसदको निर्वाचन नभएसम्मका लागि व्यवस्थापिका-संसदको काम कारवाही सो सभाले पारित गरेको संविधानमा उल्लेख भए बमोजिम हुनेछ ।" तसर्थ नेपालको अन्तरिम संविधान २०६३ ले संघियता सहितको संविधानको परिकल्पना गरेकोले संघियताको अन्तिम टुंगो संविधानसभाबाट नै लगाउनु पर्दछ भनी फरक मत प्रस्तुत गर्दछु । नामांकन र सिमाकंन सहितको संघीय संरचनाविनाको संविधान जारी गर्दा अन्तरिम संविधानको भावना विपरीत तथा मधेसी र आदिवासी जनजातीलगायत समूहसँग गरेको सहमति सम्झौताको समेत विपरीत रहेकोले फरकमत पेश गरेको छु ।

संसद र निर्वाचन प्रणाली

२. प्रतिनिधिसभामा कूल २ सय ७५ सदस्य रहनेछन् भने भूगोलको आधारमा नभई जनसंख्याको आधारमा मात्रै कूल १ सय ६५ संसदीय निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्नेछ । यदि जनसंख्याको आधारमा गरिएन् भने कुनै निर्वाचन क्षेत्रमा ५० हजार जनसंखया हुने र कुनै निर्वाचन क्षेत्रमा २ लाख जनसंख्या हुँदा एक मत बराबर चार मतको भिन्नताको अवस्था हुन गई कसैले खसालेको मतको महत्व बढी र कसैले खसालेको मतको महत्व कम हुने भएकोले समानता र लोकतन्त्रको सिद्धान्त विपरीत हुने भएकोले समानताको सिद्धान्त अनुरुप सबैको मतको बराबर महत्वको लागि जनसंख्याको आधारमा मात्रै निर्वाचन क्षेत्रको निर्धारण गर्नु पर्नेछ ।

३. राष्ट्रिय सभाको सदस्य कूल सदस्य संख्या जनसंख्याको आधारमा कायम गर्नु पर्नेछ । प्रदेशको आधारमा प्रत्येक प्रदेशबाट ४० सदस्य निर्वाचित हुने भएमा कनै एक प्रदेशको जनसंख्या अर्को प्रदेश भन्दा दोब्बर तेब्बर हुँदा सदस्य संख्या समान राख्दा जनसांख्यिक र मतको महत्वमा असर पर्छ तसर्थ ४० सदस्याको विभाजन प्रदेशको जनसंख्याको आधारमा कायम गर्नु पर्नेछ भनी फरक मत राखेको छु ।

४. समानुपातिक निर्वाचन प्रणालीमा थ्रेसहोल्ड राख्यो भने साना राजनीतिक दलहरुको अस्तित्व नै संकटमा पर्नेछ । जसले महिला, दलित, आदीवासी जनजाती तथा अन्य अल्पसंख्यक समुदायको प्रतिनिधित्वमा असर पर्ने भएकोले थ्रेसहोल्डको व्यवस्था राखिनु उचित हुदैन ।

शासकीय स्वरुप

५. नयाँ संविधान घोषणापश्चात राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुखको निर्वाचन रुपान्तरित व्यवस्थापिका संसदबाट नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम हुनेछ । यी संवैधानिक पदहरुमा एकै समुदाय, लिङ्ग र जातीको मानिसहरु हुनु हुँदैन भनी फरक मत राखेको छु । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुख लगायतको संवैधानिक पदहरु समावेशी सिद्धान्तको आधारमा मात्र निर्वाचित वा नियुक्ति हुनु पर्ने ।

न्याय प्रणाली

६. संवैधानिक अदालतमा सर्वोच्च अदालतकै प्रधान न्यायाधीश अध्यक्ष र अन्य ४ न्यायधीश सदस्य रहने सहमति गरेको छ, तसर्थ सर्वोच्च अदालतको मातहतमा रहने गरी अस्थायी संवैधानिक अदालतको औचित्य हुदैन । त्यसैले संवैधानिक अदालत एक स्वतन्त्र, शक्तिशाली र अधिकार सम्पन्न अदालतको रुपमा स्थापना गर्नु पर्छ र १० बर्ष पछि स्थानिय, प्रदेश र केन्द्रवीच अधिकार, शक्ति सम्बन्धि विवाद हुन सक्ने सम्भावना रहेकोले संवैधानिक अदालत एक स्वतन्त्र स्थायी अदालतको रुपमा स्थापना गर्नु पर्ने भनी फरक मत राखेको छु ।

नागरिकता

७. अंगीकृत नागरिकताको सम्वन्धमा विदेशी वुहारी र ज्वाईलाई समान व्यवस्था हुने भनिए पनि विवाहपछि लगातार सातबर्ष नेपालमा बसोवास गरेमा मात्र विदेशी बुहारीलाई वा ज्वाईलाई अगिंकृत नागरिकता दिने प्रावधान सम्वन्धी सहमतिले सम्पूर्ण खास गरी मधेसी समुदायको संस्कृतिमा प्रत्यक्ष असर पर्नुको साथै सम्पुर्ण नेपालीलाई असर पर्ने भएकोले मैले यसबारेमा फरक मत राखेको छु ।

आमा वा बुवाको नामबाट समेत नागरिकता पाउने सहमतिप्रति मेरो पनि समर्थन छ । तर विदेसबाट विवाह गरी ल्याइएको बुहारीले सात बर्ष पछी मात्र नागरिकता पाउने र १० वर्षपछि मात्र सार्वजानिक पदमा नियुक्ती हुन पाउने प्रावधानले मधेसी समाजको सीमापारीको समाजबीचको सदियौँदेखीको पारिवारिक, सामाजिक सम्बन्धमा गम्भीर असर पर्ने (समानता सकारात्मक हुन्छ नकारात्यमक हुदैन दुवैलाई विवाह भएपछि तत्काल दिनु भन्दा दुवैलाई ७ वर्ष कुराउनु नकारात्मक समानता हो) भएकोले पहिला सहमति भईसकेको प्रावधान अर्थात विवाह हुनें वित्तिकै वुहारीको हकमा नागरिकता पाउने प्रावधानलाई कायम गरिनुपर्ने ।

मधेसी आयोग

८. मिति २०७१ फाल्गुन २५ गते सम्मानित सर्वोच्च अदालतले जारी गरेको परमादेश (०६७-WO-०९६२) बमोजिम मधेसी आयोग गठन गर्न समेत माग गर्दछु । साथै राजनीतिक सहमतिमा मधेसी आयोगलाई समेत संवैधानिक आयोगको रुपमा नयाँ बन्ने संविधानमा समावेश गर्नका लागि अहिले भएको राजनैतिक सहमति यो बुँदा छुट्न गएकोले समावेश गर्नु पर्ने ।

कार्यविधि

९. द्रूत प्रणालीवाट संविधान निर्माण गर्ने कुराले नेपालको अन्तरिम संविधान २०६३ को धारा ७० उपधारा (१), (२), (३), (४) र (५) संविधानको विधेयेक पारित गर्ने विधिको विपरित रहेको छ । जुन संविधान सभाले संविधानको विधेयक पारित गर्नु अघि सो विधयेकको

प्रस्तावना र धाराहरु सविधानसभामा निर्णयार्थ प्रस्तुत गरी पारित गर्नु पर्ने लगायतको अधिकारबाट संविधान सभाका सदस्यहरु बन्चित हुनेछन् ।

संविधान सभा नियमावली २०७० को नियम ९२ (संविधानको विधयेकको पहिलो मस्यौदा प्रस्तुत गर्न अनुमतिको लागि सूचना), नियम ९३ (विधयेकको पहिलो मस्यौदा प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव), नियम ९४ (जनताको प्रतिक्रिया प्राप्त गर्ने कार्यविधि), नियम ९५ (जनताको प्रतिक्रिया प्राप्त भएपछिको कार्यविधि), नियम ९६ (परिमार्जित विधयेक माथि विचार गरियोस् भन्ने प्रस्ताव), नियम ९७ (विधयेकमा समान्य छलफल), नियम ९९ (विधयेकमा संशोधनको सूचना), नियम १०० (संशोधन सम्बन्धि शर्तहरु), नियम १०२ (सामान्य छलफल समाप्त भएपछिको कार्यविधि) नियम १०३ (संशोधन सहित धाराहरुको छलफल), नियम १०५ (अनुसुचिहरु माथिको छलफल), नियम १०६ (प्रस्तावना र नामको प्रस्तुति), नियम १०७ (विधयेक पारित गर्ने प्रस्ताव), नियम १०८ संविधानको विधयेक पारित गर्ने विधि लगायतका नियमहरुको उल्लंघन हुने भएकोले नेपाल अन्तरिम संविधान र संविधान सभाको नियमावली विपरित हुने गरी द्रुत प्रणालीबाट संविधान निर्माण नगर्न, नगराउन फरक प्रस्ताव दर्ता गरेको छु ।

फरकमत प्रस्तुतकर्ता

**मा.अमरेश कुमार सिंह**

इतिसम्वत् २०७२ जेष्ठ २७ गते ५ रोजमा शुभम् ............................ ।

द. नं. ०५
२०७२।२।२८

कुमार खड्का
संविधान सभा सदस्य
(Kumar Khadka)
Constituent Assembly Member

कुमार खड्का
अध्यक्ष अखण्ड नेपाल पार्टी
(Kumar Khadka)
President, Akhanda Nepal Party

श्रीमान् सभापतिज्यू ,

मिति :– २०७१।१।२८

संवैधानिक/राजनैतिक संवाद तथा सहमति समिति,

सिंहदरबार, काठमाडौं ।

बिषय : – **फरक मत सम्बन्धमा ।**

२०६२/६३ को महान् जनआन्दोलनमार्फत जनताको अभूतपूर्व संलग्नता र शहादतको फलस्वरुप हामी नयाँ नेपाल निर्माणको पथमा अग्रसर छौं । नयाँ नेपालको निर्माणको आधार हाम्रो र राम्रो संविधानको आशा र अपेक्षा गरिरहेका छन् परिवर्तनकामी नेपाली जनताले दोश्रो संविधान सभासँग । संविधान निर्माणको लागि संविधान सभाले गठन गरेको सबै भन्दा महत्वपूर्ण समिति संवैधानिक्/राजनैतिक संवाद तथा सहमति समितिले विभिन्न बैठकमा छलफल गरी निर्णय गरेको निम्नलिखित निर्णयहरु प्रति समितिको सदस्यको हैसियतले बैठकमा आफ्नो असहमती राख्दै आएको कुराबाट सभापतिज्यू विदितै हुनुहुन्छ । मेरो असहमती हुँदाहुँदै पनि भएको निर्णय प्रति आलोचना गर्दै असहमती स्वरुप नोट अफ डिसेन्ट प्रस्तुत गरेको छु ।

१. राज्यको पुनर्संरचना जाति, भाषा, धर्मको आधारमा नगरी भौगोलिक आधारमा उत्तर दक्षिण जोडिने गरी गरिनु पर्दछ । प्रदेशको नामाकरण हिमाल, नदी, ताल जस्ता साझा प्राकृतिक सम्पदाको नाममा गरिनु पर्दछ ।
वर्तमान पांच (५) विकाश क्षेत्रलाई पांच (५) प्रदेश र काठमाण्डौं, ललितपुर, भक्तपुर मिसाएर केन्द्र शासीत प्रदेश बनाउन प्रस्ताव गरेको छु
जातीयि अग्राधीकार, आत्मनिर्णयको अधिकार, कुनै पनि किसिमको स्वायतताको व्यवस्था गरिनु हुँदैन ।
२. आरक्षणको आधार वर्गीय बनाइनु पर्दछ जातीय होइन ।
३. खस-आर्य अन्तर्गतका क्षत्री, ब्राम्हण, ठकुरी, दशनामीलाई अधिकारसहित आदिवासी जातीमा सूचीकृत गरियोस् ।

मा. कुमार खड्का
सदस्य
संबैधानिक – राजनैतिक संवाद तथा
सहमती समिति



E-mail:- khadkakumar@hotmail.com
Ph No. 01-4284095, Fax. 01-4284198
Mob. 9856021043

**कुमार खड्का**
**संविधान सभा सदस्य**
(Kumar Khadka)
Constituent Assembly Member

**कुमार खड्का**
**अध्यक्ष अखण्ड नेपाल पार्टी**
(Kumar Khadka)
President, Akhanda Nepal Party

श्रीमान् सभापतिज्यू ,

मिति :- २०६[illegible]२८

संवैधानिक – राजनैतिक संवाद तथा सहमति समिति

काठमाडौं ।

बिषय : – फरक मत सम्बन्धमा ।

२०६२ – ६३ को महान जन आन्दोलन मार्फत जनताको अभूतपूर्व संलग्नता र शहादतको फलस्वरुप हामी नयां नेपाल निर्माणको पथमा अग्रसर छौं । नयां नेपालको निर्माणको आधार हाम्रो र राम्रो संविधानको आशा र अपेक्षा गरिरहेका छन् परिवर्तनकामी नेपाली जनताले दोश्रो संविधान सभासंग । संविधान निर्माणको लागि संविधान सभाले गठन गरेको सबै भन्दा महत्वपूर्ण समिति संवैधानिक् – राजनैतिक संवाद तथा सहमती समिति ले बिभिन्न बैठकमा छलफल गरी निर्णय गरेको निम्नलिखित निर्णयहरु प्रति समितिको सदस्यको हैसियतले बैठकमा आफ्नो असहमती राख्दै आएको कुराबाट सभापतिज्यू विदितै हुनुहुन्छ । मेरो असहमती हुंदाहुंदै पनि भएको निर्णय प्रति आलोचना गर्दै असहमती स्वरुप नोट अफ डिसेन्ट प्रस्तुत गरेको छु ।

१. नेपाल धर्म निरपेक्ष राष्ट्र हुनेछ भन्ने निर्णय प्रति असहमती जाहेर गर्दै नेपालमा ८१ प्रतिशत भन्दा बढी हिन्दुहरुको बसोबास रहेको र हिन्दु धर्म बसुधैव कुटुम्बकमको सिद्धान्तबाट चल्ने भएकोले देशमा मानिने सम्पूर्ण धर्महरु प्रति सम्मान गर्दै सबैलाई आफुले रोजेको धर्म मान्ने स्वतन्त्रता प्रदान गर्दै, धर्म मानेको आधारमा कुनै पनि नागरिकलाई भेदभाव नगरी नेपाललाई धर्म निरपेक्षको साटो सनातन हिन्दु धर्म सापेक्ष राष्ट्र घोषणा गरियोस् ।२. नेपालमा ७ वटा संवैधानिक आयोगको निर्माण हुंदा यस देशको प्रमुख आदिबासी खस – आर्यहरुको नाममा समेत खस – आर्य आयोग गठन गरियोस् ।

३. समानुपातिक समावेशी केही हदसम्म स्वीकार्न सकिन्छ तर संवैधानिक आयोगमा नियुक्ती गर्दा वा थोरै सदस्यीय समितिहरुमा पनि यही सिद्धान्त उपयुक्त नभएको हुंदा असहमती जाहेर गर्दछु ।

४. गैर आवसीय नेपाली नागरिकता बारे गरिएको निर्णयमा असहमती जाहेर गर्दै एक पटक नेपाली नागरिकताको प्रमाण–पत्र पाइसकेका कुनै पनि नागरिकले सार्क मुलुक बाहेकको कुनै पनि, (दोहोरो नागरिकताको व्यवस्था भएको ) राष्ट्रको नागरिकता लिएमा नेपाली नागरिकता त्याग्न नपर्ने व्यवस्था गर्नु पर्दछ । एक पटकको नेपाली सधैंको नेपाली को नारालाई आत्मासात गर्दै गैर आवसीय नेपालीहरुलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक अधिकार सहितको नागरिकता प्रदान गरिनु पर्दछ ।

मा.कुमार खड्का

सदस्य संबैधानिक – राजनैतिक संवाद तथा सहमती समिति

E-mail:- khadkakumar@hotmail.com
Ph No. 01-4284095, Fax. 01-4284198
Mob. 9856021043

**अशोक कुमार राई**
सभासद
संविधान सभा
(व्यवस्थापिका संसद)
फोन : ९८५१०८६६६६
०१-४२००१२७

**Ashok Kumar Rai**
Member
Constituent Assembly
(Legislative Parliament)
Ph No. : 9851086666
01-4200127

द. नं. ०६

फरक मत — २०६६।१।१८ — १.

- सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नेपालको संविधानमा रहनुपर्ने व्यवस्थाहरु -

१. नेपालको अन्तरिम संविधान-२०६३को धारा-१३८,(१क) को-"मधेशी जनता लगायत आदिवासी जनजाति र पिछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ। प्रदेशहरु स्वायत्त र अधिकार सम्पन्न हुनेछन्। नेपालको सार्वभौमिकता, एकता र अखण्डता-लाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरुको सीमा, संख्या, नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशको सूचिहरुको पूर्ण विवरण, साधन-स्रोत र अधिकारको बाँडफाँड संविधान सभाबाट निर्धारण गरिनेछ" भन्ने व्यवस्थालाई अक्षरश: पालना गर्ने गरी- सोहि संविधानको प्रस्तावनामा उल्लेख गरिएको "नेपाली जनताले 2006 साल पहिले देखि हालसम्म पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष र जन आन्दोलन मार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुर्संरचना गर्ने सङ्कल्प गर्दै .... आज सम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्न संविधान सभाबाट नयाँ संविधान नबने सम्मको लागि राजनैतिक सहमतिबाट तयार भएको यो नेपालको अन्तरिम संविधान-२०६३ जारि भएको घोषणा गर्दछौं" भन्ने वाक्यांश-हरु समेतलाई पूर्ण रुपले आत्मसात गरी संविधान सभाले सङ्घीय र प्रादेशिक संरचनाहरु निर्माण गर्नु पर्दछ। यसलाई पाँति राखेर संविधान बनाउन संवैधानिक र नैतिक रुपमा पनि मिल्दैन। यसो गर्नाले मुलुकमा द्वन्द्व, अशान्ति र अस्थिरता फैलन सक्छ।

**अशोक कुमार राई**
सभासद
संविधान सभा
(व्यवस्थापिका संसद)
फोन : ९८५१०८६६६६
०१-४२००१२७

**Ashok Kumar Rai**
Member
Constituent Assembly
(Legislative Parliament)
Ph No. : 9851086666
01-4200127

२.

संविधान सभाको अधिकार कटौति गर्नु भनेको स्वेच्छाचारितालाई बल पुऱ्याउनु हो। त्यसैले यसलाई रोक्नु पर्दछ। पहिचान र सङ्घीयता को मुद्दालाई थाँति राख्नु भनेको उत्पीडित जाति, समुदायका र क्षेत्रका जनताको आकांक्षा र राष्ट्रको आवश्यकतालाई कुल्चिनु हो।

- प्रदेशको नाम र संख्या यस अघिको राय साथ लिखित रुपमा प्रस्तुत गरि सकेको छु।

२. निर्वाचन प्रणाली पूर्ण समानुपातिक हुनु पर्दछ। यो नै समावेशी लोकतन्त्रको लागि उत्तम हो। बहु मतीय निर्वाचनका कतिपय विकृतियुक्त प्रक्रिया तथा परिणामलाई समेत हेर्दा पनि पूर्ण समानुपातिक निर्वाचन प्रणाली नै प्रतिनिधि सभा निर्माण गर्नका लागि उपयुक्त हुने मेरो राय छ। मिश्रित निर्वाचन प्रणालीमा जाने हो भने मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत संविधान सभा सदस्य निर्वाचन २०६४ र २०७० मा प्रयोग भइसकेको अनुपात कायम गरनु पर्दछ।

- राष्ट्रिय सभा (House of Nationalities) मा मनोनित गर्ने व्यवस्था रहनु हुन्न। यस्तो व्यवस्था राजाले विश्वासपात्र नियुक्त गर्ने सामन्तवादी परम्पराको अवशेष हो। जननिर्वाचित हुने संस्थामा मनोनित गर्ने व्यवस्था गरनु हुन्न।

३. शासकीय स्वरुपका सम्बन्धमा पहिल्यै नै लिखित रुपमा आफ्नो मत राखि सकेको छु। प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति रहने समावेशी राष्ट्रपतीय प्रणाली हुनु पर्दछ।

४. नयाँ कानून हरुका साथमा संविधानको अन्तिम व्याख्या गर्ने अधिकार सहित स्थायी रुपमा, स्वतन्त्र, सक्षम, जन उत्तरदायी संवैधानिक अदालत रहनु पर्दछ।

मिति २०७२।०२।२८

भवदीय

अशोक कुमार राई
सदस्य
संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति

द.नं.०६
२०७२/२/२६

श्री सभापति ज्यू

संवैधानिक राजनैतिक सम्बाद तथा सहमति समिति,

सिंहदरबार, काठमाण्डौं

२०७२ साल जेष्ठ २५ गते एनेकपा(माओवादी), नेकपा एमाले, नेपाली कांग्रेस र मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) समेत चार दलहरुका बीचमा भएको सहमतिमा राष्ट्रिय जनमोर्चाको फरक मतबारे प्रकाश हाल्नको लागि निम्नलिखित अवधारणापत्र प्रस्तुत गरेको छु ।

१. नं १ बूंदामा सुरुमा नै "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल" भनेर लेखिएको छ । त्यसबाट शुरुको "संघीय" शब्द हटाइनु पर्दछ । त्यसैगरी अन्य बूंदाहरुमा लेखिएका संघीय वा संघीय संरचना सम्बन्धी सबै प्रावधानहरु पनि हटाइनु पर्दछ ।

२. प्रदेशको स्वरुप सम्बन्धी बूंदा नं २ को अन्तमा निम्नलिखित उपदफा ४ थप्ने

(४) जातीय आधारमा, उत्तर र दक्षिणका भागहरुलाई अलग गरेर वा विद्यमान अंचल, जिल्ला वा गाविसहरुलाई टुक्राएर प्रदेशहरुको विभाजन वा सीमांकन गरिने छैन ।

२. बूंदा नं ६ मा तल लेखिए अनुसार संशोधन गरिनु पर्दछ :

(१) राष्ट्रिय सभाको सदस्य संख्या ४५मध्ये "प्रत्येक प्रदेशबाट समान संख्याका आधारमा ४० सदस्यहरु निर्वाचित हुनेछन् र बाँकी ५ सदस्य संघीय मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मनोनयन हुनेछन्" लाई हटाइ त्यसका ठाउँमा तल लेखिए अनुसारको वाक्यहरु राखिनु पर्दछ ।

- राष्ट्रिय सभामा प्रतिनिधि सभाबाट निर्वाचित सदस्यहरु, स्थानीय निकायका प्रादेशिक समितिबाट २/२ जना निर्वाचित सदस्यहरु, राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिएका व्यक्तिहरु तथा जनजाति, अल्पसंख्यक, महिला, दलित, पिछडिएका क्षेत्रहरुबाट मन्त्रि परिषदको सिफारिशमा राष्ट्रपतिले मनोनित गरेका व्यक्तिहरु रहनेछन् । उनीहरुको संख्या र निर्वाचनको विधि कानूनमा निर्धारित भएअनुसार हुनेछ ।

स्पष्टिकरण

हामीहरुको यो प्रस्ताव छ कि स्थानीय निकायहरुलाई तीन तहमा बाँडेर निर्माण गरिनु पर्दछ । १. गाविसस्तरमा २.जिल्लास्तरमा ३. प्रादेशिक स्तरमा । प्रादेशिक स्तरको समिति जिल्लास्तरका स्थानीय निकायहरुबाट निर्वाचित प्रतिनिधिहरुबाट बन्नेछ । स्थानीय निकाय सम्बन्धि हाम्रा अवधारणाहरु हामीले पहिले पनि संविधानसभाका विभिन्न समितिहरुमा पेश गरिसकेका छौं र पछि पनि आवश्यकताअनुसार विस्तृत रुपमा वेग्लै प्रस्तुत गर्नेछौं ।

३. बूंदा नं ३ को "राष्ट्रपतिको निर्वाचन संघीय संसद् एवं प्रादेशिक सभा सदस्यसहितको निर्वाचक मण्डलबाट हुनेछ" को ठाउँमा तलका वाक्यहरु लेखिनु पर्दछ ।

-राष्ट्रपतिको निर्वाचन संसद तथा स्थानीय निकायको जिल्ला सभाका सदस्यहरु समेतको निर्वाचक मण्डलबाट हुनेछ ।

४. संवैधानिक अदालत सम्बन्धी बूंदा नं. १३ पूरै हटाइनु पर्दछ ।

५.बूंदा नं १५मा लेखिएको "संघीयता, शासकीय स्वरुप, निर्वाचन प्रणाली र न्याय प्रणालीका सम्बन्धमा भएको यो मूलभूत सहमतिको भावनाअनुरुप संविधान निर्माणको प्रक्रिया अघि बढाइने छ " को ठाउँमा निम्नलिखित वाक्य लेखिनु पर्दछ :

-संघीयता, शासकीय स्वरुप, निर्वाचन प्रणाली र न्याय प्रणालीका सम्बन्धमा संविधान सभामा सहमति भएका विषयहरुमा त्यो सहमति अनुसार र सहमति हुन नसकेका विषयहरुमा बहुमतको प्रक्रिया अनुसार संविधान निर्माणको प्रक्रिया अगाडि बढाइनेछ ।

६. स्थानीय निकाय सम्बन्धि बूंदा नं १६ को अन्तमा निम्नलिखित वाक्य जोडिनु पर्दछ :

-स्थानीय निकायलाई मौलिक अधिकारको रुपमा मान्यता दिइनेछ । गाउँका साथै जिल्लास्तरको स्थानीय निकायलाई सुदृढ पारिने छ । संसदले बनाएको कानूनबाहेक सरकार र प्रशासनका तर्फबाट स्थानीय निकायहरुमाथि कुनै हस्तक्षेप गरिने छैन । स्थानीय निकाय र प्रशासनको बीचमा कुनै विवाद पैदा भएमा सम्बन्धित स्तरभन्दा माथिल्लो तहको अदालतद्वारा त्यसबारे निर्णय गरिनेछ ।

२०७२/२/२७ गते

चित्र१६/२२

चित्रबहादुर केसी
अध्यक्ष
राष्ट्रिय जनमोर्चा

# थरुहट तराई पार्टी नेपाल
**Tharuhat Tarai Party Nepal**
व्यवस्थापिका संसद संसदीय दलको कार्यालय


च.नं. २/४९

मितिः २०७२।०२।२८

द.नं. ०८
२०७२।२।१८

श्रीसभापतिज्यू
संवैधानिक राजनैतिक सम्बाद तथा सहमति समिति
संविधानसभा, नेपाल

विषय : **फरक मत पेश गरेको सम्बन्धमा ।**

नेपालमा बिभिन्न जाति, वर्ग, लिंग र क्षेत्रमाथि सदियौंदेखि भएको बिभेदबाट मुक्त भई आफ्ना व्यक्तिगत तथा सामुहिक अधिकार, पहिचान, आत्मसम्मान र समानुपातिक समावेसी प्रतिनिधित्वको लागि गरिएका थरुहट आन्दोलन, आदिवासी जनजाति आन्दोलन, दलित आन्दोलन, लिम्बुवान आन्दोलन, खम्बुवान आन्दोलनले उठाएका न्यायपूर्ण मुद्दा र नेपाल सरकारसित संविधान निर्माणको क्रममा नया संविधानमा सम्बोधन गर्ने भनी गरिएका लिखित सम्झौताको पूर्ण वेवास्ता गरी अधिकार सम्पन्न संविधानसभालाई बन्धक बनाई राज्यपुनर्संरचना र प्रदेशको सिमांकन गर्न कथित बिज्ञहरुको आयोग गठन गर्ने गरी यही जेष्ठ २५ गते नेपाली कांग्रेस, एमाले, एमाओवादी र मधेसी जनधिकार फोरम (लोकतान्त्रिक) पार्टी बीच भएको सहमति भनेको अन्ततः संघीय संविधान जारी नगर्ने, नेपाली जनतालाई पहिचान र अधिकारबाट बन्चित गराउने सुनियोजित साथगाँठ हो ।

सुनियोजित तबरबाट कथित उच्च शासक जातिले राज्य संयन्त्र सबै कब्जा गरी एक धर्म, एक भाषा, एक संस्कृति र एक भेषभूषा थोपर्ने र सरकारको ढुकुटीमा ब्रह्मलुट मच्चाउने नियतबाट अभिप्रेरित भई संविधान सभाबाट छिटो संविधान जारी गर्ने भनी माथि उल्लेखित ४ दल बीच भएको १६ बुंदे सहमति प्रति थरुहट तराई पार्टी नेपालको गम्भिर ध्यानाकर्षण भएको छ । चार दलहरुबीच भएको अपवित्र सहमतिले सुनियोजित तवरबाट आदिवासी जनजाति, दलित, मुस्लिम, महिला, मधेसी र पिछडावर्गका जनताले दिएको मतादेशको खिल्ली उडाई अपमानीत गरेको छ ।

यसर्थ हाम्रो फरक मतहरु तपसिल अनुसार रहेका छन् ।

**फरक मतहरु :**

(१) संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक, धर्मनिरपेक्ष, समानुपातिक समावेसी नयाँ नेपालको प्रदेशको नामाकंन र सीमाकंन बिज्ञहरु रहेको आयोगबाट होइन, यसै संविधानसभाबाट पहिचानका ५ र सामर्थ्यका ४ का आधारमा एकल जातिय ऐतिहासिक भूगोलका पहिचानको आधारमा निम्नानुसारका ११ प्रदेश बनाउनु पर्दछ ।

(१) **थरुहट स्वायत्त प्रदेश** : चितवन उपत्यकादेखि सुर्खेत र दाङ उपत्यका सहित पशि्चम कैलाली र कञ्चनपुर जिल्लासम्म । कैलाली, दाङ, नवलपरासी र चितवन जिल्लाको उत्तरी खण्डका



सिंहदरबार, काठमाण्डौ, नेपाल, फोन नं. ००९७७-१-४२००२२० (Singhadurbar, Kathmandu, Nepal, Phone 00977-1-4200220)

गाविस जसमा मूलवासी थारुहरुको बसोबास छैन, त्यस्ता गाविस र/वा वडालाई उत्तरी खण्डको सम्बन्धित प्रदेशमा समावेस गरिनेछ ।

(२) **मध्य तराई सिम्रौनगढ प्रदेश** : पर्सादेखि धनुषा जिल्लासम्मको क्षेत्र ।

(३) **पूर्वी थरुहट कोचिला स्वायत्त प्रदेश** : सिराहादेखि उदयपुर उपत्यका त्रिजुगा खण्ड सहित झापा जिल्लासम्म ।

(४) **लिम्बुवान स्वायत्त प्रदेश** : ताप्लेजुङ, इलाम, पाचथर, तेह्रथुम, संखुवासभाको केही पूर्वी भाग, धनकुटाको केही पूर्वी भाग र मोरङ्गको उत्तरी भाग (चुरे पारीको) ।

(५) **खुम्बुवान स्वायत्त प्रदेश** : धनकुटा, संखुवासभा, सोलुखुम्बु, खोटाङ, उदयपुर उपत्यका बाहेकको क्षेत्र, ओखलढुङ्गा, दोलखा, रामेछाप, सिन्धुली र भोजपुर ।

(६) **ताम्सालिङ स्वायत्त प्रदेश** : काभ्रेपलाङचोक, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, रसुवा, मकवानपुर र चितवन उपत्यका बाहेकको क्षेत्र ।

(७) **नेवा स्वायत्त प्रदेशः** काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्ला

(८) **तमुवान स्वायत्त प्रदेश** : कास्की, मनाङ, लमजुङ, गोर्खा, मुस्ताङ, स्याङ्जा, तनहु, र पाल्पा।

(९) **मगरात स्वायत्त प्रदेशः** रुकुम, रोल्पा, सल्यान, अर्घाखाची, गुल्मी, बाग्लुङ, म्याग्दी, प्यूठान र पर्वत ।

(१०) **खसान स्वायत्त प्रदेश** : हुम्ला, जुम्ला, डोल्पा, मुगु, सिमिकोट, कालिकोट, दैलेख, सुर्खेत उपत्यका बाहेको क्षेत्र र जाजरकोट ।

(११) **खप्तड स्वायत्त प्रदेश** : डोटी, डडेल्धुरा, बाजुरा, बझाङ, अछाम, दार्चुला र बैटडी ।

(२) संविधानसभामा दुई पटक अभ्यास गरी दुनियाको उदाहरणीय समानुपातिक समावेसी प्रतिनिधित्व भएको स्थापित मिश्रित निर्वाचन प्रणाली अन्तरगत समानुपातिक निर्वाचनको लागि ६० प्रतिशत र प्रत्यक्ष निर्वाचनको लागि ४० प्रतिशतको व्यवस्था हुनु पर्ने ।

(३) प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसंख्याको अनुपातमा गर्नु पर्नेछ । यसरी निर्धारण गर्दा जाति, भाषा, संस्कृतिको भूगोललाई खण्डित नहुने गरी गर्नु पर्नेछ ।

(४) राष्ट्रिय सभाको समानुपाति समावेसी प्रतिनिधित्व हुनेगरी सदस्य चयनको लागि निर्वाचन मण्डलमा सम्बन्धित प्रदेश सभाका सदस्य, स्थानीय निकायका प्रमुख र उपप्रमुख हुनु पर्दछ ।

(५) राष्ट्रिय सभामा प्रदेशबाट प्रतिनिधित्व गर्ने सदस्यहरुको संख्या प्रदेशको जनसंख्याको अनुपातमा निर्धारण गरिनेछ ।

(६) संवैधानिक आयोगमा आदिवासी जनजाति आयोग, थारु आयोग र मुस्लिम आयोग थप गर्नु पर्दछ ।

(७) सम्बन्धित प्रदेश सभाको सदस्य संख्या जनसंख्याको अनुपातमा समानुपातिक समावेसी प्रतिनिधित्व हुनेगरी २५ देखि ४५ जनासम्म हुनु पर्दछ ।

(८) ६. संघीय सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता : राष्ट्राध्यक्षले संघीय व्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी संघीय



सिंहदरबार, काठमाण्डौ, नेपाल, फोन नं. ००९७७-१-४२००२२० (Singhadurbar, Kathmandu, Nepal, Phone 00977-1-4200220)

व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई संघीय सर्वोच्च अदालतको प्रधान न्यायाधीश र न्यायाधीश **समानुपातिक समावेसी प्रतिनिधित्व हुनेगरी** नियुक्ति गर्नेछ ।

(९) **१६. राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता :** (१) राज्यप्रमुखले राज्यव्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी राज्यव्यवस्थापिकाको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन भएका व्यक्तिलाई राज्य/प्रदेश सर्वोच्च/उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशमा **समानुपातिक समावेसी प्रतिनिधित्व** हुनेगरी नियुक्ति गर्नेछ ।

**(१०) स्थानीय अदालत : (क) आदिवासी जनजातिहरुको प्रथाजनित कानून र न्याय प्रणालीलाई स्थानीय अदालतको मान्यता दिइनेछ ।**

(११) संवैधानिक आयोगको रुपमा आदिवासी जनजाति आयोग, थारु आयोग र मुस्लिम आयोगको व्यवस्थ गर्ने ।

(१२) **समानुपातिक समावेसी अनुगमन तथा निरीक्षण आयोग :** (१) नेपालमा एक संघीय **समानुपातिक समावेसी अनुगमन तथा निरीक्षण** आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व हुनेगरी एकजना अध्यक्ष र अन्य चारजना सदस्यहरु रहनेछन् ।

(२) उपधारा (३) र (५) को योग्यता भएको आदिवासी जनजाति, थारु, दलित, मधेसी, मुस्लिम र महिला व्यक्तिहरुमध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि समानुपातिक समावेसी अनुगमन तथा निरीक्षण आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ ।

(११) **२८. सामा जिक न्यायको हक :** (५) आदिबासी, जनजातिलाई आफ्नो पहिचान सहित भाषा तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने तथा सशक्तिकरण र विकासको लागि प्राथमिकताका साथ विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।

(१२) आदिवासी समुदायलाई भूमि र प्राकृतिक सम्पदामाथि अग्राधिकारको हक हुनेछ ।

(१३) राष्टिय बित्तिय आयोग र राष्टिय प्राकृतिक आयोग अलग अलग बनाउने ।

(१४) समानुपातिक समावेसी आयोगमा अध्यक्ष सहित ११ जना सदस्य रहने व्यवस्था गर्ने ।

(१५) प्रस्तावनामा ......... सशस्त्र आन्दोलन, शान्तिपूर्ण जनआन्दोलन, मधेस आन्दोलन, अधिकार र पहिचानको लागि भएका थरुहट आन्दोलन, लिम्बुवान आन्दोलन, खम्बुवान आन्दोलन, आदिवासी जनजाति आन्दोलन, दलित आन्दोलन, मुस्लिम आन्दोलन, आदि .... थप गर्ने ।

(१६) प्रस्तावनामा पहिले नै सहमति भई सकेको ........... समानुपातिक समावेसी शासन व्यवस्था .... राख्ने ।

(१७) संघीय निसाना छापको गरिमा र सम्मान एवम् भावनामा प्रतिकूल नहुने गरी सम्बन्धित प्रदेशले आफ्नो निसाना छाप बनाउन सक्नेछ ।



***फरक मत पेश गरेको सम्बन्धमा***

(१८) (८) (१) संविधानमा असंशोधनीय बिषयमा ..... समानुपातिक समावेसी, गणतन्त्र, धर्मनिरपेक्ष र लोकतन्त्र ... थप गर्ने ।

(१९) सवैधानिक निकायमा नियुक्ती गर्दा समानुपातिक समावेसी प्रतिनिधि हुनेगरी आयुक्तहरु नियुक्त गर्ने व्यवस्था गर्ने ।

(२०) स्थानीय निकायदेखि राष्टिय सभा सदस्य र राष्ट्रपति समेतको निर्वाचनसम्म प्रत्यक मतदातको मतको भार समान हुनेछ, वा एक व्यक्ति एक मत हुनेछ ।

(२१) अवशिष्ठ अधिकार सम्बन्धित प्रदेशलाई हुनेछ ।

(२२) सामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक, सरकारी पहुचबाट बन्चित जाति वा समुदायको सघन क्षेत्र हेरी विशेष संरक्षीत क्षेत्र र स्वायत्त क्षेत्रको व्यवस्था गरिनेछ ।

जय थरुहट

गोपाल दहित
संसदीय दलको नेता
थरुहट तराई पार्टी नेपाल



सिंहदरबार, काठमाण्डौ, नेपाल, फोन नं. ००९७७-१-४२००२२० (Singhadurbar, Kathmandu, Nepal, Phone 00977-1-4200220)

६.ल. ०१
२०७२/२/२८ २०७२/०२/२८
३.२० ०१

माननीय सभापतिज्यू,

संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति ।

**विषय : फरक मत प्रस्तुत गरेको सम्बन्धमा ।**

त्यस समितिमा मिति २०७२/०२/२६ गतेका दिन प्रस्तुत गरिएको चार दलको सहमतिको १६ बूँदे प्रस्ताव संविधानसभा नियमावली २०७०, अन्तरिम संविधान २०६३ को प्रस्तावना एवं मर्म र भावना, उच्चस्तरिय राज्य पुनर्संरचना आयोगको प्रतिवेदन, विगतको संविधानसभाको राज्यपुनर्संचरना तथा राज्यशक्तिको बाँडफाड समितिको सहमति, ऐतिहासिक मधेश जनविद्रोहको बेला नेपाल सरकारसँग भएको २२ बूँदे र ८ बूँदे सम्झौता, आदिवासी जनजाति आन्दोलन लगायतका संग भएको सम्झौता र नेपालको अन्तरिम संविधान २०६३ को धारा १३८ को विपरीत रहेको छ । उक्त सहमतिले सार्वभौमसत्ता सम्पन्न जनताद्वारा निर्वाचित संविधानसभाको क्षेत्राधिकारमाथि हस्तक्षेप गरि संविधानसभाको औचित्यमाथि नै प्रश्नचिन्ह खडा गरेको छ । सो सहमतिबाट मधेशी, आदिवासी जनजाति, दलित, महिला, मुस्लिम, सीमान्तकृत, खस, अल्पसंख्यक समुदायको पहिचान र समावेशिता, प्रादेशिक स्वायत्तता तथा स्वाशासन र समानअधिकारको प्राप्तिलाई नै निषेध गर्ने प्रयास गरेको छ । संवैधानिक व्यवस्था र नियमावलीलाई निलम्बन गरी फास्टट्रयाकबाट संविधान निर्माण गर्ने कार्य सार्वभौमसत्ता सम्पन्न जनताको अधिकार र संविधानसभा सदस्यहरुको अधिकारलाई समेत हनन् गरी स्वेच्छाचारी एवं गैरलोकतान्त्रिक प्रक्रिया भएकोले सो असंवैधानिक कार्यको हामी घोर विरोध गर्दछौं । उक्त सहमतिले पहिचानसहिको संघीयता र संघीयतासहितको संविधानको निर्माण गर्नुको सट्टा संघीयताविहीन संविधान निर्माण गर्न कथित संघीय आयोगको प्रस्ताव ल्याइएको हो । तसर्थ, संविधानसभा नियमावली, अन्तरिम संविधान २०६३ तथा विगतमा भएका सहमति र सम्झौताहरु समेतको उल्लंघन गर्ने गरी प्रस्तुत चार दलीय सहमतिप्रति हाम्रो घोर असहमतिका साथै विरोध छ । संविधान निर्माणको कार्य सहमतिका आधारमा विधिसम्मत ढंगले विगतमा भएका सहमति र सम्झौतलाई आत्मसात् गर्दै अगाडि बढाउनु हुन समेत अनुरोध गरिन्छ ।

**यसका अतिरिक्त विभिन्न समितिको प्रतिवेदन सम्बन्धमा निम्निलिखित रुपमा हाम्रा धारणाहरु प्रस्तुत गरेका छौं ।**

(१) **मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति :**

**सामाजिक न्यायको हक** : आदिवासी र स्थानीय समुदायलाई भूमि र प्राकृतिक सम्पदा माथि अग्राधिकारको हक हुनेछ ।

(२) **नागरिकता :** विगतको संविधानसभाले गरेको सहमतिको अतिरिक्त जन्मसिद्ध नागरिकता प्राप्त गर्ने नेपाली नागरिकहरुको सन्तानले वंशजको आधारमा नागरिकता प्राप्त गर्नेछ ।

(३) **न्याय प्रणाली समिति** : यस समिति अन्तर्गत गठित विवाद समाधान उप-समितिले दिएको प्रतिवेदन अनुसार हुनुपर्ने छ ।

(४) **संघीयता र प्रदेश संरचना** : विगतको संविधानसभामा पेश भएको राज्य पुनर्संचना उच्चस्तरीय आयोगले पेश गरेको बहुमतको प्रतिवेदन अनुसारको सीमाङकन, नामाङकन, अधिकारको बाँडफाँड समेत हुनुपर्ने ।

(५) **व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समिति** : व्यवस्थापिका संसद दुई सदनात्मक हुनेछ ।

(६) **प्रतिनिधि सभा र राष्ट्रिय सभा** : अन्तरिम संविधानमा भएको व्यवस्था अनुसार प्रत्यक्ष तथा समानुपातिक सदस्य संख्याको प्रतिशतको आधारमा निर्वाचन हुने गरी प्रत्यक्षबाट २०१ र सोही अनुपातमा समानुपातिक सदस्य संख्या निर्धारण गर्ने । निर्वाचन क्षेत्रको निर्धारण जनसंख्याको आधारमा हुनेछ ।

(७) **राष्ट्रिय सभा :** राष्ट्रिय सभा सदस्य ५१ हुनेछ । र प्रत्येक प्रदेशबाट समान जनसंख्याको अनुपातमा प्रदेशसभाबाट निर्वाचित हुनेछन् ।

(८) **प्रदेश सभा :** एक सदनात्मक हुनेछ । प्रदेश सभाको गठन प्रदेशको जनसंख्याको आधारमा २१ देखि ५१ सम्म सदस्य संख्या हुनेछ ।

(९) नेपालको अन्तरिम संविधान २०६३ को मर्म र भावनाअनुरुप सार्वभौमसत्ता सम्पन्न जनताको अधिकारको सम्मान गर्दै संविधानसभाद्वारा नै संघीयतासहितको संविधान जारी हुनुपर्ने हाम्रो धारणा रहेको छ । र कुनै पनि बहानामा सार्वभौमसत्ता सम्पन्न जनताको अधिकार र संविधानसभाको क्षेत्राधिकारलाई कटौती गरी गर्ने कार्य हामीलाई मान्य हुने छैन ।

**उपेन्द्र यादव**
मधेसी जनअधिकार फोरम, नेपाल

**सर्वेन्द्रनाथ शुक्ल**
तराई-मधेश लोकतान्त्रिक पार्टी

**लक्ष्मणलाल कर्ण**
सदभावना पार्टी

**महेन्द्रराय यादवको प्रतिनिधि नरेन्द्र साह (आमन्त्रित सदस्य)**
तराई-मधेश सदभावना पार्टी नेपाल

राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपाल
केन्द्रीय समिति, काठमाण्डौ

दर्ता नं. १० 
२०७२/२/२८

मितिः २०७२/२/२८

माननीय सभापतिज्यू
संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समिति ।

विषयः फरक मत सम्बन्धमा ।

संविधान सभाबाट संविधान निर्माण गर्ने सम्वन्धमा हाम्रो पार्टीको निम्न फरक मत रहेको छ ।

**संघीयता र प्रदेश सम्बन्धमा ।**

(१) राज्यपुनसंरचना गर्दा पहिचानका ५ र सामर्थ्यका ४ आधारमा १० प्रदेश हुनु पर्ने ।
(२) प्रदेशको नामाकरण - लिम्वुवान, खम्वुवान, ताम्सालिङ्ग, नेवा, मगरात, तमुवान, थरुहट, शेर्पा खसान, जडान हुनु पर्ने ।
(३) संविधानसभाबाट नै सीमाङ्कनको टुङ्गो लगाउनु पर्ने ।

**निर्वाचन प्रणाली सम्बन्धमा ।**

(४) निर्वाचन प्रणाली
प्रतिनिधिसभा सदस्य संख्या- २७५
प्रत्यक्षबाट - ४० प्रतिशत
समानुपातिकबाट - ६० प्रतिशत
(५) राष्ट्रियसभामा सदस्य संख्या - ६७ जना
प्रत्येक प्रदेशबाट ८ जनाको दरले निर्वाचित - ६४ जना
मन्त्री परिषद्को सिफारिशमा राष्ट्रपतिबाट मनोनित ३ जना

**शासकीय स्वरुप सम्बन्धमा ।**

(६) जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनु पर्ने ।

**प्रतिनिधित्वको सम्बन्धमा ।**

(७) जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनु पर्ने ।

शिवलाल थापा
अध्यक्ष

# नेपाल कम्युनिष्ट पार्टी (माले)

सभासद/संसदीय दल

सिंहदरबार, काठमाडौं

(चुनाव चिन्ह)


द. नं. ११

२०७२/२/२८

प.सं .........

च.नं...........

मिति :...............


सभासद दल/संसदीय दल

नेकपा (माले)

१. दल नेता :

मा. श्री चन्द्रप्रकाश (सि.पी.) मैनाली

मो. ९८५१०-६४८५१

२. दल सचेतक :

मा. श्री अइन्द्र सुन्दर नेम्वाङ

मो. ९८४१-३३८२४७

३. दल सदस्य :

मा. श्री शिवचन्द्र चौधरी

मो. ९८५१-५२१९३१

४. दल सदस्य :

मा. श्री कलशा महरा

मो. ९८४८-७२१२५७

५. दल सदस्य :

मा. श्री कमला विश्वकर्मा

मो. ९८४१०-२२३४३

**********************

सभासद/संसदीय दल कार्यालय

सिंहदरबार, काठमाडौं

फोन : ०१-४२००१७८

०१-४२००१२७

**********************

नेकपा (माले), केन्द्रीय कार्यालय

रातोपुल, काठमाडौं

फोन : ०१-४४६९०३३

फ्याक्स : ०१-४४६९०३५

इमेल : cpnml.cc@gmail.com


# सभासद दल, नेकपा (माले)

(भिन्न मतहरु, २८ जेष्ठ २०७२)

१.जातीय समानता कायम गर्नका निमित्त नेपाली समाजमा रहेका जातिहरु (Ethnicities) लाई प्रामाणिक रुपमा संविधानमा संस्थागत गरिनु पर्छ। संविधानद्धारा जातीय पहिचानलाई संस्थागत नगरिकन जातीय समानता कायम गर्ने कुरा गर्नु खोको गफमा परिणत हुनसक्छ। यसका साथै सङ्घीयतासंग जोडेर अर्थात जातीय नामधारी प्रदेशहरु *(नेवा, लिम्बूवान, खम्बूवान, ताम्सालिङ, मगरात,थरुहट आदि)* र क्षेत्रीय प्रदेशहरु *(अर्थात मधेशी वा हिमाली प्रदेशहरु)* गठन गरी जातीय पहिचान र समानता दिन खोज्नु नेपालको सन्दर्भमा अव्यवहारिक र हनीकारक मात्र नभई प्रत्युत्पादक सम्म हुनेछ।

२.नेपालमा राज्य पुनसंरचना गर्दा देशको भूराजनीतिक अवस्थिति र आर्थिक विकासको पूर्वाधारलाई कमश: प्रथामिक आधारको रुपमा लिनु आवश्यक छ। २०७२ साल वैशाख १२ गते गएको महा-विनाशकारी भूकम्पको कारण र परिणामलाई समेत ध्यान दिनु अर्को महत्वपूर्ण आधार रहेको देखिन्छ। उपरोक्त दुबै विषयलाई उपेक्षा गर्दै पहिचान र सामर्थ्यका आधार मात्र खोजी राज्य पुनसंरचना अर्थात संङ्घीय संरचना गर्न खोज्नु गैरजिम्मेवारी कार्य हुनेछ। यस्तो कार्यप्रति हाम्रो सहमति हुन सक्दैन। यही मान्यताका आधारमा नेकपा( माले) हिमाल, पहाड र मधेश क्षेत्र समावेश भएका ***समावेशी प्रदेशहरु*** गठन गरिनुपर्छ भन्ने पक्षमा दृढतापूर्वक उभिएको छ र उभिरहने छ।

३.नेपालको वर्तमान सामाजिक-आर्थिक स्थिति र सामर्थ्यको सन्दर्भमा नेकपा (माले) ले तीनदेखि ६ वटासम्म ***समावेशी प्रदेश*** गठन गर्नु उपयुक्त हुने प्रस्ताव अघि सार्दै आएको सर्वविवितै छ। १२ वैशाख २०७२ मा आएको महाविनाशकारी भूकम्प पछिको अवस्थामा चारवटा राजनीतिक दलले अनिश्चित चरित्रका ८ वटा प्रदेशहरु गठन गर्ने सहमति गरेकोमा नेकपा (माले) को दृढ असहमति रहेको छ।

# नेपाल कम्युनिष्ट पार्टी (माले)

## सभासद/संसदीय दल

सिंहदरबार, काठमाडौं

प.सं ........ २०७० मिति :..............

च.नं............

सभासद दल/संसदीय दल

नेकपा (माले)

१. दल नेता :

मा. श्री चन्द्रप्रकाश (सि.पी.) मैनाली

मो. ९८५१०-६४८५१

२. दल सचेतक :

मा. श्री अइन्द सुन्दर नेम्वाङ

मो. ९८४१-३३८२४७

३. दल सदस्य :

मा. श्री शिवचन्द्र चौधरी

मो. ९८५१-५२१९३१

४. दल सदस्य :

मा. श्री कलशा बहरा

मो. ९८४८-७२१५७

५. दल सदस्य :

मा. श्री कमला विश्वकर्मा

मो. ९८४१०-२२३४३

**********************

सभासद/संसदीय दल कार्यालय

सिंहदरबार, काठमाडौं

फोन : ०१-४२००१७८

०१-४२००१२७

**********************

नेकपा (माले), केन्द्रीय कार्यालय

रातोपुल, काठमाडौं

फोन : ०१-४४६९०३३

फ्याक्स : ०१-४४६९०३५

इमेल : cpnml.cc@gmail.com

यस अवस्थामा नेकपा (माले) विगतमा कायम गरिएका पाँचवटा विकास क्षेत्रहरुलाई नै आवश्यक केही सानातिना हेरफेर सहित पाँचवटा सङ्घीय प्रदेशमा परिणत गर्नु उचित र आवश्यक हुनेछ भन्ने मान्यता बनाउन पुगेको छ ।

४.नागरिकता नीतिको सम्बन्धमा पनि देशले अलमलमा पर्नु हुदैन । वंशज, अङ्गीकृत र मानार्थ नागरिकताको परिपाटी अपनाउनु उचित छ । आमा र वाबु दुवै नेपाली नागरिक भएको, नेपालमै स्थायी बसोवास गर्ने सन्तानले आमा मात्रको वा वाबु मात्रको नामवाट नागरिकता लिदा वंशजको नागरिकता पाउनु र दुईमध्ये एक विदेशी नागरिकनै रहेको अवस्थामा सन्तानले अङ्गीकृत नाग-रिकता पाउने व्यवस्था अपनाइनु पर्छ । वैवाहिक आधारमा अङ्गीकृत नागरिकता दिदा नेपाली नागरिकसंग विवाह गर्ने विदेशी महिला वा पुरुषले नेपालमा स्थायी वसोवास गरेको १० वर्ष पछि मात्र अङ्गीकृत नागरिकता प्राप्त गर्न पाउने व्यवस्था गरिनु पर्छ । त्यस्तो नागरिकता प्राप्त गर्नु भन्दा अघि नेपालमा स्थायी वसोवास गरिरहेको अवस्थामा उनीहरुलाई **स्थायी आवसीय परिचयपत्र** दिइनु पर्छ, जसबाट उनीहरुले नेपालमा राजनीतिक अधिकार बाहेक अरु सवै खालका अधिकार पाउन सकून् ।

नेपालमै स्थायीरुपमा वसोवास गर्ने अङ्गीकृत नागरिकहरुले त्यसो गर्न थालेको ७ वर्ष पछि मात्र ***अन्य सम्बैधानिक पदहरुमा*** चुनिने अधिकार प्राप्त गर्न सक्ने व्यवस्था कायम गरिनु पर्छ । दोहोरो नागरिकता दिने व्यवस्था गरिनु हुदैन

५.नेकपा (माले)का उपरोक्त विषयहरुका अतिरिक्त शासकीय स्वरुप, निर्वाचन प्रणाली आदिबारे पनि आफ्नै दृष्टिकोण र प्रस्तावहरु रहेका छन् । पार्टी यिनीहरुमा कायम रहेपनि आफ्ना भन्दा भिन्न मतहरु सहित संविधान वन्न खोजीरहेको वर्तमान अवस्थामा त्यसलाई अवरोध नगर्ने, उल्टै संविधान निर्माणलाई व्यवहारिक रुपमा सहयोग गर्ने निति लिइनेछ ।

धन्यवाद ।

Mainali

सी.पी.मैनाली

दल नेता-सभासद दल, नेकपा (माले)

संविधान सभा, नेपाल-२०७०

आर्थिक र सामाजिक रुपले पछाडी परेका समुदाय, आदिवासी जनजाती, दलित, मधेशी, मुस्लीम, पिछडा वर्ग एक हौं ।
जातीय जनसंख्याको आधारमा राज्यको हरेक अंगमा पूर्ण समानुपातिक प्रतिनिधित्वको ग्यारेण्टी गरौं ॥

# संघिय लोकतान्त्रीक राष्ट्रिय मञ्च (थरुहट)

## केन्द्रीय कार्य समिति

## Federal Democratic National Forum (Tharuhat)

### Central Committee

चुनाव चिन्ह

प.सं: ६.५.१२
च.नं: २०७२।२।२८

मिति : ०७२।२।२५

श्रीमान सभापति ज्यू
संवैधानिक राजनितिक सम्वाद तथा
सहमति समिति

१- संघिय संसद प्रतिनिधी सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक हुनेछ।

२- प्रतिनिधी सभाको निर्वाचन जातिय जनसंख्याको आधारमा पूर्ण समानुपाति निर्वाचन प्रणालीको व्यवस्था हुनु पर्दछ।

३- प्रतिनिधी सभाको पूर्ण समानुपातिक निर्वाचन का लागि राजनितिक दलले उम्मेदवारी दिंदा जातिय जनसंख्याको आधारमा महिला, खस आर्य थारु, आदीवासी जनजाति, मधेशी, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक पिछडिएको क्षेत्र, समुदाय बाट प्रादेशिक बन्द सुचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुनद्धारा निर्धारण गरिनेछ।
(मानव विकास सुचकाङ्कको आधारमा)

स्पष्टीकरण - "तराईका मूल आदीवासी जनजाति" भन्नाले थारु लगायत राजवंशी, गन्गाई, झाँगड, धिमाल, कोचेमेचे दनुवार, आदी

४. निर्वाचन प्रणाली मा महिलाहरुको लागि ५१%. एकाउन्न प्रतिशत निर्वाचन क्षेत्र आरक्षित को व्यवस्था गरिनु पर्दछ।

५. दुई वा दुई भन्दा वढी राजनैतिक दलहरुलाई एउटै साझा चुनाव चिन्हमा निर्वाचनमा भाग लिन पाउने व्यवस्था गरिनु पर्छ।

६- थ्रेसहोल्ड को व्यवस्था गरिनु हुदैन।

७. आदीवासी जनजाति लगायतका परम्परादेखि चलि आएको प्रथाजन्य कानुनलाई संवैधानिक मान्यता दिइने ~~पर्दछ~~ र सामुहिक, आर्थिक रुपमा कानूनी व्यवस्था हुनेछ।

८- न्यायपरिषदले सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत अन्य न्यायिक निकायहरुमा महिला सहित समानुपातिक प्रतिनिधित्व गरिनु पर्दछ।

९- अन्तरिम संविधान २०६३को भावना विपरीत संघियता, नामाङ्कन, सिमाङ्कन संख्या र निर्वाचन प्रणाली संघिय आयोगलाई ६ महिनाभित्र प्रतिवेदन दिने सहमति र परिवर्तित संसदबाट टुगों लगाउने निर्णय एकात्मक वादी र महेन्द्र वादी सोच हो

प.सं:
च.नं:

मिति :०६२।२।२८

जातिय ऐतिहासिक पृष्ठभुमि भाषा, क्षेत्र र उत्पत्तिका आधारमा आत्म निर्णयको अधिकार सहित थरुहट स्वायत्त प्रदेश लगायत अन्य प्रदेश हरु हुनेछ।

१ जस्को सिमाङ्कन पूर्व मेची देखि पश्चिम महाकाली ~~सम्म~~ नदीसम्म र दक्षिण भारतिय सिमादेखि उत्तर चुरेभावर, महाभारत श्रृखला हुनेछ। तराईका कुनै पनि जिल्लालाई पहाडमा मिसाउनु हुदैन।

- प्रदेशको संख्या नेपालको कुल जनसंख्याको अनुपातमा राखिनु पर्दछ।
- राज्यको हरेक अंग र निकायमा जातिय जनसंख्याको अनुपातमा पूर्ण समानुपातिक प्रातिनिधित्वको व्यवस्था हुनुपर्दछ। (कार्यपालिका, न्यायपालिका, राजनैतिक नियुक्ति, सवैधानिक, स्थानिय निकाय सुरक्षा निकाय, कुटनितिक निकाय लगायत सवै अंगहरुमा)

- संवैधानिक आयोग

आदीवासी, जनजाति आयोग, थरुहट आयोग, कमैया कम्लरी आयोग हुनुपर्दछ।

- आन्तरिक वसाई सराईलाई नियन्त्रण गर्नुपर्दछ नियमन गर्दा मूलवासी आदिवासी जनजातिहरुको अस्तित्व, पहिचान प्रातिनिधित्व, पहुँच अग्राधिकार सुनिश्चित हुनु पर्दछ।
- संविधानमै निति नियमन (अध्यागमनको) कानुन वनाउनु पर्दछ।
- राष्ट्रिय सभा जातिय सभा, जातिय संघ संगठन वाट प्रातिनिधित्व गराउने व्यवस्था हुने

रुकमिणी चौधरी
अध्यक्ष

बहुजन हिताय ! बहुजन सुखाय !!

# दलित जनजाति पार्टी नेपाल

केन्द्रीय कार्यालय : बौद्ध-६ काठमाडौं, नेपाल,

फोन नं. ९८५११४५१०१

मिति २०६९।०२।२८

श्री माननीय सभापतिज्यू
संवैधानिक राजनैतिक संवाद तथा सहमति समिति
संविधान सभा सिंहदरबार काठमाडौं, नेपाल

द. नं. १३
२०६९।१।१८

विषय :- फरक मत प्रस्तुत गरेको सम्बन्धमा ।

महोदय,

नेपालमा विद्यमान कायम रहेको केन्द्रीकृत एकाधिकारवादी राज्य सत्ता विरुद्ध नेपाली जनताको ऐतिहासिक क्रान्ती, आन्दोलन संघर्षबाट मुलुकलाई संघिय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरित गर्दै जाति, वर्ग, क्षेत्र, लिङ्ग, समुदायहरुको सह अस्तित्व र पहिचान लाई उजागर गर्दै ।
राष्ट्रिय स्वाधिनता सार्वभौमिकता, भौगोलिक, अखण्डता राष्ट्रिय एकता लाई अक्षुण्ण राख्दै विभिन्न जाति भाषा संस्कृति र धार्मिक परम्परामा आबद्ध सम्पूर्ण नेपालीहरुको विकास र प्रगतीकालागी राज्यको स्रोत साधन लाई अधिकतम उपयोगगरी समृद्ध र सबल राष्ट्र निर्माणकोलागी सबै खाले एकाधिकारको समूल अन्त्यको मूल लक्ष्य लाई प्राप्त गर्न, दलित जनजाति पार्टी नेपाल प्रतिबद्ध रहेको

प्रमुख ४ दलहरुविच सहमति गरेर ल्याएको १२ बुँदे प्रतिवेदन सर्व सम्मति होइन यथा सिघ्र संविधान बनाउने नाम मा सरासर नेपाली जनतालाई छल्ने र धोका दिने काम भएकोछ। यसमा हाम्रो पार्टीको तर्फबाट यस १२ बुँदे सहमति मा दलित जनजाति पार्टी नेपालको असहमति रहेकोछ

२

# दलित जनजाति पार्टी नेपाल

केन्द्रीय कार्यालय : बौद्ध-६ काठमाडौं, नेपाल,

फोन नं. ९८५११४५१०१


नं० १, राज्यको पुनःसंरचना                                   मिति २०६२।०२।१२

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालमा पहिचानका ५ आधार (सामर्थ्य ४ आधारमा १० प्रदेश हुनु पर्ने

(क) ताम्सालिङ प्रदेश (ख) नेवा प्रदेश (ग) मगरात प्रदेश (घ) लिम्बुवान प्रदेश (ङ) कर्णाली खसाङ प्रदेश (च) थरुहट प्रदेश (छ) मिथिला प्रदेश (ज) दलित समपाल/खलाङ प्रदेश (झ) शेर्पा प्रदेश (ञ) तमुवान प्रदेश

नं० २ शासकिय स्वरूप

जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी अधिकार सहितको प्रमुख राष्ट्रपति हुनुपर्ने।

नं० ३. निर्वाचन प्रणाली

संसद दुई सदनात्मक हुनेछ। (१) संघिय संसद प्रतिनिधि सभा। (२) राष्ट्रिय सभा। प्रादेशिक सभा एक सदनात्मक हुनेछ। जातिय जन संख्याको आधारमा पूर्ण समानुपातिक हुनुपर्ने। दलित जनजाति पार्टी नेपालको धारणा रहेको रहेछ पनि कतीमा अन्तरिम संविधान लेख्न सिटम ग्रहण गरेको मिश्रित प्रणाली ६०% समानुपातिक ४०% प्रत्यक्षलाई समर्थन गर्दछ। दुई भन्दा बढी राजनैतिक दलहरूलाई एउटै साझा चुनाव चिन्हमा निर्वाचनमा भाग लिन पाउने व्यवस्था हुनु पर्दछ।

नं० ४ न्याय प्रणाली

- न्याय प्रणालीमा संवैधानिक अदालत हुनुपर्ने।
- संवैधानिक अदालतको कार्य अवधी नयाँ संविधान प्रारम्भ भएको मितिले ५ वर्ष सम्म हुनुपर्नेछ।
- न्याय परिषद गठन सम्बन्धी व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ को व्यवस्था अनुरूप हुनुपर्नेछ।
- [illegible]

[signature]

बहुजन हिताय ! बहुजन सुखाय !!

# दलित जनजाति पार्टी नेपाल

केन्द्रीय कार्यालय : बौद्ध-६ काठमाडौं, नेपाल,

फोन नं. ९८५११४५१०१

मिति २०६२।०२।२८

## नागरिकता सम्बन्धी

१, आमा र बुबा भन्ने शब्दमा
आमा वा बुवा हुनुपर्ने।

### विशेष व्यवस्था

१, थ्रेसहोल्ड लागु गर्न नहुने
२, आदिवासी जनजाति आयोग को गठन गर्नुपर्ने।
३, प्रथाजनित कानुन लाई संविधान मा उल्लेख गर्नुपर्ने।
४, निर्वाचित राष्ट्रपति लाई जन प्रतिनिधी सभा को २ तिहाई बहुमत-द्वारा महाअभियोग द्वारा हटाउन सक्ने छ।
५, सिमान्तकृत समुदाय को लागी आरक्षण कोटा को विशेष व्यवस्था गर्नुपर्ने छ।

माननिय-यसोदाकुमारी लामा
संसदीय दल को नेता

द. नं. १४
२०७२/२/२८

श्री माननीय सभापति ज्यू,
संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति,
संविधानसभा, सिंहदरबार, काठमाण्डौं ।

विषय : फरक मत पेश गरिएको बारे ।

र निर्वाचन प्रणाली १)

नागरिकता सम्बन्धी व्यवस्थामा लैंगिक विभेदलाई बढावा दिने प्रकृतिको भएकोले सो सम्बन्धमा निम्नानुसार फरक मत पेश गरिएको छ ।

**वंशजको नागरिकताको हकमा :**

- नेपाली नागरिकको सन्तानको हकमा निज बालिग भए पछि आमा वा बाबुको नामबाट बंशजको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था सुनिश्चित गरिनुपर्ने ।

**अंगीकृत नागरिकताको व्यवस्थाको हकमा :**

- अंगीकृत नागरिकताको हकमा महिला र पुरुष वीच विभेदपूर्ण प्रावधान रहेकाले यसलाई सच्चाई समान व्यवस्था र प्रावधान कायम गरिनुपर्ने ।

**निर्वाचन प्रणाली सम्बन्धमा :**

- मिश्रीत निर्वाचन प्रणाली सहमती भैसकेको सन्दर्भमा महिला समुदायको ३३ प्रतिशत सहभागीताको परिणाम सुनिश्चित गर्न प्रत्यक्ष तर्फ ३३ प्रतिशत निर्वाचन क्षेत्र महिलाका लागि छुट्याइनुपर्ने । निर्वाचन क्षेत्रको छनौट चक्रिय आधारमा गरिनुपर्ने ।
- जनप्रतिनिधिमूलक सवै संस्थाका प्रमुख र उपप्रमुखहरुमा एक जना महिला अनिवार्य हुने छन् ।

२०७२/२/२८

(रेखा शर्मा)
सदस्य
संवैधानिक-राजनीतिक संवाद तथा
सहमति समिति

द. नं. १९
२०७२/२/१८

माननीय सभापति ज्यु,
संवैधानिक राजनैतिक सम्वाद तथा सहमति समिति
सिंहदरवार, काठमाण्डौ

**बिषयः नेपालको भावि संविधानमा समावेश गरिनु पर्ने विषयहरु वारे राप्रपा नेपालको फरक मत**

माननीय सभापति ज्यु,

नेपाली जनताको चाहना अनुरुप संबिधान निर्माणको कार्यमा राप्रपा नेपालले सदैव सकारात्मक एवं रचनात्मक योगदान पुऱ्याउदै आएको सर्वविदित छ । कतिपय बिषयहरुमा राप्रपा नेपालको आधारभुत रुपमा नै फरक दृष्टिकोण रहेको भएता पनि संबिधान र नियमावलीमा भएको व्यवस्था अनुरुप विधि र प्रकियाबाट हुने निर्णयमा राप्रपा नेपाल सदैव सकारात्मक रहने पार्टीको स्पष्ट धारणा रहेको छ । तर, दुर्भाग्यवश संबिधानसभालाई उपेक्षा गरेर संबिधानसभा भन्दा बाहिर निर्णय गर्ने र त्यस्तो निर्णय संबिधानसभामा लाद्ने जुन प्रवृत्ति जारि रहेको छ, त्यस प्रति राप्रपा नेपालको गंभीर आपत्ति प्रकट गर्दछ ।

यसै सन्दर्भमा नेपालको भावि संबिधानमा समेटिनु पर्ने अन्तर्वस्तु सहितको फरक मत यसै साथ संलग्न गरेको छु । संबिधानसभाको पुर्ण बैठकमा पेश गरि छलफलमा ल्याउन सहयोग गरि दिनु हुन अनुरोध गर्दछु ।

**भावि संविधानमा समावेश गरिनु पर्ने मुख्य अन्तरवस्तुहरु तथा राप्रपा नेपालको फरक मत**

१) धर्मनिरपेक्षता, संघीयता र गणतन्त्रका सम्बन्धमा राप्रपा नेपालको पूर्ण असहमति रहेको छ । त्यसर्थ, संबिधानका तत्सम्बन्धि बिभिन्न प्रावधान तथा अन्तर्वस्तुहरुमा समेत राप्रपा नेपालको स्वभाविक रुपले सहमति रहेको छैन । त्यसर्थ, ति बिषयसंग सम्बन्धित सबै प्रावधान र अन्तर्वस्तुहरु सहमति कायम हुन नसकेको बिषयका रुपमा संबिधानसभामा प्रस्तुत गरि दिनु अनुरोध छ ।

**२) सर्वधर्म सहअस्तित्व एवं पुर्ण धार्मिक स्वतन्त्रता सहितको हिन्दु राष्ट्रः**

क. नेपाल सर्वधर्म सहअस्तित्व एवं पूर्ण धामिर्क स्वतन्त्रता सहितको सनातन धर्मसापेक्ष हिन्दु राष्ट्र हुनेछ ।

ख. धार्मिक आस्था, बिश्वास र मान्यताका आधारमा कुनै पनि प्रकारको भेदभाव, अन्याय र दुर्व्यवहार गरिने छैन ।

ग. आ-आफ्नो धार्मिक मान्यता, परम्परा र रितिरिवाजको अवलम्वन र अभ्यास गर्ने स्वतन्त्रता रहनेछ । तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन ।

**३) राष्ट्रप्रमुख :**

क) नेपालको धार्मिक सांस्कृतिक एवं राष्ट्रिय एकताको प्रतिकको रुपमा राजसंस्था रहनेछ ।

ख) संवैधानिक राष्ट्रप्रमुखको रुपमा राजसंस्था रहने व्यवस्था गरिनेछ ।

४) कार्यपालिकाः

क. देशको कार्यकारिणी अधिकार प्रधानमन्त्री र मन्त्रीपरिषदमा नीहित रहनेछ ।




सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. ०१-४२००११३, ०१-४२००१२७, फ्याक्सः ०१-४२००१२७
ई-मेलः rppnsamsadiadal@gmail.com वेभः www.rppn.org

ख. जनताबाट प्रत्यक्ष बालिग मताधिकारको आधारमा प्रधानमन्त्रि निर्वाचित हुनेछन् ।
ग. प्रधानमन्त्रीले आफ्नो अध्यक्षतामा मन्त्रीपरिषदको गठन गर्नेछन् ।
घ. संसदीय प्रजातन्त्रको प्रचलन अनुरुप प्रधानमन्त्री वा मन्त्रीलाई अविश्वासको प्रस्तावबाट हटाउन सकिनेछ ।

५) **व्यवस्थापिका** : व्यवस्थापिका देहाय बमोजिम दुई सदनात्मक हुनेछ ।
क. जनप्रतिनिधि सभाः जनप्रतिनिधि सभामा दुई सय पैतिस सदस्यहरु हुनेछन् । प्रत्येक जिल्लाबाट कम्तिमा एक जनाको प्रतिनिधित्व हुने गरि पचहत्तर जना पहिलो स्थान पाउने विजयी हुने व्यवस्था र बाँकी एक सय साठी जना समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत प्रत्यक्ष वालिग मताधिकारको आधारमा निर्वाचित हुने छन् । जनप्रतिनिधि सभाको कार्यकाल संबिधान बमोजिम विघटन भएमा बाहेक पांच वर्षको हुनेछ । जनप्रतिनिधि सभामा समावेशी सिद्धान्त अनुरुपको प्रतिनिधित्व हुने व्यवस्था हुनेछ ।
ख. राष्ट्रिय सभाः राष्ट्रिय सभामा साठी जना सदस्यहरु हुनेछन् । राष्ट्रिय सभाका सदस्यहरु जनसंख्याको अनुपातमा विभिन्न जातिहरुको प्रतिनिधित्व हुने गरि समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम जनप्रतिनिधि सभाबाट निर्वाचित हुनेछन् । राष्ट्रिय सभाका सदस्यको कार्यकाल छ वर्षको हुनेछ तथा राष्ट्रिय सभालाई अविच्छिन्नं संस्थाको रुपमा कायम गरिने छ । राष्ट्रिय सभाको पचास प्रतिशत सदस्यहरु महिला हुनेछन् ।
ग. दुवै सदनको अधिकार र कर्तव्य समान हुनेछ ।

६) **न्यायपालिका** : स्वतन्त्र न्यायपालिकाको बिश्वव्यापी सिद्धान्त र मान्यता अनुरुप देहाय बमोजिमका तीन तहका अदालतहरु कायम गरिनेछन् :
क. सर्वोच्च अदालतः न्यायपालिकाको सर्वोच्च तहका रुपमा सर्वोच्च अदालत रहनेछ । सबै तहका अदालत र न्यायिक निकायहरु सर्वोच्च अदालतको मातहतमा रहनेछन् । सर्वोच्च अदालतलाई न्यायिक समिक्षा र संबैधानिक एवं कानुनी प्रश्नहरुको निरुपणका अतिरिक्त वन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध र अधिकारपृच्छा लागयतका आदेशहरु जारि गर्ने असाधारण अधिकार रहनेछ ।
ख. पुनरावेदन अदालतः पुनरावेदन अदालतको कार्यक्षेत्र र अधिकार कानुनद्वारा निर्धारण गरिनेछ ।
ग. स्थानीय अदालतः स्थानीय अदालतको कार्यक्षेत्र र अधिकार कानुनद्वारा निर्धारण गरिनेछ । स्थानीय अदालतमा महिला सम्वन्धि बिशेष वेन्चको व्यवस्था गरिनेछ ।

७) **स्थानीय स्वायत्त शासन प्रणाली** : राज्य पुनर्संचनाको कममा स्थानीय सरकारको अवधारणा अनुरुप स्थानीय स्वायत्त शासन प्रणाली कायम गरिने छ ।

८) संविधानको संसोधन दुई तिहाई बहुमतबाट हुनेछ । जनताको सर्वोच्चतालाई आत्मसात गर्दै कुनै पनि बिषय अपरिवर्तनिय नरहने व्यवस्था गरिने छ ।
९) संवैधानिक राजनैतिक सम्बाद तथा सहमति समितिलाई नंया बिषयहरु वारे समेत प्रस्ताव गर्ने अधिकार संविधानसभा नियमावलीले दिएको हुंदा धर्मनिरपेक्षता, संघीयता र गणतन्त्र वारे अन्तिम टुंगो लगाउनु पुर्व जनताको प्रत्यक्ष अभिमत लिन राष्ट्रिय जनमत संग्रह गर्ने बिषयलाई यस समितिमा प्राप्त नंया बिषयका रुपमा संविधानसभाको पूर्ण बैठकमा पेश गरि दिनु हुन पनि अनुरोध गर्दछु ।
धन्यवाद ।

कमल थापा
सदस्य, संबैधानिक राजनैतिक संबाद तथा सहमति समिति
तथा संसदिय दलको नेता

द. नं. १६
२०७२।२।२८

# एनेकपा (माओवादी) को फरक मत :

श्री माननीय सभापति ज्यू,
संबैधानिक-राजनीतिक संवाद तथा सहमति समिति,
संविधानसभा, सिंहदरबार, काठमाण्डौं ।

**विषय : फरक मत पेश गरिएको बारे ।**

ऐतिहासिक जनयुद्ध र जनआन्दोलनहरुबाट प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्दै अघि बढ्न संविधानसभाबाट तत्काल संविधान जारी गर्नुपर्ने ऐतिहासिक आवश्यकता प्रति हामी गम्भीर, संवेदनशील र दृढ रहँदै आएका छौं । तर संविधान निर्माण क्रममा कतिपय प्रावधानहरुले परिवर्तीत सन्दर्भ र जनभावनालाई सम्बोधन गर्न नसकेकोले देहायका विषयहरुमा ए.ने.क.पा (माओवादी)को तर्फबाट फरक मत प्रस्तुत गरिएको छ ।

## १) शासकीय स्वरुप :

- देशको शासन सत्तामा सबै वर्ग जाति, क्षेत्र, लिङ्ग र अल्पसंख्यक समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्दै संसदीय प्रणालीको सट्टा समाजवाद उन्मुख जनताको संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन प्रणाली अवलम्बन गरिनेछ ।
- बालीग मताधिकारको आधारमा प्रत्यक्ष मतदानबाट निर्वाचित राष्ट्रपति कार्यकारी हैसियतमा राष्ट्र प्रमुख र सरकार प्रमुख हुनेछन् ।
- जनताबाट निर्वाचित राष्ट्रपतिलाई महाभियोग वा प्रत्याव्हानको व्यवस्थाद्वारा हटाउन सकिनेछ । महाभियोग वा प्रत्याव्हान सम्बन्धी प्रक्रिया कानूनमा व्यवस्था गरे अनुरुप हुनेछ ।
- राष्ट्रपतिले निजको अध्यक्षतामा तत्काल कायम रहेको व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने दलहरुले पाएको सिट संख्याको अनुपातमा व्यवस्थापिकाका सदस्यहरु मध्येबाट समानुपातिक एवं समावेशी सिद्धान्तका आधारमा मन्त्रीपरिषदको गठन गर्ने छ ।

## २) व्यवस्थापिका-संसद र निर्वाचन प्रणाली

- प्रतिनिधि सभाको समानुपातिक निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा मधेशी, थारु, दलीत, आदिवासी जनजाति, खस आर्य, महिला, मुस्लीम, पिछडिएको क्षेत्र, गरिवीको रेखामुनि रहेको वर्ग, अल्पसंख्यक समुदाय समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानुनद्वारा निर्धारण गरिने छ ।

- जनताबाट प्रत्यक्ष निर्वाचित हुने र समानुपातिक प्रणालीबाट निर्वाचित हुने प्रतिनिधिसभाका जम्मा सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्यहरुको प्रतिनिधित्व महिलाबाट र १३% सदस्यहरु दलित समुदायबाट प्रतिनिधित्व हुने गरी कानुनद्वारा व्यवस्था गरिने छ ।

- दुई वा दुई भन्दा बढि पार्टीहरु एउटै चुनाव चिन्ह लिएर निर्वाचनमा भाग लिन सक्नेछन ।

- निर्वाचित प्रतिनिधिहरुले जनतामा गरेका प्रतिवद्धता पूरा नगरेमा र वहुसंख्यक जनताले प्रत्याव्हान गर्न चाहेको अवस्थामा प्रत्याव्हानको व्यवस्थाद्वारा हटाउन सकिने छ । प्रत्याव्हानको अन्य व्यवस्था र प्रक्रिया कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

- निर्वाचनको क्रममा देखिएको फजुलखर्च र विकृतिलाई नियन्त्रण गर्न अघिल्लो निर्वाचनमा प्राप्त मत र सिट संख्याको आधारमा सरकारले राजनैतिक पार्टीहरुलाई चुनाव खर्च उपलब्ध गराउने र निर्धारण गरिएको खर्च रकमको सीमालाई उल्लंघन गर्नेहरुलाई कडा कारवाहीको व्यवस्था गर्ने ।

### ३) सामाजिक न्याय

आदिवासी र स्थानीय समुदायलाई भूमि र प्राकृतिक सम्पदा माथि अग्राधिकारको हक हुनेछ ।

### ४) अन्तर्राष्ट्रिय वा बहुपक्षीय वा दुई पक्षीय संझौता

नयाँ संविधान जारी भएपछि अन्तर्राष्ट्रिय वा बहुपक्षीय वा दुई पक्षीय रुपमा भएका संझौताहरुको आवश्यकता अनुसार पुनरावलोकन, संशोधन, परिमार्जन, अध्यावधिक खारेज वा प्रतिस्थापन गरिने छ ।

### ५) जनलोकपाल गठन :

विभिन्न तहका सरकारी निकाय र जनप्रतिनिधिमूलक संस्थाहरुको निगरानी र अनुगमनको लागि सम्वन्धित तहमा जनलोकपाल गठन गर्ने ।

### ६) जमिनको स्वामीत्व :

जमिनको स्वामित्व मूलतः राज्यको हुन्छ भन्ने मान्यतालाई स्थापित गर्दै राज्यले वास्तविक जोताहा र भूमिहीनलाई लीजमा जमिनको वितरण र व्यवस्थापन गर्नेछ ।

### ७) राज्यको पुनर्संरचना र राज्य शक्तिको स्वरुप :

नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाले यस संविधानमा उल्लेख गरिए बमोजिम गर्नेछन् ।

## ८) विशेष संरचना सम्बन्धी व्यवस्था :

- कुनै प्रदेश भित्र एक जाति/समुदाय वा भाषिक समुदायको बाहुल्य भएको वा सघन उपस्थिति रहेको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ ।
- अति अल्पसंख्यक रुपमा रहेका जाति/समुदाय, साँस्कृतिक क्षेत्र, लोपोन्मुख र सीमान्तकृत जातिहरुको संरक्षण र सम्वर्धन गर्न कुनै क्षेत्रलाई संरक्षित क्षेत्र कायम गर्न सकिनेछ ।
- प्रदेश भित्र पिछडिएका तथा आर्थिक र सामाजिक रुपमा पछाडि पारिएको क्षेत्र वा विषयगत क्षेत्रको विकास गर्न कुनै खास भौगोलिक क्षेत्रलाई विशेष क्षेत्र कायम गर्न सकिनेछ ।
- स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र सम्वन्धी अन्य व्यवस्था प्रादेशीक कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

२०७२/२/२८

(पुष्पकमल दाहाल 'प्रचण्ड')
**अध्यक्ष**
**ए.ने.क.पा (माओवादी)**

द. नं. ९६
२०७२।११।२८

मिति : २०७२/०२/२८

श्रीमान् सभापति ज्यू
संवैधानिक संवाद तथा सहमति समिति
सिंहदरबार, काठमाण्डौं ।

विषय : फरक मत सम्बन्धमा ।

पहिलो मधेश आन्दोलन तथा दोश्रो मधेश आन्दोलन पश्चात मधेशी आयोग बनाउन सरकार सँग भएको सम्झौता अनुसार मधेशी आयोग नबनाईएको र सम्मानित सर्वोच्च अदालतले समेत आयोग बनाउन परमादेश जारी गरिसकेको अवस्थामा विभिन्न आयोगहरुलाई संवैधानिक आयोग बनाउने सहमति हुदाँ समेत त्यसमा मधेशी आयोग बनाउन छुटाउनु खेदजनक छ तसर्थ अहिले गरिएको सहमतिमा मधेशी आयोग बनाउने सहमति गरियोस र सो मधेशी आयोग बनाउन सहमति नभए हाम्रो फरक मत रहने व्यहोरा जानकारी गराउदछौं ।

धर्मेन्द्र कुमार साह तेली
प्रमुख सचेतक
राष्ट्रिय मधेश समाजवादी पार्टी
संसदिय दलको कार्यालय
सिंहदरबार ।

नेपाली जनता दल
Nepali Janata Dal

मिति: २८/०२/२०७२

श्री संविधान सभा,

संवैधानिक राजनीतिक संवाद तथा सहमति समीति

सिंहदरबार

१८
२०७२/२/२८

विषय: फरक मत पेश गरेको बारे.

उपरोक्त सम्बन्धमा चार दलको सोह्र बुंदे सहमति तथा असहमतिका विषयमा सहमति सम्बन्धि प्रस्ताव तयारी सुझाव उपसमितिले तयार पारेको प्रतिवेदन माथि यस नेपाली जनता दलले गत-विगतमा फरक मतहरु राखेकै जानकारी गराउँदै निम्न लिखित बुंदाहरुमा थप फरक मत राखेको व्यवहरा अनुरोध छ.

१. प्रस्तावनामा समानुपातिक तथा समावेशी लोकतान्त्रिक गणतन्त्र उल्लेख हुनु पर्ने.

२. निर्वाचन प्रणाली प्रत्यक्ष अथवा समानुपातिक जुनसुकै विधि भएपनि नेपाल राज्यको क्षत्रीय, जातिय तथा लिंगीय जनसंख्याको आधारमा पूर्ण-समानुपातिक निर्वाचन प्रणाली द्वारा राज्यको तिनै अंग व्यस्थापिका, कार्यपालिका र न्यायपालिकामा सहभागिता हुनु पर्ने.

३. मधेशमा २ र पहाडमा ५ गरि जम्मा ७ प्रदेश हुनु पर्ने.

४. न्यायपालिकाको व्यवस्था सर्वच्च, उच्च, जिल्लाक साथै गा.वि.स. अदालात गरि चार तह को हुनु पर्ने.

संलग्न:

१. संघिय सम्बन्धि नेपाली जनता दलको अवधारणाको नक्सा लगायत राष्ट्रपति, उपराष्ट्रपति, व्यस्थापिका, कार्यपालिका, न्यायपालिका, राज्यको पुनसंरचना, संवैधानिक अंग, मौलिक हक समेत पांच पन्ना संलग्न छ.


२. २०७१/०५/३० मा पेश गरेको यस दलको धारणा पन्ना १.

धन्यवाद,

हरि चरण साह, सभासद

संसदीय दलको नेता

नेपाली जनता दल


संघियता सम्बन्धि नेपाली जनता दलको अवधारणा
खप्तडभुमी गणराज्य
कर्णाली गणराज्य
पृथ्वी गणराज्य
मन्जुश्री गणराज्य
भृकुटी सगरमाथा गणराज्य
बुद्धभुमी गणराज्य
सिताराम विराट गणराज्य

## नयाँ संविधानका आधारभूत मूल्य, मान्यता, सिद्धान्त र महत्वपूर्ण विषयहरु सम्बन्धी नेपाली जनता दलको अवधारणा :

आज हामी इतिहासको एउटा महत्त्वपूर्ण मोडमा उभिएका छौं । सदियौंदेखिको नेपाली जनताको आफ्नो संविधान आफैले लेख्ने अभिष्ट पुरा गर्ना खातिर पहिलो संविधान सभा २०६४ ले जनताको चाहना र आवश्यकता अनुसार संविधान जारी गर्न नसकी अवसान भएको विषम राष्ट्रिय परिस्थितिमा दोश्रो संविधान सभा मार्फत नेपाली जनताको मनोभावना र आजको आवश्यकता अनुसारको संविधान निर्माण गरी नयाँ समुन्नत र समृद्ध नेपालको भविष्यको खाका कोर्ने ऐतिहासिक जिम्मेवारी हाम्रो सामु छ । इतिहास भनेको केवल परम्पराको निर्वाह मात्र होइन, परिवर्तनहरु पनि इतिहासकै श्रृंखलाबाट जन्मने गर्दछन् । हामीलाई एकसरो संविधान कै लागि संविधान निर्माण गर्नु परेको होईन नेपाली जनताले चाहेको नयाँ संविधान व्यवहारिक, उपयुक्त र अग्रगामी संविधान हो । यसले सर्वप्रथम जनताको भावनाको पहिचान गर्न सक्नु पर्दछ । यदि कुनै पनि संविधानले देश र जनताको भावनालाई आत्मसात गर्न सकेको छ भने मात्र सो संविधान प्रति जनताको मोह कायम रहन सक्दछ अन्यथा जनताले त्यस्तो संविधानको विकल्प खोज्ने छन् । त्यसैले नेपाली जनता दलको दृष्टिमा नेपालको भावी संविधानले निम्न लिखित आधारभूत मूल्य, मान्यता र सिद्धान्त आत्मसात गर्नु पर्दछ । कुनै पनि नागरिकका लागि उसले चाहने पहिलो आवश्यकता भनेको उसको मौलिक अधिकार हो । कानुनी शासन प्रणाली मार्फत अवसरहरुको समान वितरण र सामाजिक न्याय जस्ता कुराहरु संविधानको महत्वपूर्ण पक्ष हुनु पर्दछ । लोक कल्याणकारी राज्य, कर्तव्यपरायण नागरिक, राष्ट्रियताको रक्षा र सम्बर्धन, तथा सभ्य मानव समाजका लागि राज्यका हरेक अंगहरुको दायित्व निर्धारण जस्ता विषयहरुको अलावा संवैधानिक सर्वोच्चता, स्वतन्त्र न्यायपालिका, संघीय शासन प्रणालीहरु भावी संविधानको आधारभूत मूल्य, मान्यता र सिद्धान्त भित्र पर्नु पर्दछ ।

भावी संविधानमा देशका मजदुर, किसान, श्रमजीवी वर्ग, निम्न वर्ग, निम्न मध्यम वर्ग तथा सदियौंदेखि उत्पीडन सहेर र हेपिएर बसेका तथा राज्यको विभेदकारी नीतिका कारण पछाडि पारिएका दलित, आदिवासी जनजाति र पिछडिएको वर्गको उत्थानको लागि वर्ग समानताको अवस्थामा नपुगेसम्मका

लागि आरक्षणको व्यवस्था तथा जनताको न्यूनतम आधारभूत आवश्यकता निःशुल्क रुपमा पाउने व्यवस्था हुनु पर्दछ । यदि त्यस्ता वर्ग र समुदायलाई न्यायोचित संबोधन गर्न र जनतालाई वास्तविक रुपमा नै अधिकार सम्पन्न गराउने कुरामा असहमति हुन्छ भने अब गठन हुने दोश्रो संविधान सभाले पनि नेपाली जनताको चाहना बमोजिमको शान्ति र विकास सुनिश्चित गर्ने जनमुखी संविधान जारी गर्न सक्दैन । नेपाली जनता दल आगामी संविधान सभामा देहाय बमोजिमको संवैधानिक व्यवस्था र कार्यक्रमको लागि क्रियाशील रहने छ ।

१. नागरिक - सम्पूर्ण शक्तिको स्रोत सार्वभौमसत्ता सम्पन्न नेपाली जनता हुनेछन् तर पनि कुनै पनि नागरिकहरुले आफ्नो अधिकार र कर्तव्य पूर्ण रुपले प्रयोग र निर्वाह गर्नु पर्दछ ।

- यस संविधानमा लेखिएका मौलिक हकहरुको निर्बाध रुपबाट उपयोग वा प्रयोग गर्ने व्यवस्था गरिनेछ ।
- यस संविधान र यसकै आधारमा निर्माण हुने कानुनहरुद्वारा नागरिकले पुरा गर्नु पर्ने कर्तव्य भनी उल्लेख गरिएका कर्तव्यहरु पालना गर्नु पर्नेछ ।

### २. राष्ट्रपति /उपराष्ट्रपति :

राष्ट्रपति:- नेपालमा राष्ट्रप्रमुखको रुपमा एक राष्ट्रपति हुनेछन् । र निज नेपाली राष्ट्रिय सेनाको परमाधिपति समेत हुनेछन् ।

उपराष्ट्रपति:- राष्ट्रपतिलाई सघाउनको लागि र राष्ट्रपतिका अनुपस्थितिमा राष्ट्रपतिको कार्य गर्नका लागि एक जना उपराष्ट्रपति हुनेछन् ।

निर्वाचन प्रक्रिया :- राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन प्रतिनिधी सभाका सदस्यहरु तथा संघीय संसदका विधायिकी सदस्यहरुको बहुमतबाट हुनेछ ।

(राष्ट्रपति पुरुष भएमा उपराष्ट्रपति महिला र राष्ट्रपति महिला भएमा उपराष्ट्रपति पुरुष नै हुनेछ ।)

### ३. व्यवस्थापिका :

३.१ केन्द्रिय व्यवस्थापिका: केन्द्रमा एक सदनात्मक व्यवस्थापिका संसद हुनेछ यसको नाम प्रतिनिधी सभा हुनेछ

क) प्रतिनिधी सभाको गठन : प्रतिनिधी सभाका सदस्यहरु जनसंख्याको आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनेछन् ।

**४. कार्यपालिका :**

क) केन्द्रिय मन्त्रीपरिषदको गठन : देशको कार्यकारी प्रमुखको रुपमा प्रतिनिधी सभाको बहुमतबाट निर्वाचित एक जना प्रधानमन्त्री रहनेछन् । र, निज जहिले पनि संसद प्रति उत्तरदायी हुनेछन् । प्रधानमन्त्री निर्वाचित हुनको लागि संसदको सदस्य हुनै पर्नेछ तर मन्त्रीहरुका हकमा संसदको सदस्यता अनिवार्य रहनेछैन । प्रधानमन्त्रीको नेतृत्वमा एउटा मन्त्री परिषद् गठन हुनेछ । मन्त्री परिषदका सदस्यहरुको संख्या विभाग अनुसार निर्धारण गरिनेछ । कुनै पनि मन्त्रीहरुको न्यूनतम शैक्षिक योग्यता स्नातक वा सो सरह वा सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेको हुनुपर्नेछ ।

ख) प्रधानमन्त्री विरुद्व महाअभियोग:

प्रधानमन्त्रीले स्वेच्छाचारी ढंगबाट राष्ट्रहित विपरित कार्य गरी अगाडि बढेको भनी वा अन्य कुनै कारणले संसदको तत्काल कायम रहेका सदस्यहरुको दुई तिहाई बहुमतबाट प्रधानमन्त्रीको विरुद्धमा महाअभियोग प्रस्ताव पारित भएमा कुनै पनि समयमा प्रधानमन्त्रीको पद स्वतः समाप्त हुनेछ । तर, निज उपर निर्वाचित भएको २ वर्षसम्म यस्तो प्रस्ताव ल्याउन पाईने छैन ।

घ) सरकार विघटन : देहायको अवस्थामा सरकार विघटन भएको मानिनेछ ।

(अ) प्रधानमन्त्रीले लिखित राजीनामा दिएमा । (आ) प्रधानमन्त्री संसदको सदस्य नरहेमा । (इ) निर्धारित समयमा निर्वाचन गराउन नसकेमा । (ई) प्रधानमन्त्री विरुद्व महाअभियोग प्रस्ताव पारित भएमा । (उ) जनमत संग्रहले सरकारको विपक्षमा निर्णय गरेमा । (ऊ) प्रधानमन्त्रीको मृत्यु भएमा ।

ङ) कार्यकाल - सामान्यतया प्रधानमन्त्रीको कार्यकाल पाँच वर्षको लागि हुनेछ ।

च) प्रान्तीय सरकार : संघीय ईकाइहरुमा विधायिकी संसदद्धारा निर्वाचित गणराज्य प्रमूख(मुख्यमन्त्री)को अध्यक्षतामा मन्त्रिमण्डल गठन हुनेछ ।

**५. न्यायपालिका : नेपाल राज्यमा देहाय बमोजिम चार तहको अदालतहरु रहनेछन्**

१. सर्वोच्च अदालत:

२. संघीय अदालत:

४. स्थानीय अदालत:

**६. राज्यको पुर्नसंरचना :**

नेपाल देहाय बमोजिमको संघीय ईकाइहरुको संघ हुनेछ, केन्द्रिय राजधानी काठमाडौं हुनेछ। देशको भौगोलिक बिशिष्टता, जातीय, साँस्कृतिक एवं भाषिक सघनता र समान विकासका अवसरहरु एवं प्राकृतिक श्रोत, साधन, सामर्थ्य र पहिचानका आधारमा देहाय बमोजिम सातवटा संघीय ईकाइहरु निर्माण गरिनेछ ।

१. सिताराम विराट गणराज्य: नारायणी नदी पुर्वको सम्पुर्ण तराई क्षेत्र तर चुरे पर्वतमालाको चुचुरादेखि दक्षिणतर्फको सम्पूर्ण क्षेत्रलाई सिताराम विराट गणराज्य भनिनेछ । र यसको राजधानी जनकपुर हुनेछ ।

२. भृकुटी सगरमाथा गणराज्य: हाल कायम रहेको पुर्वाञ्चल विकास क्षेत्रको सम्पूर्ण भु-भाग तर चुरे पर्वतमालाको चुचुरादेखि उत्तर तर्फको सम्पूर्ण क्षेत्रलाई भृकुटी सगरमाथा गणराज्य भनिनेछ । र यसको राजधानी धनकुटा हुनेछ ।

३. मन्जुश्री गणराज्य: हाल कायम रहेको मध्यमाञ्चल विकास क्षेत्रको सम्पूर्ण भु-भाग तर चुरे पर्वतमालाको चुचुरादेखि उत्तर तर्फको सम्पूर्ण क्षेत्रलाई मन्जुश्री गणराज्य भनिनेछ । र यसको राजधानी काभ्रेको बनेपा वा भकुण्डेबेसी हुनेछ ।

४. पृथ्वी गणराज्य: हाल कायम रहेको पश्चिमाञ्चल विकास क्षेत्रको सम्पूर्ण भु-भाग तर चुरे पर्वतमालाको चुचुरादेखि उत्तर तर्फको सम्पूर्ण क्षेत्रलाई पृथ्वी गणराज्य भनिनेछ । र यसको राजधानी पोखरा हुनेछ ।

५. कर्णाली गणराज्य: हाल कायम रहेको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सम्पूर्ण भु-भाग तर चुरे पर्वतमालाको चुचुरादेखि उत्तर तर्फको सम्पुर्ण क्षेत्रलाई कर्णाली गणराज्य भनिनेछ । र यसको राजधानी सुर्खेत हुनेछ ।

६. खप्तडभुमि गणराज्य: हाल कायम रहेको सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको सम्पूर्ण भु-भाग तर चुरे पर्वतमालाको चुचुरादेखि

एक पटक निर्वाचित भएको संसदको कार्यकाल ५ वर्षको लागि हुनेछ तर सो अवधिमा अर्को निर्वाचन हुन नसकेमा, अर्को निर्वाचन नभए सम्मका लागि सोही संसदले कार्य गर्ने छ।

ख) प्रतिनिधी सभा सदस्य संख्या निर्धारण : देशको सम्पूर्ण क्षेत्रको मतदाता नामावली संकलन गरी प्रति एकाउन्न हजार मतदाता बराबर एक सदस्यका दरले हुन आउने तथ्याकलाई आधार मानी प्रतिनिधी सभा सदस्य संख्या निर्धारण गरिनेछ।

ग) प्रत्येक पाँच वर्षमा निर्वाचन हुन नसकेमा :

(क) व्यवस्थापिका संसदको निर्वाचन भएको पाँच वर्ष पुरदाका बखत कायम रहेको सरकारले व्यवस्थापिका संसदको निर्वाचन गराउनु पर्दछ। कुनै पनि निर्वाचनको लागि हरेक ५/५ वर्षको अन्तरालको मंसीर ४ गतेलाई राष्ट्रिय निर्वाचन दिवस तोकिनेछ। यदि सो सरकारले निर्धारित अवधीमा निर्वाचम सम्पन्न गराउम नसकेमा सो सरकार स्वत: विघटन हुनेछ।

घ) निर्वाचन प्रयोजनको लागि सरकार गठन :

अघिल्लो सरकारले निर्धारित समयमा निर्वाचन गराउन नसकी सरकार विघटन भएको अवस्थामा निर्वाचन प्रयोजनका लागि विघटित सरकारको नेतृत्व गरेको दल बाहेकको संसदको सबैभन्दा ठूलो दलको नेतृत्वमा अर्को चुनावी सरकारको गठन हुनेछ र यो सरकारले अधिकतम एक वर्षको समयभित्रमा संसदको निर्वाचन सम्पन्न गराउनु पर्नेछ तर यो सरकारले पनि निर्धारित समयमा निर्वाचन सम्पन्न गराउन नसकेमा यो सरकार पनि स्वत: विघटन भई निर्वाचन प्रयोजनको लागि यसै प्रक्रियाबाट अर्को राष्ट्रिय सरकार गठन हुनेछ।

ङ) प्रतिनिधी सभा सभामुख र उपसभामुख सम्बन्धमा :

प्रतिनिधी सभामा एकजना सभामुख र एकजना उपसभामुख रहनेछन्। सभामुख र उपसभामुखको निर्वाचन संसद सदस्यको बहुमतद्धारा हुनेछ। सभामुख र उपसभामुख मध्ये एक जना महिला नै निर्वाचित हुने व्यवस्था गरिनेछ।

३.२ संघीय गणराज्यहरुमा व्यवस्थापिका:

क) विधायिकी संसदको गठन: नेपाली जनताको संघीय गणतन्त्रात्मक शासन व्यवस्थामा प्रत्येक संघीय इकाईहरुमा एक सदनात्मक व्यवस्थापिका रहनेछ। सो व्यवस्थापिकाको सदस्यको निर्वाचन जनसंख्याको आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट गरिनेछ। र यसलाई विधायिकी संसद भनिनेछ। यो विधायिकी संसदको कार्यकाल न्यूनतम पाँच वर्षको लागि अर्को निर्वाचनद्धारा विस्थापित नभएसम्मको लागि हुनेछ।

ख) विधायिकी संसद सदस्य संख्या : संघीय इकाइको सम्पूर्ण क्षेत्रको मतदाता नामावली संकलन गरी प्रति एकाउन्न हजार मतदाता बराबर एक सदस्यका दरले हुन आउने तथ्याकलाई आधार मानी विधायिकी संसदको सदस्य संख्या निर्धारण गरिनेछ। र विधायिकी संसदको सदस्यको निर्वाचन प्रत्येक पाँच वर्षमा हुनेछ।

ग) प्रत्येक पाँच वर्षमा निर्वाचन हुन नसकेमा : विधायिकी संसदको कुनैपनि निर्वाचन भएको पाँच वर्ष पुरदाका बखत कायम रहेको प्रान्तीय सरकारले विधायिकी संसदको निर्वाचन गराउनु पर्दछ। यदि सो सरकारले निर्धारित अवधिमा निर्वाचन सम्पन्न गराउन नसकेमा सो सरकार स्वत: विघटन हुनेछ।

(घ) निर्वाचन प्रयोजनको लागि सरकार गठन : अघिल्लो सरकारले निर्धारित समयमा निर्वाचन गराउन नसकी सरकार विघटन भएको अवस्थामा निर्वाचन प्रयोजनका लागि विघटित सरकारको नेतृत्व गरेको दल बाहेकको विधायिकी संसदको सबैभन्दा ठूलो दलको नेतृत्वमा अर्को सरकारको गठन हुनेछ र यो सरकारले अधिकतम एक वर्षको समयभित्रमा विधायिकी संसदको निर्वाचन सम्पन्न गराउनु पर्नेछ तर यो सरकारले पनि निर्धारित समयमा निर्वाचन सम्पन्न गराउन नसकेमा यो सरकार पनि स्वत: विघटन भई निर्वाचन प्रयोजनको लागि यसै प्रक्रियाबाट अर्को सरकार गठन हुनेछ।

ङ) विधायिकी संसदको अध्यक्ष /उपाध्यक्ष सम्बन्धमा विधायिकी संसदमा एकजना अध्यक्ष र एकजना उपाध्यक्ष रहनेछन्। अध्यक्ष/उपाध्यक्षको निर्वाचन संसद सदस्यको बहुमतद्धारा हुनेछ। अध्यक्ष/उपाध्यक्ष मध्ये एक जना महिला नै निर्वाचित हुने व्यवस्था गरिनेछ।

यसको राजधानी दिपायल हुनेछ ।

७. बुद्धभुमी गणराज्य: नारायणी नदी पश्चिमको सम्पूर्ण तराईक्षेत्र तर चुरे पर्वतमालाको चुचुरादेखि दक्षिण तर्फको सम्पूर्ण क्षेत्रलाई बुद्धभुमी गणराज्य भनिनेछ । र यसको राजधानी लुम्बिनी हुनेछ ।

तर, राष्ट्रिय महत्वका राजमार्गहरु, नदीनालाहरु, हिमश्रृंखलाहरु, र आरक्षण क्षेत्रहरु केन्द्रिय सरकारको नियन्त्रणभित्र हुनेछन् ।

**७. संवैधानिक अंग:**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग र नागरिक कर्तव्य निर्धारण आयोग समेत बनाइने छ । त्यसैगरी नेपालको केन्द्रिय बैंकलाई पनि संवैधानिक अङ्ग बनाइने छ ।

**८. मौलिक हक:**

स्वतन्त्रताको हक, समानताको हक, खाद्य संप्रभुताको हक, छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक, प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक, वातावरण तथा स्वास्थ्य सम्बन्धी, शिक्षा तथा संस्कृति सम्बन्धी हक, रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक, सम्पत्तिको हक, महिलाको हक सामाजिक न्यायको हक, युवाको हक, बालबालिकाको हक, धर्म सम्बन्धी हक, न्याय सम्बन्धी हक, निवारक नजर बन्द विरुद्धको हक, यातना विरुद्धको हक, सुचनाको हक, गोपनियताको हक, शोषण विरुद्धको हक, श्रम सम्बन्धीको हक, देश निकाला विरुद्धको हक, संवैधानिक उपचारको हक, जस्तै उर्जा सम्बन्धी हकको व्यवस्था गरिने छ । उर्जा सम्बन्धी हक अन्तर्गत नेपालको जलश्रोतलाई अधिकतम उपयोग गरी प्रत्येक परिवारलाई प्रति महिना २० युनिट विद्युत निःशुल्क पाउने अधिकार हुने छ ।)

नागरिक कर्तव्य : हरेक नागरिकले आफ्नो हक अधिकारको निर्बाध प्रयोग गर्नुको साथै आफ्नो दायित्व पनि निर्वाह गर्नु पर्दछ ।

**९. संकटकालीन अवस्थाको घोषणा:**

देशमा युद्ध, आन्तरिक विद्रोह, बाह्य आक्रमण, चरम आर्थिक विश्रृङ्खलाको संकटकालको घोषणा गर्न सकनेछ । यसरी संकटकाल घोषणा गर्दा प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिद्वारा घोषणा गरिने छ । यसको अवधि अधिकतम ६ महिनासम्म हुनेछ र यसलाई बढाउनु परेमा संसदले निर्णय गरी बढाउन सकिन्छ ।

**१०. बाधा अड्काउ फुकाउने:**

राज्य सञ्चालन गर्ने क्रममा बाधा अड्चन खडा भई कठिनाई सृजना भएमा तत्काल बाधा अड्काउ फुकाउनु पर्ने भएमा प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिद्वारा अध्यादेशमार्फत फुकाउन सकिनेछ र यसलाई जारी भएको मितिले ३ महिनाभित्रमा संसदको दुई तिहाई बहुमतले अनुमोदन गर्नु पर्नेछ र अनुमोदन नभएमा स्वत: निष्क्रिय भएको मानिनेछ ।

जनतावाद | मानवतावाद

नेपाली जनता दल
Nepali Janata Dal

मिति :- २०७१/०५/३०

श्री नरहरि आचार्य
माननिय मन्त्री
शान्ति तथा पुनर्निर्माण मन्त्रालय,
सिहंदरवार, काठमाडौं ।

विषय :- शासकीय स्वरुप, संघीय ढाँचा, निर्वाचन प्रणाली र न्याय प्रणाली लगायतका विषयमा दलको धारणा सम्बन्धमा ।

नेपाली जनताको ठूलो त्याग र संघर्षद्धारा सम्पन्न २०६३ को ऐतिहासिक राजनितिक परिवर्तनले संविधान सभा मार्फत आफ्नै प्रतिनिधि द्धारा संविधान बनाउने कार्यमा जुटेको हाम्रो मुलुकको संविधान निर्माणलाई सु सम्पन्न गर्न मानवीय सर्वागीण बिकास र नैसर्गिक अधिकारकालागि नेपाली जनताको संघीय गणतान्त्रिक संविधान बनाउने नेपाली जनता दलको लिखित धारणा यस प्रकार छ ।

**शासकीय स्वरुप तथा निर्वाचन प्रणाली :-**

संलग्न घोषणा पत्र २०७० को पेज नं. ७,८,९ र १० को
बुंदा नं. २ राष्ट्रपति/उपराष्ट्रपति
बुदां नं.३ व्यवस्थापिका
    बुदां नं. ३.१ केन्द्रीय व्यवस्थापिका, क, ख, ग, घ, ङ
    बुदां नं. ३.२ संघीय गणराज्यहरुमा व्यवस्थापिका क, ख, ग, घ, ङ
बुदां नं. ४ कार्यपालिका क, ख, ग, घ, ङ, च

**संघीय ढाँचा :-**

संलग्न घोषण पत्र २०७० को पेन नं. ११ र १२ को बुदां नं. ६ राज्यको पुनःसर्मचना
१. सिताराम विराट गणराज्य/प्रदेश
२. भृकुटी सगरमाथा गणराज्य/प्रदेश
३. मन्जुश्री गणराज्य/प्रदेश
४. पृथ्वी गणराज्य/प्रदेश
५. कर्णाली गणराज्य/प्रदेश
६. खप्तडभुमि गणराज्य/प्रदेश
७. बुद्धभुमी गणराज्य/प्रदेश
(घोषणा पत्र २०७० को अन्तिम पृष्ठको संघीयता सम्बन्धि नेपाली जनता दलको अवधारणा को नेपालको पूर्ण भौगोलिक नक्शा)

**न्याय प्रणाली :-**

संलग्न घोषण पत्र २०७० को पेन नं. १० को बुदां नं. ५ न्यायपालिका
१. सर्वोच्च अदालत
२. सघीय अदालत
३. जिल्ला अदालत
४. स्थानीय अदालत

संलग्न :
१) नेपाली जनता दलको घोषणा पत्र २०७० - पाना १८ को जम्मा पेज - ३६ ।

...........................
हरि चरण शाह
अध्यक्ष

केन्द्रिय कार्यालय : अनामनगर, काठमाडौं, नेपाल/ PH/FAX :- 977-1-4771718
E-mail : info@nepalijanatadal.org / Website :www.nepalijanatadal.org

अन्तर पार्टी महिला सञ्जाल
Inter Party Women's Alliance
(IPWA)

प.सं.: ६२।६३
च.नं.: १३०

मितिः २०६२-२-२५

# ध्यानाकर्षण पत्र

मा.डा.बाबुराम भट्टराई ज्यू

सभापति, संवैधानिक, राजनीतिक संवाद तथा सहमती समिति

सिंहदरवार, काठमाण्डौं ।

अन्तरपार्टी महिला सञ्जाल निरंकुश राजतन्त्रको अन्त्य र लोकतन्त्र पुर्नस्थापनाको लागि चलेको सात राजनैतिक दलका केन्द्रीय समितिमा रहेका संघीय लोकतान्त्रिक गणतन्त्र प्रति प्रतिवद्ध राजनीतिक दलका महिला नेताहरुको संयुक्त प्रयासबाट स्थापना गरिएको संविधानसभामा प्रतिनिधित्व गर्ने ११ राजनीतिक दलका महिला नेताहरुको साझा राजनीतिक मञ्च हो । सञ्जालले आफ्नो स्थापना कालदेखि नै लोकतन्त्रको पुर्नवहाली, राज्यका सम्पूर्ण निकायहरुको नीति निर्माण र निर्णय तहमा महिलाहरुको जनसंख्याको आधारमा समावेशी समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, शान्ति र संविधानका लागि महत्वपूर्ण भूमिका खेलेको कुरा सर्वविदितै छ । मुलुक अहिले नेपाली जनताले सुम्पेको गहन जिम्मेवारी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माणको अन्तिम चरणमा प्रवेश गर्न लागेको छ ।

नेपालको इतिहासमा नालापानी र कांगडाको युद्ध देखि लोकतान्त्रिक गणतन्त्र स्थापनाको आन्दोलनसम्म आइपुग्दा हरेक समाज निर्माण र विकासको क्रममा नेपाली महिलाहरुले अत्यन्त महत्वपूर्ण र निर्णायक भूमिका खेलेका छन् । तर हरेक आन्दोलनको सफलता पछाडी महिलाहरुका मुद्दा ओझेलमा पार्ने गरेको तथ्य हाम्रो सामु छर्लङ्ग छ ।

महिलाका सवाल मात्र महिलाहरुका सवाल होइन, सिङ्गो समाज र राष्ट्रको सवाल हो, महिलाको सहभागिता विना समाज र राष्ट्रको सर्वाङ्गिण विकास संभव छैन भन्ने कुरामा गम्भिर ध्यानाकर्षण गर्न चाहन्छौं ।

अनामनगर, काठमाण्डौं, फोनः ०१-६२२६८३९, फ्याक्सः ०१-४७७११४५
Website: ipwanepal.org, Email: ipwa_co@yahoo.com

मुलुकमा आइपरेको महाविपत्ति पछाडि विपद व्यवस्थापनको लागि राजनैतिक दलहरुले कायम गरेको अभुतपूर्व एकताका कारण संविधान निर्माणमा बाँकी रहेका विषयहरुमा सहमति गर्दै मुलुकलाई यथासिघ्र नयाँ संविधान दिन पहल भईरहेको छ । यसै सन्दर्भमा ४ प्रमुख दलहरु विच मिति २०७२ जेष्ठ २५ भएको १६ वुदे सहमति प्रति हाम्रो गंभिर ध्यानाकर्षण भएको छ ।

स्मरण रहोस पहिलो संविधानसभाको निर्वाचनमा नेपालकै इतिहासमा पहिलो पटक मिश्रित निर्वाचन प्रणाली अवलम्वन गरि समानुपातिक निर्वाचन तर्फ ५८ प्रतिशत र पहिलो हुने निर्वाचित हुने निर्वाचन तर्फ ४२ प्रतिशत राखेकै कारणले सापेक्षित रुपमा महिला, जनजाती, मधेशी दलित, अल्पसंख्यक आदीको प्रतिनिधित्व ऐतिहासिक रुपमै उल्लेखनीय थियो ।

अझ महिलाहरुका सवालमा भन्नुपर्दा विश्वमै संसदमा उच्च महिला प्रतिनिधित्व भएको मुलुक मध्ये नेपाल सत्रौं स्थानमा रहन सफल भएको थियो । आन्दोलनको राप ताप सेलाउदै गएपछि महिलाका सवालहरुलाई ओझेलमा पार्ने प्रवृत्तिकै कारण दोस्रो संविधानसभाको निर्वाचनमा यो परिणाम त्यति सुखद रहेन । विश्वभरि नै महिलाहरुको राजनीतिक प्रतिनिधित्वमा निर्वाचन प्रणाली र प्रकृयाले निकै ठूलो प्रभाव पारेको तथ्य हामी पाउँछौं ।

महिलाहरुको अधिकार कति र कसरी सुनिश्चित गर्ने ? जनसंख्याको आधारमा समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्न संविधानमा के कस्ता प्रावधानहरुको व्यवस्था गर्ने ? कस्तो निर्वाचन प्रणाली अवलम्वन गर्ने ? भन्ने कुरा नयाँ निर्माण गरिने संविधान कस्तो प्रकृतिको बनाइन्छ त्यसैमा निर्भर रहन्छ ।

तसर्थ हाम्रो देशको विविधतालाई ध्यान दिदै महिला, जनजाती, मधेशी, दलित, अल्पसंख्यक, पिछडिएको क्षेत्र वर्गहरुको समावेशी समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न सुचि प्रणालीमा आधारित पूर्ण समानुपातिक निर्वाचन प्रणाली नै सबभन्दा उपयुक्त हो भन्ने हाम्रो ठहर छ । तथापी राजनैतिक दलका शिर्ष नेताहरुले सहमति गरेर मिश्रित निर्वाचन प्रणाली अवलम्वन गरि समानुपातिक तर्फ ४० प्रतिशत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ ६० प्रतिशत को व्यवस्था गर्न खोजेको छ । यसबाट महिला, जनजाती, मधेशी, दलित, अल्पसंख्यक, आदि लगाएतको प्रतिनिधित्व ठिक ढङ्गले हुन सक्दैन भन्ने हाम्रो ठहर छ । त्यसैले अन्तरिम संविधानको मुल मर्म अनुरुप पहिलो संविधान सभाको निर्वाचनमा व्यवस्था भए वमोजिम कै प्रतिनिधित्व कायम गरिनु पर्दछ भन्ने हाम्रो जोडदार माग छ । तसर्थ अन्तरिम सविधान भन्दा पछाडी नर्फकन आग्रह गर्न चाहन्छौ ।

वि.सं. २०६४ सालको पहिलो एतिहाँसिक संविधानसभाको निर्वाचन अगाडी देखि नै अन्तरपार्टी महिला सञ्जालले पूर्ण समानुपातिक निर्वाचन प्रणालीलाई साझा अवधारणा वनाएर पटक पटक राजनीतिक दल लगाएत संवन्धित निकायको ध्यानाकर्षण गराएको व्यहोरा पुनः स्मरण गराउदै जनसख्याको आधारमा समानुपातिक समावेसि प्रतिनिधित्व सापेक्षित रुपमा सुनिश्चित गर्न **हाम्रा मागहरु निम्न अनुसार रहेका छन् ।**

१) समानुपातिक तर्फ नामावलि सूचिकृत गर्दा अन्तिम जनगणनाको आधारमा जनसंख्याको उपस्थिति अनुसार महिलाबाट पहिलो उम्मेदवारको नाम राख्ने र बन्द सूचिको अन्तराष्ट्रिय परम्परा अनुसार प्रतिनिधित्व गराउँदा निर्वाचन आयोगमा पेश गरेकै सूचिको क्रम अनुरुप निर्वाचित गर्ने व्यवस्था गरियोस ।

२) यदि संविधान सभाका चार प्रमुख दलहरु बिच भएको सहमति अनुसार नै निर्वाचन प्रणाली कायम गर्ने हो भने पहिलो हुने निर्वाचित हुने निर्वाचन तर्फ दलहरुले पटक पटक प्रतिवद्धता जाहेर गरे अनुरुप सबैको पहिचान, समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्ने र महिला, दलित र अल्पसंख्यकको उचित प्रतिनिधित्वको लागि विशेष व्यवस्था गर्ने कुरा उल्लेख भए बमोजिम परिणाममै महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न भूगोल र जनसंख्याको आधारमा तय गरिने १६५ निर्वाचन क्षेत्रहरु मध्य ८३ वटा निर्वाचन क्षेत्रहरु महिलाहरु विच प्रतिस्पर्धा हुने गरि निर्धारण गरियोस ।

३) राष्ट्रिय सभामा पनि महिला र पुरुषको प्रतिनिधित्व वरावरी संख्यामा गरियोस ।

४) सर्वदलिय राष्ट्रिय सरकार निर्माण गर्दा महिलाहरुको न्यूनतम ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरियोस ।

५)नयाँ संविधानको घोसणा पश्चात् राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुखको निर्वाचन रुपान्तरित व्यवस्थापिका-संसदबाट गर्दा कायकालको हिसावले महिला र पुरुष आलो पालो हुने व्यवस्था गर्नुको साथै ३ वटा प्रमुख पदमा फरक लिङ्गको व्यक्ति हुने व्यवस्था गरियोस ।

६) केन्द्र देखि स्थानीय निकाय सम्मका राजनीतिक संयन्त्र, विपद व्यवस्थापन समिति लगायत अन्य समितिहरु निर्माण गर्दा महिलाहरुको न्यूनतम ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरियोस ।

..................

महासचिव

कल्याणी रिजाल

..................

अध्यक्ष

शशि श्रेष्ठ

# उपस्थिति तालिका

| क्र.सं. | नाम | पद | पाटी | दस्तखत |
|---|---|---|---|---|
| १ | शशी श्रेष्ठ | अध्यक्ष | एनेकपा माओवादी | |
| २ | ममता गिरी | उपाध्यक्ष | नेकपा एमाले | |
| ३ | कल्याणी रिजाल | महासचिव | नेपाली काँग्रेस | |
| ४ | बसन्ती झाँ | सचिव | तमलोपा | |
| ५ | राधाकुमारी कायस्थ | कोषाध्यक्ष | सदभावना पार्टी | |
| ६ | मीना पाण्डे | स्टेरिङ्ग कमिटी सदस्य | नेपाली काँग्रेस | |
| ७ | यशोदा सुवेदी | स्टेरिङ्ग कमिटी सदस्य | नेकपा-माओवादी | |
| ८ | प्रतिभा राणा | स्टेरिङ्ग कमिटी सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| ९ | रेणु यादव | स्टेरिङ्ग कमिटी सदस्य | मधेसी जनअधिकार फोरम | |
| १० | उमा रेग्मी | सदस्य | नेपाली काँग्रेस | |
| ११ | राधा ज्ञवाली | सदस्य | नेकपा एमाले | |
| १२ | सावित्रा भूसाल | सदस्य | नेकपा एमाले | |
| १३ | ओनसरी घर्ती | सदस्य | एनेकपा माओवादी | |
| १४ | कल्पना धमला | सदस्य | एनेकपा माओवादी | |
| १५ | नीना भेटवाल | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| १६ | सहनाज रहमान | सदस्य | मधेसी जनअधिकार फोरम | |
| १७ | पुष्पा ठाकुर | सदस्य | तमलोपा | |
| १८ | नीलम के.सी. | सदस्य | नेकपा माले | |
| १९ | जनक चालिसे | सदस्य | नेकपा माले | |
| २० | लक्ष्मी साह | सदस्य | नेकपा संयुक्त | |
| २१ | नीलम वर्मा | सदस्य | राष्ट्रिय मधेस समाजवादी पार्टी | |

# राष्ट्रिय सूचना आयोग

च.नं.- ७६३

प्रमुख सूचना आयुक्त

नेपाल सरकार
राष्ट्रिय सूचना आयोग
२०६५

मिति :– २०७१।१०।४

सम्माननीय अध्यक्षज्यू,

संविधानसभा ।

विषय :– सूचनाको हकको प्रत्याभूति सम्बन्धमा ।

लोकतन्त्रको प्राणवायुका रुपमा रहेको आम नागरिकको मौलिक हकको प्रत्याभूतिका लागि संविधान सभा, यस आयोग लगायत सबै पक्ष र क्षेत्रबाट निरन्तर पहल भैरहेको अनुभूत गरिएको छ । यस सन्दर्भमा आयोगका तर्फबाट विशेषगरि संविधान सभा र यहाँको अटल प्रतिबद्धता प्रति हार्दिक आभार प्रकट गर्दछौ ।

राष्ट्रिय सूचना अयोगको मिति २०७१।९।३० गतेको वैठकले वर्तमान अन्तरिम संविधान, २०६३ को धारा २७ मा उल्लेखित "सूचनाको हक: प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ ।" भन्ने प्रत्याभूतिलाई थप मजबुत हुने गरी आगामी संविधान निर्माणमा यस विषयलाई समावेश गर्न संविधानसभाका सम्माननीय अध्यक्षज्यू मार्फत संविधानसभामा अनुरोध गरी पठाउने निर्णय भएकोले सम्माननीय अध्यक्षज्यू समक्ष यो पत्र प्रेषित गरेको छु ।

आम नागरिकको सूचनाको हकसम्बन्धी संविधान प्रदत्त हकको प्रचलन, संरक्षण र प्रवर्द्धनका लागि आगामी संविधानमा यस प्रयोजनका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ । उक्त आयोगमा छुट्टै ऐनले निर्धारण गरे बमोजिम प्रमुख सूचना आयुक्त र आवश्यक संख्यामा सूचना आयुक्तहरु रहने छन् । हालको सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा उल्लेखित आयोगको अधिकार क्षेत्रलाई बढोत्तरी गर्ने गरी आयोगको काम, कर्तव्य र अधिकार छुट्टै कानुनद्वारा तय गरिनेछ । आम जनताको सूचना माग्ने र पाउने सम्बैधानिक हकसंग बाझिएका सबै कानुन स्वत: बाझिएका हदसम्म निष्कृय हुनेछ र यस सम्बन्धमा कुनै विवाद भएमा सूचनाको हकसम्बन्धी ऐन नै लागू हुनेछ भनी थप स्पष्टता हुने गरी राष्ट्रिय सूचना आयोगको व्यबस्था संविधानको एउटा छुट्टै भागमा समावेश गरिदिने प्रवन्ध हुन समेत संविधानसभाका सम्माननीय अध्यक्षज्यू मार्फत संविधानसभा सदस्यज्यूहरु संग आयोगको तर्फबाट हार्दिक अनुरोध गर्दछौ ।

(कृष्णहरि बाँस्कोटा)

प्रमुख सूचना आयुक्त

व्यवस्थापिका-संसद सचिवालय